सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




नारी
मासिकको
पुस अंक

● वर्ष १४ ● अंक ३२ ● काठमाडौं, शुक्रबार, पुस १८, २०६५ ● **SAPTAHIK** ● Nepali National Weekly ● Friday, Jan 2, 2009 ● पृष्ठ २४ ● मूल्य रु. ८/-



# साइबर क्याफे

## सरकारको निसाना बन्दैछ

● **शिव मुखिया**

काठमाडौं- साइबर क्याफेमा अश्लील साइटहरू त हेरिरहनुभएको छैन ? च्याट र इन्टरनेटको माध्यमबाट कसैलाई धम्क्याइरहनुभएको छ ? होसियार, तपाईंको निगरानी प्रहरीले गरिरहेको हुनसक्छ। 'हामी कुनै पनि साइबरमा जुनसुकै बेला खोजतलास गर्न सक्छौं,' महानगरीय प्रहरी परिसर हनुमानढोकाका प्रहरी निरीक्षक सीताराम रिजालले भने- 'साइबर अपराध नियन्त्रणका लागि प्रहरीले यस्तो सक्रियता बढाएको हो।'

सञ्चार प्रविधिले व्यापकता पाउँदै जाँदा यसैलाई माध्यम बनाएर आपराधिक गिरोहहरू सक्रिय हुने तथ्यहरूका आधारमा प्रहरीले साइबर क्याफेमा कडाइका साथ निगरानी गर्न थालेको हो। साइबर क्याफेको क्याबिन भत्काउने, इन्टरनेट प्रयोगकर्ताको विवरण राख्नेलगायत यही माध्यम अपनाएर गरिने अपराधजन्य गतिविधि नियन्त्रणका लागि प्रहरीले हात बढाएको छ। त्यसैले वर्जित गरिएका कुनै पनि क्रियाकलाप गरे इन्टरनेट प्रयोगकर्ता प्रहरीको फन्दामा पर्न सक्छन्।

आपराधिक गतिविधि नियन्त्रणका लागि राजधानीका डान्स रेस्टुरेन्टपछि प्रहरीले दोस्रो निसाना बनाएको हो- साइबर क्याफे तर साइबर अपराध नियन्त्रणका लागि डान्स रेस्टुरेन्टमा अपनाइएको प्रहरी रणनीति सफल हुन नसक्ने बताइन्छ। यसका लागि प्रहरीले ठूलै चुनौती सामना गर्नुपर्ने सम्बन्धित विज्ञहरूको दाबी छ। 'साइबर अपराधले यससँग सम्बन्धित व्यापक क्रियाकलाप समेट्छ' नेपाल इन्टरनेट प्रदायक संघका अध्यक्ष पवन शाक्य भन्छन्- 'साथै यी सबै अपराध पहिचान गर्न नेपालको प्रविधि पर्याप्त नहुन सक्छ।' त्यसो त साइबर अपराधका विषयमा प्रहरी स्वयम् पनि स्पष्ट छैन। यसका लागि सम्बन्धित क्षेत्रमा दक्ष जनशक्तिको अभाव पनि प्रहरीले महसुस गरेको छ। हाल नेपाल प्रहरीले अस्ट्रेलिया फेडरल पुलिस र हङकङ कम्प्युटर फरेन्सिकसँग साइबर अपराधका बारेमा परामर्श लिइरहेको छ। साइबर अपराध नियन्त्रणका लागि हाल छुट्टै साइबर सेलको स्थापना समेत भएको छ। सेल स्थापनापछि प्रहरीले साइबर अपराधको क्षेत्रमा केही महत्त्वपूर्ण सफलता समेत हात लागेको बताएको छ। सेलले केही हप्ताअघि नक्कली क्रेडिड कार्ड बरामद गरेको थियो। त्यस्तै अपरिचित समूहले सरकारी साइटहरू ५२ पटकसम्म ह्याक गरेको पत्ता लागेको थियो। 'सेल अन्तर्गत ह्याक गरिएका व्यक्तिगत इमेल आइडी पुनः सञ्चालनमा ल्याउन पनि हामी सफल भएका छौं' एक प्रहरी अधिकृतले बताए- 'यद्यपि हामीले अहिले प्राविधिक रूपले सक्षम एन्टी क्राइम युनिटको आवश्यकता महसुस गरेका छौं।'

नेपालमा साइबर अपराधसम्बन्धी नियमावली बनिसकेको छ तर त्यसको कार्यान्वयन हुन सकेको थिएन। 'हामीले तिनै नियमावलीलाई फलो गरिरहेका छौं' प्रहरी निरक्षिक रिजालले भने। केही समयअघि साइबर अपराध नियन्त्रणका लागि तत्कालीन प्रमुख सर्वेन्द्र खनालले राजधानीका साइबर सञ्चालकहरूको भेला गराएका थिए। भेलामा उनीहरूले साइबर अपराध नियन्त्रणका लागि प्रहरीको मिसनमा आफूहरूले पनि साथ दिने प्रतिबद्धता

**बाँकी पृष्ठ १८ मा**






# सांस्कृतिक गरिमाबीच मिस नेवाः

**साप्ताहिक समाचार**

काठमाडौं- गत मंगलबार प्रज्ञाभवनको प्रेक्षालयमा एउटा बेग्लै किसिमको चहलपहल देखिन्यो। दर्शकदीर्घाको व्यग्रतालाई मेट्दै बिस्तारै मञ्चको पर्दा खुल्दै जान्छ र प्रत्यक्ष रूपमा धिमे बाजा बज्न थाल्छ। दर्शकदीर्घाबाट हाकुपटासीमा



सजिएका हातमा कलः र अन्ती बोकेका ३४ नेवार युवतीहरू धिमेबाजाको तालमा मञ्चमा प्रवेश गर्दै आकर्षक नृत्य प्रस्तुति दिन थाल्छन्। मञ्चमै 'धुन्याँ' पनि घुम्न थाल्छ। रोहिया महर्जनको डान्स कोरियोग्राफीमा यो नृत्यपछि नेवार परम्पराअनुसार अन्डा र माछा तथा पालमा रक्सीसहित 'सगुन' दिएर कार्यक्रमका निर्णायक मण्डली, प्रमुख अतिथिलगायत अन्य विशिष्ट पाहुनाहरूलाई स्वागत गरिन्छ।

आईईसी डिजाइनिङ संस्थाका डिजानरहरूले तयार पारेका आकर्षक डिजाइनका सुन्दर इभिनिङ गाउनमा सजिएका एवं राजु नापितको नेपाल भाषा प्रशिक्षणबाट खारिएका प्रतिस्पर्धीहरूले पालैपालो नेपाल भाषामै आ-आफ्नो परिचय दिएसँगै परिचयात्मक राउन्डले गति लियो। त्यसपछिको बेस्ट ड्रेस राउन्डको आकर्षणले कार्यक्रम अझ दर्शनीय बन्यो। नेवार परम्परा, कला-संस्कृति झल्काउने परम्परागत एवं परिमार्जित पहिरन शैलीहरूमा रोजिन शाक्यको कोरियोग्राफीमा प्रतिस्पर्धीहरूले आकर्षक ढंगमा बिरालो चालमा आफूहरूलाई प्रस्तुत गरेका थिए। प्रतियोगितात्मक कार्यक्रमको ढाँचाअनुसार उत्कृष्ट १५ हुँदै उत्कृष्ट ७ जनाले अन्तिम चरणमा प्रवेश पाए। समय-परिस्थितिअनुसार हाम्रो संस्कृति-परम्परामा परिवर्तन एवं परिमार्जन गर्नु जरुरी छ कि छैन भन्ने निर्णायक प्रश्नको सटिक जवाफ दिँदै अन्ततः २५ हजार नगद पुरस्कारसहित नेप्लिज फेसन होमको आयोजनामा सम्पन्न चौथो मिस नेवाः प्रतियोगिताको उपाधि विजेताका रूपमा आकाशा बज्राचार्य छनौट भइन्। आकाशालाई गत वर्षकी विजेता सुप्रिया तुलाधरले विजेताको ताज पहिन्याइदिइन्। यसैगरी १५ हजार नगद पुरस्कारसहित सिर्जना महर्जन फस्ट रनरअप तथा १० हजार नगद पुरस्कारसहित सिर्जा श्रेष्ठ सेकेन्ड रनरअप घोषित भए।

सञ्जय महर्जन र सुविता राईको संयोजनमा सम्पन्न मिस नेवाः प्रतिस्पर्धामा प्रस्तुत गरिएका अन्य गीत-संगीत र नृत्यका खुराक पनि उत्तिकै मनोरञ्जनपूर्ण थिए। गायक दीपक स्वप्नीले दोलखाली भाषामा गाएको गीतले दर्शकदीर्घाबाट राम्रै स्याबासी पाए। प्रतियोगितामा रोजिताले शाक्य बेस्ट ड्रेस, मनिशा श्रेष्ठले फ्रेन्डसीप, प्रेक्षा उदासले पर्सनालिटी, मनिशा महर्जनले चार्मिङ, शर्मिला महर्जनले स्माइल, कृषा श्रेष्ठले डिसिप्लिन, सुशीला श्रेष्ठले फोटोजेनिक, नीलिमा रञ्जितले हेयर, सानुमैया महर्जनले ट्यालेन्ट तथा कृषा महर्जनले नेपाल भाषा एवं बेस्ट स्किनको एवार्ड जिते।



## सम्पादकीय

# समाधान गर ऊर्जा संकट

नेपालमा बिजुलीको पहिलो प्रयोग भएको यसै वर्ष १ सय वर्ष पुगेको छ। बितेको १ सय वर्षमा विश्वको परिदृश्यमा व्यापक परिवर्तन आइसकेको छ। यो अवधिमा हाम्रो मुलुकले पनि ठूलै काँचुली फेरेको छ, तर नेपालको भौतिक विकासका उपलब्धिहरू व्यवहारमा कम र कागजमा बढी देखिएको छ भन्ने कुरा मुलुकले अहिले बेहोरिरहेको ऊर्जा संकटले देखाएको छ। ऊर्जाको प्रमुख स्रोत मानिने जलविद्युत्को क्षेत्रमा विशेषज्ञहरूले नेपाललाई संसारकै धनी भनेर व्याख्या गरेको पनि दशकौं बितिसकेको छ, तर पनि नेपाली जनता अूध्यारोमै छन्। बितेको एक दशकयता मुलुकमा बढ्दै गएको औद्योगिकीकरण, व्यवसायीकरण एवं सहरीकरणले ऊर्जाको माग ह्वात्तै बढाएको छ। जुन अनुपातमा ऊर्जाको माग बढेको छ त्यो अनुपातमा ऊर्जा उत्पादन हुन नसक्दा अहिले मुलुकले अकल्पनीय ऊर्जा संकट बेहोर्नुपरेको छ। के घर, के कारखाना, के व्यापार, के अस्पताल, के विद्यालय सबैतिर ऊर्जा संकटको प्रभाव देखिन थालेको छ। अहिले दैनिक १२ घन्टासम्म पुगेको लोडसेडिङका कारण औद्योगिक उत्पादन आधाभन्दा बढी घट्न पुगेको छ भने त्यसको प्रभाव मानिसको दैनिकीमा देखिन थालेको छ। आगामी फागुनसम्ममा लोडसेडिङको अवधि दैनिक १८ घन्टा पुग्ने विद्युत् प्राधिकरणको घोषणाले नेपाली जनता थप त्रस्त छन्।

ऊर्जा संकट भयावह हुँदै जाँदा सरकारले त्यसको समाधानका लागि ज-जस्ता उपाय अवलम्बन गर्नुपर्थ्यो त्यस्तो उपायको खोजी हुन नसकेको हामी सबैले महसुस गर्दै आएका छौं। विगतमा कुनै पनि ठूला प्रकृतिको जलविद्युत् आयोजनाको निर्माण-प्रक्रियालाई अघि बढाउँदा राजनैतिक दलहरू (खासगरी कम्युनिस्ट खेमाका) ले राष्ट्रघात भएको र नेपाल ठगिएको नाममा अवरोध पुऱ्याउँदा समयमै कतिपय आयोजना निर्माण हुन सकेनन्, जसको परिणति अहिले हामी भोगिरहेका छौं। अहिले पनि ऊर्जा संकट समाधानका लागि तात्कालिक उपायका रूपमा सुझाइएका कतिपय योजना विवादमा परेका छन्। यो अवस्थामा मुलुकको ऊर्जा संकट निकट भविष्यमै समाधान हुन्छ भन्ने आशा देखिएको छैन। वर्तमान सरकारले ऊर्जा संकट समाधानका लागि अगाडि सारेका कतिपय योजना हचुवा देखिएका छन्। १० वर्षमा १० हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने सरकारको महत्त्वाकांक्षी योजना सार्वजनिक भए पनि त्यसका लागि एउटा सिन्कोसम्म भाँच्ने काम भएको छैन। भएका जलविद्युत् आयोजनाहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने अल्पकालीन विकल्पलाई समेत सरकारले कार्यान्वयन गर्न सकेको छैन। अहिले रहेका कतिपय आयोजना उत्पादन युनिटमा देखिएको खराबीका कारण कुनै पनि बेला बन्द हुने अवस्थामा छन्। त्यस्ता उत्पादन युनिटहरूलाई चुस्त-दुरुस्त राखेर ऊर्जा समाधानको बाटो पहिल्याउनुको साटो नयाँ-नयाँ योजनाका हावादारी विकल्प अगाडि सार्ने काम मात्र भएका छन्। यो स्थितिमा मुलुकको ऊर्जा संकट चाँडै समाधान हुन्छ भन्ने कुनै आधार देखिँदैन। मुलुकलाई अहिलेको ऊर्जा संकटबाट मुक्ति दिलाउने ठोस उपायहरू अवलम्बन गर्नुको कुनै विकल्प देखिँदैन। त्यस्तो उपाय भनेको तत्कालका लागि बिजुली आयात र भएका विद्युत्गृहहरूलाई पूर्णक्षमतामा सञ्चालन गर्न आवश्यक मर्मत-सुधार गर्नुपर्छ। त्यसो हुन सक्यो भने मात्र जनताले ऊर्जा संकटको आंशिक समाधान पाउन सक्छन्। यसतर्फ सरकारले चाडोभन्दा चाँडो कदम चाल्नुपर्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।

*सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

## फर्निचर मार्गको दुर्दशा

भक्तपुर च्याम्हासिंह र जगाती जोड्ने फर्निचर मार्ग ज्यादै जीर्ण भएको छ। गत वर्ष चार पटक मर्मत गरिएको उक्त सडक ठेकेदारका कारण बारम्बार खाल्डाखुल्डी पर्ने गरेको हो। पछिल्लो पटक गत असोजमा मर्मत गरिएको उक्त सडक एक साता नबित्दै पिच उप्किन थालेको थियो। एक महिनापछि अहिले भने फेरि मर्मत गर्ने अवस्थामा छ।

बाटो मर्मत गर्दा खाल्डाखुल्डी पुर्न रोडा ढुङ्गा प्रयोग नगरी माटो र फोहर पदार्थ प्रयोग गर्ने गरिएको छ। ठेकेदारले राजनैतिक दलहरूलाई चन्दा दिने भएकाले पनि कुनै नेता वा कार्यकर्ताले सडकप्रति वास्ता गरेका छैनन्। पर्यटकीय गन्तव्य नगरकोट जाने बाटोमा पर्ने यो मार्गको अव्यवस्थाले पर्यटकहरूमा नकारात्मक सन्देश पुगेको छ। पर्यटक वाहनलगायत स्थानीय स्तरमा चल्ने सम्पूर्ण सवारी साधनलाई असजिलो भैरहँदा पनि सडक निर्माण गर्ने सरकारी निकाय सडक विभाग मौन छ।

हालका दिनमा यही सडक भएर देशका ठूला नेता तथा सरकारी कर्मचारीहरू नगरकोटका होटलमा सेमिनार तथा गोष्ठीमा भाग लिन जाने गरेका छन। आफूले प्रयोग गर्ने बाटो त ठीक स्थितिमा राख्न नसक्ने नेताहरूले कसरी देशको भलो गर्न सक्लान् ?

**–रविन राचलिका**

## चिठीपत्र



## गणतान्त्रिक नेपालको नाटक

नेपालको नयाँ राजनैतिक परिवर्तनसँगै हाम्रो परम्परा एवं संस्कृतिका धरोहरहरू लुटिएका छन्। विभिन्न सांस्कृतिक धरोहर एवं महत्त्वपूर्ण स्रोत-साधनहरूको आवश्यक संरक्षण हुनुको साटो बाध्यातात्मक रूपमा लोप गराउने वा पलायन गराउने प्रयत्न वर्तमान सरकार एवं त्यससँग सम्बद्ध निकायहरूबाट नयाँ परिवर्तनको नाममा भएका छन्।

बहुजाती, बहुभाषी एवं बहु संस्कृतिको यो देशमा आज कसैले चाहेर पनि आफ्नो इच्छानुसारको पहिचान दिन पाइरहेको छैन। के यही हो जातीय, भाषीय अनि सांस्कृतिक स्वतन्त्रता र अधिकार ? किन दलित र जनजातिको उत्थान र विकासको नाममा उच्च भनिने अन्य जातिहरूको आफ्नो संस्कृति र परम्परालाई धक्का दिने काम भएको छ ? यस विषयमा कसैको ध्यान गएको छ ? आज समाजका पुराना र अनुभवी समाजसेवी एवं शिक्षासेवीहरूलाई विस्थापन गर्ने काम भएको छ।

अहिले माओवादी नेतृत्वमा सरकार गठन भएपश्चात् गाउँहरूमा परम्परागत पूजापाठ, भजन-कीर्तन तथा पुराणजस्ता धार्मिक कार्यहरू गर्न पनि अनुमति लिनुपर्ने अवस्था छ। समाजमा पुराण भन्ने पण्डित पिटिनुपरेको छ। पूजा गर्ने पुजारी पिटिनुपरेको छ। श्राद्ध गर्ने ब्राह्मण र जजमान दुवै पिटिनुपरेको छ। कुनै जातिविशेषको कुलायन तथा देवीका मन्दिरहरूमा बधशाला तथा शौचालय बनाएर आमूल परिवर्तनको नाममा धर्म-संस्कृति नष्ट गर्ने कुप्रयास गरिएको छ। देवीदेवताका मन्दिरहरूलाई सहिद गेटका रूपमा परिवर्तन गरिएको छ। समाजमा न्यायनिसाफ र अधिकार पाउन वाईसीएल नै हुनुपर्ने बाध्यता छ। विभिन्न प्रतिभा पलायन भएका छन्। गाउँ विगतमा दुई बन्दुकको डरले आतंकित थियो भने अहिले भय र त्रासले आतंकित भएको छ।

सरकारी विद्यालयहरू समुदायलाई जिम्मा लगाएपछि शिक्षामा पनि राजनीतिकरण भएको छ। जिल्लाका ९५ प्रतिशत विद्यालयमा वाईसीएल कार्यकर्ता नै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अन्य पदाधिकारी रहेको पाइन्छ। ग्रामीण तहहरूमा राज्यबाट विनियोजन हुने विभिन्न शीर्षकका बजेट एवं रोजगारीका अवसरहरू पनि राजनैतिक भर्तीकेन्द्र भएका छन्। शिक्षा, स्वास्थ्य, सिंचाइ, विद्युत्, वन, जलस्रोत, सञ्चार तथा अन्य विभिन्न विकास-निर्माणका कार्यक्रमहरूमा पनि राजनैतिक प्रतिशोधका आधारमा हस्तक्षेप गरिएको छ भने कसरी स्वतन्त्रताको अनुभव गर्ने गणतन्त्र नेपालका जनताले ?

अहिले केन्द्र र जिल्लाले गरेका महत्त्वपूर्ण निर्णयहरूलाई समेत राजनैतिक आस्था र प्रतिशोधका आधारमा उल्ट्याउने, जनता आतंकित पार्ने, निर्दोषलाई दोषी सावित गराउने तथा अप्रत्यक्ष घूस खाएर काम गर्ने अनि अनावश्यक यातना दिएर जनता तर्साउने परिस्थितिको विकास भएको छ। यस्तो पीडाले भरिएको परिस्थिति उजागर गर्न मिडिया समेत राजनैतिक साँठगाँठविना गाउँमा पुग्न सक्ने अवस्था छैन। यस्तो अवस्थामा पनि कसरी लोकतन्त्र, स्वतन्त्रता र मानवअधिकारको प्रत्याभूति होला ?

**–वासुदेव देवकोटा, गोरखा**

## तीतो सत्य

पीडा भन्ने शब्दलाई छोएर त हेर त्यसभित्र कति पीडा छ ?

**–डिबि रक**

मीठा बोलीहरू प्रायः झूठा हुन्छन्, देखिएका कुराहरू पनि असत्य हुन सक्छन्, त्यसैले जे कुरा भोगिन्छ यथार्थमा त्यही सत्य हुन्छ।

व्यापारीसँग काम गरिरहनुभएको छ भने कुनै दिन उसको तराजुमा आफैंलाई पाउनुहुनेछ।

आफैलाई खाली सिसी सम्झनु नै सम्झौताको अन्तिम विन्दु हो।

**–दुर्गा मगर**

सत्यमा अविश्वास र असत्यमा विश्वास हुन सक्दैन किनभने यो संसार नै सत्यमा अडिएको छ।

असत्यको जित जालझेल र छलकपटले हुन्छ भने सत्यको जित इमान्दारिता, अनुशासन र लगनशीलताले हुन्छ।

असल मित्र त्यही हो जसले दुःख र आपत् परेको बखत साथ दिन्छ, हात बढाउँछ र सहयोग गर्छ।

हरेस खाएर सफलता मिल्दैन, हिम्मत हारेर संघर्ष गरिँदैन, डरपोक बनेर अघि बढिँदैन र लाटो भएर शिखर चढिँदैन।

**–अक्षोभ केसी, पनौती**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

***–सम्पादक***

## सहर चर्चा



# विद्यार्थी सांसद

सचि रिजाल संविधानसभामा निर्वाचित भएकी होइनन्, यद्यपि उनी विद्यार्थी सांसदका रूपमा परिचित छिन्। 'विद्यार्थी सांसदः नेपालको पुनर्संरचना' नामक संस्थाकी अध्यक्ष सचिले कोसीको बाँध भत्कँदा विस्थापित भएका परिवारहरूका लागि घर निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलिन्। 'गर्छु भन्ने सोच भएपछि पैसा आफैं जुट्दो रहेछ।' कोसीपीडितलाई सहयोग गर्न काठमाडौंका विद्यालय चहारेर एक दिनको खाजा खर्च माग्दै हिँडेकी सचिले भनिन्, 'काठमाडौंका विद्यार्थीले पैसा दिए, सुनसरीका विद्यार्थीले श्रमदान गरे।' करिब ६ लाख ४० हजार खर्चेर कोसी विस्थापितलाई ९५ वटा घर हस्तान्तरण गरेकी सचिको कामबाट प्रभावित भएर वर्ल्ड नाइभर नामक संस्थाले कार्यस्थलमै २ लाख २६ हजार ५ सय रुपैंया सहयोग गऱ्यो।

कराँतेकी ब्लाक बेल्ट सचि आफ्नो अध्ययन खर्च जुटाउन विद्यालयहरूमा कराँते प्रशिक्षण दिन्छिन्। अंग्रेजीमा स्नातकोत्तर गरेपछि पनि उनको अध्ययन रोकिएको छैन। सचि अहिले नेपाल कानुन क्याम्पसमा एलएलबी अध्ययन गरिरहेकी छिन्। दुई वर्षअघि सामाजिक क्षेत्रमा हात हालेकी सचिले देशभरिका विद्यार्थीलाई सामाजिक काममा संलग्न गराउन सदस्य बनाइरहेकी छिन्। 'विद्यार्थीहरू तोडफोड, बन्द मात्र गर्छन् भन्ने भ्रम हटाउन चाहन्छु।' सचिले भनिन्, 'विद्यार्थीको चिन्ता देश बनाउनेतर्फ छ, उनीहरूलाई सानो उमेर भनेर कम आँक्न मिल्दैन।'

## सहर चर्चा

# निकिता लामा

नाम कमाउने धुनमा निकिता लामा मोडलिङको संसारमा आइपुगेकी छिन्। उनलाई मोडलिङलाई नै पेसा बनाएर जीवनयापन गर्न सकिँदैन भन्ने कुरा राम्रोसँग थाहा छ, तर पनि उनी प्रतिष्ठा र चर्चा बटुल्ने धुनमा मोडलिङमा होमिएकी हुन्। १९ वर्षीया निकिता ग्ल्यामर उद्योगलाई हेर्ने दृष्टिकोण फेरिन नसकेकोमा थोरै दुःखी पनि छिन्। विचार फराकिलो भएकै कारण उनी कुरा काट्नेहरूको कुनै मतलब राख्दिनन्। तीन वर्षअघि पोखरामा भएको डिजाइन फ्लेसमा क्याटवाक गरेपछि उनको मोडलिङको यात्रा प्रारम्भ भएको हो।

मोडलिङलाई नै निरन्तरता दिने सोच बनाएकी निकिताको लक्ष्य ब्युटीसियन बन्ने हो। निकिता फिस्स दन्तलहर खोलेर हाँस्दा अझ सुन्दर देखिन्छिन्। उनी भावना बुझ्ने आकर्षक व्यक्तित्व भएको पुरुष आफ्नो जीवनसाथी होस् भन्ने चाहना राख्छिन्। लभ्लीपोखरा डटकम तथा पोखरासिटी डटकममा फोटोसेसन गरिसकेकी निकिता मोडलिङमा ग्ल्यामर आवश्यक छ भन्ने मान्यता राख्छिन्।




## मुखाले

सत्ताभित्रै पनि गलत तत्त्व छन्। हरेक राजनैतिक दलमा गलत तत्व छन्।

**–हिसिला यमी, मन्त्री, पर्यटन तथा नागरिक उड्डयन**

माओवादी एक्लैले नयाँ संविधान निर्माण सम्भव छैन।

**–गगन थापा**
**युवा नेता, नेपाली कांग्रेस**

सामन्त र दरिबारियाको घरजग्गा फिर्ता गरिँदैन।

**–दिनानाथ शर्मा**
**प्रवक्ता, नेकपा माओवादी**

प्रचण्डले भनून् वा गिरिजाप्रसादले, सामन्तीहरूको जग्गा फिर्ता हुँदैन।

**मातृका यादव**
**नेता, नेकपा माओवादी**

सरकारको विकल्प खोज्नुपर्छ।

**महन्थ ठाकुर, अध्यक्ष, तमलोपा**

माओवादी सेनालाई नेपाली सेनामा गाभ्ने कुरामा फोरम कहिल्यै सहमत हुँदैन।

**–उपेन्द्र यादव, परराष्ट्र मन्त्री**

माओवादीको नियतमै गम्भीर आशंका छ, विश्वसनीयताको ठूलो खडेरी परेको छ। यो स्वयं माओवादीका निम्ति चिन्ताको विषय बन्नुपर्छ।

**–माधवकुमार नेपाल**
**नेता, नेकपा एमाले**

माओवादीलाई सीधै जर्नेल बन्न दिइन्न।

**–लक्ष्मण घिमिरे**
**नेता, नेपाली कांग्रेस**

# वर्षका चर्चित व्यक्तित्व





**बाराक ओबामा**

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति बाराक ओबामालाई टाइम पत्रिकाले यस वर्षको 'वर्ष व्यक्ति' घोषित गरेको छ । पत्रिकाका अनुसार अप्ठेरो परिस्थितिमा उनी अमेरिकी जनताका लागि आशाका किरण समान छन् । अहिलेको असहज परिस्थितिबाट ओबामाले आफूहरूलाई बाहिर निकाल्छन् भन्ने विश्वास अमेरिकी जनतालाई भएको टाइम पत्रिकाले उल्लेख गरेको छ । दुई वर्षअघि मात्र अमेरिकाका आधाजसो जनताले नाम नसुनेका ओबामा अहिले सार्वजनिक जीवनमा छाएका छन् । टाइम पत्रिकाको अन्तर्राष्ट्रिय संस्करणका सम्पादक मिसेल इलियट भन्छन्– 'बाराकको कथा सामान्य छैन । उनले जकार्तादेखि डब्लिन र ओहायोदेखि लिएर न्युर्यामिस्फियरसम्म सबैलाई प्रभावित गरे ।' पछिल्लो दुई वर्ष टाइमको आवरणमा मात्र ओबामाको तस्बिर १५ पटक प्रकाशित भएको थियो । यो कुनै पुरस्कार नभएर विश्वमा हुने घटनालाई प्रभावित गर्ने व्यक्तिलाई वर्ष व्यक्ति घोषणा गरिएको टाइम पत्रिकाले जनाएको छ ।



**मुन्तादार अल–जइदी**

अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसलाई जुत्ता प्रहार गरेर एकाएक चर्चामा आएका मुन्तादार अल-जइदी कायरोस्थित टेलिभिजन स्टेसन अल बग्दादियाका इराक संवाददाता हुन् । इराक युद्धका कारण भएका विधवा, टुहुरा र बालबालिकाको पीडाका सम्बन्धमा आकर्षक रिपोर्टिङ गरेका जइदी २००८ मा दुई पटक गिरफ्तार भएका थिए । गत डिसेम्बर १४ मा आयोजित पत्रकार सम्मेलनमा बोलिरहेका अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसलाई जुत्ता प्रहार गरेर उनी विश्वभर चर्चित भए । उनले बग्दादिया टेलिभिजन स्टेसनमा २००५ देखि काम गर्न थालेका थिए । २००७ मा बग्दादका सशस्त्र समूहले उनको अपहरण गरेपछि उनी पहिलो पटक विश्वभर चिनिएका थिए ।

**झाङ यिमोउ**

बेइजिङ ओलम्पिकको उद्घाटन समारोह बेइजिङको लोकप्रिय बर्ड्स नेस्ट स्टेडियममा आयोजित गरिएको थियो । वर्षकै उत्कृष्ट समारोहका रूपमा रहेको उक्त समारोहस्थलका डिजाइनर थिए चिनियाँ चलचित्र निर्देशक झाङ यिमोउ । चिनियाँ कला तथा संस्कृतिको झलक पाइने उक्त रंगशालाको निर्माण गरेर झाङ वर्षकै चर्चित व्यक्तित्वको सूचीमा समावेश भए । बर्ड्स नेस्टका डिजाइनर झाङ विगत लामो समयदेखि चलचित्र निर्देशनमा व्यस्त छन् । विश्वका एकतिहाई दर्शकले हेरेको उक्त समारोहका कारण झाङ वर्षभरि नै चर्चामा रहे ।

**हेनरी पल्सन**

अमेरिकी अर्थमन्त्री हेनरी पल्सनलाई पनि वर्ष २००८ को चर्चित व्यक्तित्वका रूपमा छनौट गरिएको छ । टाइम पत्रिकाले उनलाई चर्चित व्यक्तित्वको दोस्रो सूचीमा राखेको छ । अमेरिकाबाट प्रारम्भ भएको आर्थिक मन्दीले वर्ष २००८ को पूर्वार्द्धलाई विश्वव्यापी प्रभाव पारिरहेको अवस्थामा हेनरी पल्सनलाई वर्ष पुरुषको दोस्रो स्थानमा राखिएको हो । अमेरिकाको बिग्रँदो अर्थतन्त्रलाई सही मार्गमा ल्याउन गरेको प्रयासका कारण उनलाई चर्चित व्यक्तित्वको सूचीमा राखिएको हो ।

**सारा पालिन**

अमेरिकाको २००८ को राष्ट्रपतीय चुनावकी उपराष्ट्रपति उम्मेदवार तथा अलास्काकी गभर्नर सारा पालिन यो वर्ष विशेष चर्चामा आइन् । आफ्ना सन्तानका कारण सञ्चारमाध्यममा छाएकी पालिन वर्षको अन्त्यमा आफ्नी हुनेवाला सम्धिनी जोनस्टनका कारण चर्चामा आइन् । पालिनकी गर्भवती छोरीकी प्रेमीकी आमा लागूपदार्थ राखेको आरोपमा पक्राउ परेपछि उनको चर्चा चलेको हो । ४२ वर्षीया ती सम्धिनीलाई प्रहरीले वासिल्लास्थित उनकै घरमा अलास्का स्टेट ट्रुप्सले पक्राउ गरेको हो ।

**फिडेल क्यास्ट्रो**

साम्यवादी क्रान्ति गरेर क्युबामा कम्युनिस्ट शासन स्थापना गरेका फिडेल क्यास्ट्रोले सत्ता सम्हालेको ५० वर्ष पुगेपछि यसै वर्ष सत्ता छाडे, तर उनको यो निर्णयले भन्दा उनले ३५ हजार महिलासँग यौन सम्पर्क राखेको समाचारले बढी चर्चा पायो । क्यास्ट्रोको जीवनमा आधारित एक वृत्तचित्रले क्यास्ट्रोले ४० वर्षसम्म हरेक दिन कम्तिमा २ जना महिलासँग यौन संसर्ग गरेको तथ्यलाई सार्वजनिक गरेको हो ।

**दामित्री मेदभेदेभ**

यो वर्ष रूसमा पनि सत्ता परिवर्तन भयो । तत्कालीन राष्ट्रपति भ्लादिमिर पुटिनको दोस्रो कार्यकाल सकिएपछि रूसी संसद् ड्युमाले पुटिनका विश्वासपात्र तथा उपप्रधानमन्त्री दामित्री मेदभेदेभलाई राष्ट्रपतिमा चयन गर्‍यो । ड्युमाको चयनलाई ७० प्रतिशत रूसी जनताले अनुमोदन गरे । राष्ट्रपति निर्वाचित भएपछि मेदभेदेभले विश्वमा रहेको तेलसंकट कम गर्न मद्दत गर्ने विश्लेषण गरिएको छ । रूस ठूला तेल खानीहरू भएको देश हो ।

**थाक्सिन सिनावात्रा**

भ्रष्टाचारको अभियोगमा दुई वर्षअघि सत्ताच्युत भएका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा १७ महिना लामो निर्वासनपछि सन् २००८ को फेब्रुअरी २९ मा स्वदेश फर्किए, तर थाक्सिनलाई विमानस्थलबाट थाई सैनिक सरकारले सीधै अदालत पुर्‍यायो । उनलाई थाई सरकारले पाँच वर्ष राजनीति गर्न नपाउने बन्देज लगायो । अदालतले उनलाई पदमा रहँदा अकूत सम्पत्ति कमाएको भन्दै छानबिनका लागि मुद्दा लगाउने निर्णय गर्‍यो । अदालतको यो आदेशपछि देशमा प्रजातान्त्रिक गतिविधि गर्न नपाइने ठहर गर्दै थाक्सिन बेइजिङ ओलम्पिक हेर्ने निहुँ बनाएर स्वेदशबाट बाहिरिए ।

**रबर्ट मुगाबे**

बेलायतबाट सन् १९७२ मा स्वतन्त्रता प्राप्त गरेयता लगातार जिम्बाब्वेको सत्तामा रहेका राष्ट्रपति रबर्ट मुगाबे यो वर्ष निर्वाचनमा पराजित भए, यद्यपि उनले सत्ता त्याग्न चाहेनन् । निर्वाचनमा कसैले बहुमत नल्याएको तथ्य उनका लागि सत्तामा कायम रहने बहाना बन्न पुग्यो । मुगाबेको जिद्दीका बावजुद पश्चिमा मुलुकहरूले उनको सरकारलाई समर्थन नगर्ने निर्णय गरेपछि जिम्बाब्वेको अर्थतन्त्र रसातलमा पुग्यो, तर पनि मुगाबे सत्तामा कायम रहे ।




नेपालको एकमात्र अत्याधुनिक Studio को Audio/Visual उपकरणमा Professional Course RJ/VJ/MC/ News Reporting, Reading, Media Marketing र Technician का
"विशिष्ट कक्षाहरू"
RJ/MC का हरेक कक्षा Most Demanded प्रशिक्षक हेम सुवेदी संग
VJ/MC का हरेक कक्षा नरेश भट्टराई द्वारा दिइने एकमात्र प्रशिक्षण केन्द्र
Oppertunity is always with U if U deserve & demand the best
Boom Media
Baghbazar, Ktm., Nepal
☎ 01-4260125
Hurry up ! Call Now or Never......

अर्जेन्ट आवश्यकता
नेपाल सरकारबाट विगत ५ वर्षदेखि मान्यता सञ्चालित संस्थालाई कर्मचारी हरुको आवश्यकता ।पार्टटाइम, फुलटाईम जबको व्यवस्था । गृहणी, विद्यार्थीले पनि गर्न सकिने ।
तलब– ९०००+गाडीभाडा
संख्या: १० महिला/६ पुरुष
योग्यता: साधरण लेखपढ, SLC +2 + above, Basic Internet
सम्पर्क: २०७३८४४, ९८४१९८८१७४
कोटेश्वर
शनिबार पनि अफिस खुल्ला रहनेछ ।

Learn Photojournalism with Chandra Shekhar Karki

•Digital Photography.
•Focus on Photojournalism.
•Guest lectures by Senior Photojournalists.
•Practicals focused on Photojournalism.
•Internship for the best student.
Contact:
Boom International
Anamnagar
016225212/9851099581

होटल तालिम विशेष छुटमा
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
2003 मा स्थापित Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम
- UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
- ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
- ६ महिने कुकमा FREE BARMAN/ ६ जनाको ग्रुपमा आउँदा १ जना FREE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
केयर गिभरका नयाँ कक्षाहरु धमाधम शुरु भैरहेको छ ।
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.कं.क्याम्पसपछिको दोस्रो घर गल्सार्क तर्फ
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पार्नी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

अर्जेन्ट आवश्यकता
NGO को सहयोगबाट संचालित प्रतिष्ठित कम्पनीलाई इमान्दार तथा मेहनती महिला कर्मचारीहरुको आवश्यकता
पारिश्रमिक: ७,०००।- सम्म
संख्या: २१ जना
योग्यता: साधारण
नोट:- महिला विद्यार्थीको लागी उपयुक्त घरमै बसी काम गर्न सकिने ।
सम्पर्क: २०७२७६६
९८४१४६०१३७
(शनिबार पनि अफिस खुल्ला रहने छ ।)

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं




# इन्फोट्रेडको भव्य आयोजना

सूचना तथा सञ्चार प्रविधिसम्बद्ध बृहत् मेला आईसीटी इन्फोट्रेड-२००९ आज प्रारम्भ हुँदैछ। आईसीटी एसोसिएसनको आयोजनामा पाँच दिनसम्म सञ्चालन हुने इन्फोट्रेडको दोस्रो संस्करण प्रदर्शनीमार्ग भृकुटीमण्डपमा आयोजित गरिएको छ।

मेलामा सूचना तथा सञ्चार प्रविधि तथा शैक्षिक क्षेत्रसँग सम्बन्धित व्यवसायी तथा संस्थाहरूले सहभागिता जनाएका छन्। आगामी बुधबारसम्म चल्ने यो मेलामा सूचना तथा सञ्चार प्रविधिअन्तर्गत ल्यापटप, डेस्कटप कम्प्युटर, मोबाइल फोन सेट, आइपड, पेनड्राइभ, सिडी-डिभिडी, हुफरलगायत मल्टिमिडिया उपकरणका पछिल्ला संस्करणहरू प्रदर्शन गरिनेछन्।

'सूचना तथा सञ्चार प्रविधि (आईसीटी) सँग आमउपभोक्ताको सम्बन्ध गाँसिएकाले यो क्षेत्रमा विकास भएका नयाँ प्रविधिहरूका बारेमा उपभोक्तालाई जानकारी गराउन इन्फोट्रेडको आयोजना गरिएको हो।' आयोजक आईसीटी एसोसिएसनका अध्यक्ष रामशरण पाण्डेले भने- 'गत वर्षको इन्फोट्रेड सफलताका साथ सम्पन्न भएकाले यसपटक पनि इन्फोट्रेड आयोजनालाई निरन्तरता दिएका हौं।'

विज्ञान तथा प्रविधि मन्त्री गणेश शाहले उद्घाटन गर्ने इन्फोट्रेडको यो संस्करणमा १२ वटा प्याभिलियनअन्तर्गत ७८ वटा कम्पनीका १ सय ३९ वटा स्टल राखिएका छन्। आईसीटी क्षेत्रमा कार्यरत स्वदेशी तथा विदेशी व्यवसायी तथा संस्थाहरूले इन्फोट्रेडमा आफ्ना पछिल्ला उपकरणलाई सार्वजनिक गर्ने मेला व्यवस्थापन समितिका संयोजक सीएन उपाध्यायले बताए। उपाध्यायका अनुसार अहिलेको युवा पुस्तालाई लक्षित गरेर कम्पनी तथा व्यवसायीहरूले उनीहरूले रुचाउने उत्पादन प्रस्तुत गर्नेछन्। 'इन्फोट्रेड वास्तवमै युवा पुस्तामा लक्षित छ' संयोजक उपाध्यायले भने- 'त्यसैले हामीले विद्यार्थीवर्गले एकै थलोमा आएर सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा प्राप्त उपलब्धिहरूका बारेमा ज्ञान हासिल गर्न सकून् भनेर उनीहरूलाई निःशुल्क प्रवेशको व्यवस्था मिलाएका छौं।' २ लाख ५० हजार दर्शकले मेला अवलोकन गर्ने अपेक्षा राखिएको इन्फोट्रेडमा अन्य सर्वसाधारणका लागि २५ रुपैयाँको टिकट लाग्नेछ।

प्रदर्शनीमा स्टल राखेका कम्पनी तथा व्यापारिक संस्थाहरूले इन्फोट्रेड अवधिभरका लागि विभिन्न स्किम तथा अफरहरू सार्वजनिक गर्दैछन्। 'हामीले देखेका ठूला उपकरणहरू खल्तीमा अट्ने आकारमा आइसकेका छन्, खल्तीमा अट्ने उच्च क्षमताका थुप्रै उपकरण यसपटकको इन्फोट्रेडमा देखिनेछन्,' अध्यक्ष पाण्डे भन्छन्-'त्यस्ता उपकरण इन्फोट्रेड अवधिमा खरिद गर्दा उपभोक्ताले छुटका अतिरिक्त उपहार पनि पाउनेछन्।' इन्फोट्रेडमा सामान साट्न पाउने अफर भएकाले उपभोक्ताले पुराना उपकरण ल्याएर नयाँ उपकरण लान पनि पाउने संयोजक सीएन उपाध्यायले बताए। बिग्रिएको वा पुरानो भएका पुराना कम्प्युटर, फोटोकपी मेसिन, फ्याक्स तथा प्रिन्टरको अहिलेको बजार मूल्य निर्धारण गरी त्यसबापतको रकम छुट गरेर नयाँ उपकरण बिक्री गरिने उनको भनाइ थियो।

व्यवस्थित शैलीमा आयोजना गरिने भनिएको इन्फोट्रेडमा अवलोकनकर्ता मूल गेटबाट छिरेपछि प्रत्येक स्टल हेर्दै बाहिरिने गेटमा पुग्नेछन्। भीड व्यवस्थापनका लागि वान वे सिस्टम लागू गरिएको उपाध्यायले बताए। त्यसैगरी मेला अवलोकन गर्न आउने आगन्तुकको मनोरञ्जनका निम्ति नियोटेरिक प्रा.लि.ले कम्प्युटर गेमिङ जोनको व्यवस्था मिलाएको छ। जहाँ बालबालिका तथा युवायुवतीहरूले भिडियो गेम खेल्न सक्नेछन्। त्यस्तै सुक्यामले टायर भित्र फुटबल छिराउन सक्षम व्यक्तिहरूलाई आकर्षक उपहारको व्यवस्था मिलाएको छ। इन्फोट्रेड अवधिभर आगन्तुकहरूलाई आफ्ना उत्पादन तथा सेवाका बारेमा जानकारी गराउन सेमिनार हलमा कम्पनी तथा व्यवसायीहरूका प्रस्तुति सञ्चालन हुने संयोजक उपाध्यायले बताए। त्यसैगरी मेलामा कान्तिपुर सिटी कलेजका विद्यार्थीहरूले विकास गरेको रोबोट पनि प्रदर्शन हुनेछ।

आयोजक आईसीटी एसोसिएसनले मेलामा संकलन गरिने पुराना कम्प्युटर तथा अन्य उपकरणको आवश्यक मर्मत गरी ग्रामीण क्षेत्रमा सूचना प्रविधिको विकासका निम्ति स्थानिय विद्यालय तथा संघसंस्थालाई हस्तान्तरण गर्ने बताएको छ। इन्फोट्रेडबाट संकलित रकम पनि सूचना तथा सञ्चार प्रविधि विकासका निम्ति खर्चिने आयोजकहरूले बताए।

**कम्प्युटर साट्न एसएमएस**

मेला अवलोकन गर्न चाहने उपभोक्ताले त्यहाँ जानुअघि एसएमएसमार्फत मेलाको जानकारी हासिल गर्न सक्नेछन्। त्यसैगरी बिग्रिएको वा पुरानो कम्प्युटर साट्न चाहनेका लागि पनि एसएमएस सुविधा उपलब्ध छ। मोबाइल म्यासेज बक्समा आईसीटी टाइप गरी ५०५० मा एसएमएस गरेपछि साट्ने सुविधा दिएका कम्पनीको मोबाइल नम्बर उपलब्ध हुनेछ। मेला संयोजक सीएन उपाध्यायका अनुसार उपभोक्ताले प्राप्त मोबाइल नम्बरमा फोन गरेर सजिलै कम्प्युटर साट्ने प्रक्रिया जान्न सक्नेछन्।

---

**विदुर खतिवडा**

# प्रविधिले बदलेको जीवनशैली

तृष्णा कट्टेलले गत साता न्युरोडबाट होम थियटर खरिद गरेर ल्याइन्। कक्षा ८ मा अध्ययन गर्ने तृष्णाले बाबा-ममीलाई पटक-पटक आग्रह गरेपछि रोजाइको होम थियटर घर भित्र्याएकी हुन्। २४ हजार रुपैयाँमा खरिद गरिएको उक्त होम थियटरबाट फुर्सदका दिनमा हेरेजस्तै घरैमा बसेर चलचित्र हेर्न पाइने, गीत सुनेर नाच्न पाइने, सबै रुममा स्पिकर राख्न पाइनेजस्ता फाइदा उनले सुनाइन्। 'होम थियटरमा भिसिडी, डिभिडीका अतिरिक्त पेन ड्राइभ घुसाएर पनि गीत सुन्न पाइन्छ,' तृष्णाले भनिन्- 'त्यतिमात्र होइन, ६ वटा स्पिकरबाट निस्किएको आवाजमा 'हुफर' को हाइबिटको मज्जा बेग्लै हुन्छ।'

प्रविधि र मानवजीवनबीच नजानिँदो सम्बन्ध विकास हुँदै गएको छ। प्रत्येक दिन विकास भैरहेका नयाँ-नयाँ प्रविधि मानवजीवनका निम्ति आवश्यक बन्दै जानुले नै प्रविधि र मानिसबीचको सम्बन्ध गाढा हुन थालेको हो। 'प्रविधिविनाको जीवनको परिकल्पना गर्न सकिन्छ त?' कम्प्युटर एसोसिएसन अफ नेपालका अध्यक्ष विप्लवमान सिंह भन्छन्- 'सामान्य उदाहरण कम्प्युटर र मोबाइल हुन्, अहिले सहरिया मात्र होइन, ग्रामीण क्षेत्रका मानिसहरू पनि यी उपकरणविनाको जिन्दगी परिकल्पना समेत गर्न चाहँदैनन्।'

प्रविधिलाई आत्मसात् नगरेको मानिस विकसित समाजका निम्ति जंगली युगमै रहेको ठहरिने भएकाले पनि यसलाई सबै मुलुक पछ्याउने क्रममा छन्। हामीजस्तो अल्पविकसित देशमा पनि प्रविधिको प्रयोग व्यावहारिक भएको उदाहरणले यसलाई स्पष्ट पार्छ। 'उच्च प्रविधियुक्त जीवन रुचाउने नेपालीको संख्या पनि उल्लेख्य रूपमा बढ्दै गएको छ।' सूचना प्रविधिविज्ञ किशोर पन्त भन्छन्- 'सबै क्षेत्रमा प्रविधि जोडिएकाले पनि प्रविधिविना अघि बढ्न नसक्ने स्थिति छ।'

अहिलेको युवा पुस्ता प्रविधिलाई बढी महत्त्व दिन्छ। 'प्रविधि अध्ययन, अनुसन्धान, अवसर सिर्जना आदिका लागि जति उपयोगी छ, त्यत्तिकै मनोरञ्जनका साधन पनि बनेका छन्,' क्यानका अध्यक्ष सिंह भन्छन्- 'त्यसैले पनि सूचना प्रविधिमा युवापुस्ता लहसिएको हुनुपर्छ।' अध्यक्ष सिंहका अनुसार आइटी (सूचना प्रविधि) बाट आईसीटी (सूचना तथा सञ्चार प्रविधि) हुँदै आईसीई अर्थात् आइस (सूचना, सञ्चार तथा मनोरञ्जन प्रविधि नामकरण भैसकेको यो क्षेत्रमा कम्प्युटर, मोबाइल, आइपोड, पेनड्राइभ, एमपीफोर, डिजिटल क्यामेरा कामका साथै मनोरञ्जनका पनि साधन बनेका छन्।

हरेक वस्तुको मूल्य बढिरहेको अवस्थामा घट्दो मूल्यले पनि प्रविधि सबैको पहुँचमा पुग्ने प्रक्रियामा छ। 'तीन वर्षअघि मैले पेन्टियम थ्रि मोडलको नोटबुक १ लाख ८० हजार रुपैयाँमा खरिद गरेको थिएँ।' लेनोभो ब्राण्डका कम्प्युटर विक्रेता जयन्त शर्माले भने- 'अहिले त्योभन्दा उत्कृष्ट नोटबुक ५० हजार



रुपैयाँमा पाइन्छ।' त्यस्तै आधा दशकअघि ५० हजार रुपैयाँ धरौटी राखेर सेवा लिन पाइने मोबाइल फोन अहिले १ हजार रुपैयाँको हाराहारीमा पाइन थालेको छ।'

'पोलिसी मेकरदेखि सडकमा पाइला चाल्नेहरूसमेत मोबाइल प्रयोगकर्ता बनेका छन्,' क्यानका अध्यक्ष सिंह भन्छन्- 'त्यसकारण बजारीकरणसँगै आएको अहिलेको ट्रेन्ड नै मोबाइल टेक्नोलोजी बनेको छ, जसको प्रयोगले मानिसले जहाँ बसेर पनि काम गर्न सक्छ।' पछिल्ला दिनमा स्मार्ट चिप 'आरएफआईडी' प्रविधिको प्रयोगलाई पनि सम्भावनाका रूपमा हेरिएको छ। आरएफआईडी यस्तो

प्रविधि बैंकिङको ट्रेन्ड पनि सुरु हुने तरखरमा छ।

केही बैंकले मोबाइल बैंकिङ सुरु गरिसकेको बताए पनि यसमा पनि दिन सकिने थुप्रै सेवा-सुविधा उपलब्ध भैसकेको स्थिति छैन। जीपीआरएस भएका मोबाइल सेटमा इन्टरनेटको सहायताले मोबाइल बैंकिङको सेवा लिन सकिन्छ। इनोभेटिभ प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत सुमन शाक्यले इनोभेटिभले सुरक्षित एसएमएसमार्फत मोबाइल बैंकिङ सेवा सञ्चालन गर्न बैंकहरूसँग साझेदारी कार्यक्रम ल्याएको बताए। हो, जसको प्रयोगले को कहाँ छ भन्ने थाहा पाउन सकिन्छ। ग्लोबल पोजिसनिङ सिस्टम (जीपीएस) टेक्नोलोजीअन्तर्गतको

आरएफआइडीको प्रयोगलाई हाल कुरियर सर्भिसहरूले प्रयोग गरेका छन्। आरएफआइडी चिप्सजडित डीएचएलबाट पठाइएको डकुमेन्ट कुन बाटो भएर कहाँ पुगेको छ भन्ने कुरा इन्टरनेटमा बसेर हेर्न सकिन्छ। आरएफआइडीलाई मोबाइलमा राखियो भने प्रयोगकर्ता आपत् परेको अवस्थामा उसलाई सहजै उद्धार गर्न सकिन्छ। यतिखेर नेपाल सरकारअन्तर्गत सञ्चालन भैरहेको इ-गभर्नेन्स मास्टर प्लानअन्तर्गत नेसनल आइडी कार्ड विकास गर्ने तयारी भैरहेको छ। स्मार्ट चिप प्रयोग गरिने यो कार्डमा नागरिकतालगायतका अन्य परिचयपत्रलाई मर्ज गरेर एउटै कार्डमा समेट्न सकिन्छ।

नेपालमा इन्टरनेट बैंकिङको अभ्यास पनि प्रारम्भ भैसके पनि त्यो प्रभावकारी हुन सकेको छैन। 'हामीकहाँ अझै पनि इन्टरनेट बैंकिङ प्रभावकारी हुन सकेको छैन,' सूचना प्रविधिविज्ञ पन्त भन्छन्- 'इन्टरनेटको प्रयोगका सम्बन्धमा बैंकहरूले ग्राहकलाई राम्रोसँग जानकारी नगराएको प्रतिफल हो यो। टेलिकमको बिल तिर्न वा स्टेटमेन्ट हेर्न मात्रै इन्टरनेट बैंकिङ प्रयोगमा छ।' इन्टरनेट बैंकिङपछि अहिले मोबाइल

प्रविधिको विकाससँगै बेतारे इन्टरनेट सेवाको प्रयोग पनि बढ्दै गएको छ। सीडीएमए टेक्नोलोजीको स्काइनेट फोनको प्रयोगले अहिले उपभोक्ताले ७२ वटा जिल्लामा बेतारे इन्टरनेटको सुविधा प्रयोग गर्न सक्छन्।

प्रविधिको विकाससँगै विकसित मुलुकहरूमा स्मार्ट हाउसहरूको कन्सेप्ट पनि व्यवहारिक भैसकेको छ। स्मार्ट हाउस प्रविधियुक्त घर हो, जहाँ प्रविधिको उच्चतम उपयोग गर्न सकिन्छ। रिमोट कन्ट्रोलको सहायताले नै घरको ढोका खुल्ने, बिजुली बत्ती अफ-अन गर्न सकिने, कुनै पनि उपकरण सम्बन्धित व्यक्तिबाहेक अरूले प्रयोग गर्न नसक्ने, फ्रिजलगायत अन्य स्टोर रुममा राखिएका सामानको लागत राखेर मोबाइल फोन सेटमार्फत नै जानकारी दिनेजस्ता सुविधा स्मार्ट हाउसमा हुन्छ।

डेढ दशकअघिसम्म १४ इन्चको ब्लाक एन्ड ह्वाइट टेलिभिजनमा रमाउनेहरू अहिले २१ इन्चको कलर टेलिभिजन हुँदै ४२ इन्चको एलसिडी मनिटरमा टेलिभिजनको मज्जा लिन थालेका छन्। प्लाज्माको प्रयोग पनि बढ्दै गएको छ। त्यस्तै तीन वर्षअघिसम्म भद्दा गह्रौं मोबाइल सेट बोक्नेहरू अहिले अत्याधुनिक मोबाइल सेट तथा आइफोनसमेत प्रयोग गर्न थालेका छन्। बैंकमा घण्टौं लाइन बसेर आर्थिक कारोबार गर्नेहरू डेबिट कार्ड, भिसा इलेक्ट्रोनको प्रयोग गर्न थालेका छन्। बैंकले पत्याएकाहरू क्रेडिट कार्ड प्रयोग गर्छन्।

बायोमेट्रिक्स उपकरणको प्रयोग पनि नेपालमा बढ्दै गएको छ। सहरीकरणसँगै बढ्दै गएको असुरक्षित वातावरणबाट बच्न बायोमेट्रिक्स प्रविधि लाभदायक सावित भएको छ। बायोमेट्रिक्स प्रविधिअन्तर्गत फेसियल रिडिङ, रेटिना रिडिङ तथा फिङ्गर प्रिन्टमार्फत सुरक्षित वातावरण सृजना गर्न सकिन्छ। बायोमेट्रिक्स उपकरण राखिएका जुनसुकै वस्तु वा स्थानमा सम्बन्धित व्यक्ति बाहेक अरूले प्रयोग तथा प्रवेश पाउँदैनन्।

# इन्फोट्रेडका आकर्षण

एफोर साइजको पेपरभन्दा सानो साइजको इलेक्ट्रोनिक डायरी बोकेर हिड्ने चाहना गर्ने उपभोक्ताहरूका निम्ति इ-बक्स लाभदायक हुन सक्छ। ठूलो आकारको सिपियु (सेन्ट्रल प्रोसेसर युनिट) को सानो स्वरूप इ-बक्स हो। यसलाई उपभोक्ताले युएसबी पोर्टको सहायताले जुनसुकै मनिटरमा राखेर काम गर्न सक्छन्। बोकेर हिंड्न मिल्ने डायरीको स्वरूपमा हुने इ-बक्स सिपियुलाई स्क्रुको सहायताले एलसीडी मनिटरको पछिल्तिर टाँस्न मिल्छ। 'यो सानो आकारको सिपियु हो,' नेपाल इन्टरनेसनल बिजनेस प्रा.लि.का प्रबन्धक विज्ञान लोहनीले साप्ताहिकसँग भने- 'आसुस कम्पनीले विकास गरेको यो प्रविधिले ठूला आकारका सिपियुलाई विस्थापित गर्ने विश्वास लिएका छौं।'

इ-बक्सजस्तै थुप्रै नौला र उपभोक्तामुखी प्रविधिहरू आज प्रारम्भ हुने आईसीटी इन्फोट्रेड-२००९ मा देख्न पाइनेछ। सूचना तथा सञ्चार प्रविधि सम्बद्ध यो बृहत् मेलामा सहभागिता जनाएका विभिन्न कम्पनीले मेला अवलोकनकर्तालाई लक्षित गरेर आफ्ना नयाँ उत्पादन तथा सेवा सार्वजनिक गर्दैछन्। नेपाल इन्टरनेसनल बिजनेश प्रा.लि.का लोहनीका अनुसार उनको कम्पनीले मेलामा इ-फ्यामिली प्याकेजअन्तर्गत इ-पीसी ल्यापटप, इ-टप एलसीडी मनिटर तथा इ-बक्स सिपियु ब्रान्डलाई प्रबर्द्धन गर्ने योजना बनाएको छ।

विश्वव्यापी रूपमा बजार विस्तार गरिरहेको ई-पीसी ल्यापटप सानो आकारको भएकाले बोकेर हिंड्न सजिलो हुने प्रबन्धक लोहनीले बताए। ९ इन्च र १० इन्च आकारको मोडलमा उपलब्ध यी ल्यापटप पछिल्लो संस्करणका भएको उनले जिकिर गरे। उनको स्टलमा दर्शकले अर्को नौलो कुरा पनि



पाउनेछन्। सिपियुरहित तथा टचेबल इ-टप एलसीडी मनिटरले आगन्तुकको मन जित्न सक्ने लोहनीको विश्वास छ। इनबिल्ट सिपियु भएको यो एलसिडी मनिटर पनि बोकेर हिंड्न मिल्छ। काम गर्दै जाँदा बिजुली गए निश्चित समयका लागि यसमा ब्याट्रीको ब्याकअप भएको लोहनीले बताए।

इन्फोट्रेडकै अवसर पारेर इलेक्ट्रो मेसिनरी इन्टरनेसनल (ईएमआई) ले सोलार लाइटनिङ सिस्टम सार्वजनिक गर्दैछ। कम्पनीका बजार प्रबन्धक कपिल पौडेलका अनुसार उज्यालोमा चार्ज हुने यो सोलार सिस्टमबाट चारवटा बत्ती बाल्न सकिन्छ। नियमित लोडसेडिङबाट बच्न चाहने उपभोक्ताका निम्ति कम मूल्यको यो उत्पादन उपयोगी हुनसक्छ। बजार प्रबन्धक पौडेलका अनुसार दिउँसो घाम नलागे पनि ४० देखि ६० बाटसम्मका ४ वटा चिम ८ घण्टासम्म बाल्न सकिन्छ। ईएमआईले मेलालाई लक्षित गरेर नै पकेट प्रोजेक्टर पनि सार्वजनिक गर्ने भएको छ। खल्तीमा राखेर हिड्न मिल्ने यो प्रोजेक्टरको मूल्य ५५ हजार रुपैयाँ छ। त्यस्तै १ सय २० इन्चको स्क्रिनमा घरमै बसेर सिनेमा हेर्न चाहने उपभोक्ताका लागि होम थिएटर प्रोजेक्टर पनि आफ्नो स्टलको आकर्षण बन्ने कपिलको भनाइ थियो। ३६ हजार रुपैयाँ पर्ने उक्त होम थियटरमा सिनेमा हलभन्दा मज्जाले चलचित्र हेर्न सकिनेछ।

मेलामा सुक्याम पावर प्रा.लि.ले टीडीआर भोल्टगार्ड सार्वजनिक गर्ने भएको छ। भद्दा साइजको ठूलो भोल्टगार्डको सट्टा मल्टिप्लग साइजको टीडीआरले अवलोकनकर्ताको मन जित्ने सुक्यामका आलोक श्रेष्ठले बताए। टीडीआरलाई सोझै मल्टिप्लगमा

पृष्ठ ८ मा जारी

**नेपाली सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकासमा कार्यरत व्यवसायी तथा सेवाग्राही संस्थाहरूको संगठन आइसिटी एसोसिएसनका अध्यक्ष रामशरण पाण्डे यो क्षेत्रको विकासका निम्ति सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्य हुनुपर्नेमा जोड दिन्छन्। कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) उपाध्यक्ष रहिसकेका पाण्डेको अध्यक्षतामा गत वर्ष आइसिटी एसोसिएसन अफ नेपाल गठन भएपछि यो संस्थाले हाल दोस्रो आइसिटी इन्फोट्रेड आयोजना गर्न लागेको छ। सूचना प्रविधि विकासका निम्ति मेला आयोजनाको प्रभावकारिताका विषयमा साप्ताहिकले पाण्डेसँग गरेको कुराकानीको संक्षेप :**

**यसप्रकारको मेलाले सूचना तथा सञ्चार प्रविधि विकासका निम्ति के उपलब्धि हासिल गर्न सकिन्छ ?**

पहिलो कुरा सन् २००८ को अन्त्यसम्म विश्वभरमा विकास भएका प्रविधि विकासका पछिल्ला संस्करणहरू एकैथलोमा प्रदर्शनीमार्फत् देखिनेछन्। दोस्रो यसले प्रत्येक वर्ष सूचना प्रविधि सम्बद्ध उपकरणको बजार फराकिलो बनाउँदै लगेको छ र तेस्रो आम उपभोक्ताले मेलामार्फत् सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा प्राप्त उपलब्धिका बारेमा जानकारी पाउँछन्। यस आधारमा हेर्दा प्रविधि सम्बद्ध उपकरणका बारेमा नेपाली उपभोक्ताको चासो निराकरण हुने भएकाले प्रविधि उपयोगमा नेपालीको क्षमता अभिवृद्धि हुँदै गएको पाइन्छ। समग्रमा मेलाको आयोजनाले नेपाली सूचना तथा सञ्चार प्रविधिको विकासमा ठूलो सहयोग पुर्‍याउँछ।

**यसपटकको इन्फोट्रेडबाट उपभोक्ताले के हासिल गर्लान् त ?**

विश्वबजारका नयाँ उत्पादन काठमाडौंका व्यापारीहरूले इन्फोट्रेडमै सार्वजनिक गर्दैछन्।



त्यसकारण काठमाडौं बाहिरका व्यवसायीले इन्फोट्रेडबाट थप जानकारी लिन्छन् जुन विस्तारै ग्रामीण स्तरसम्म पुग्छ। प्रत्येक ६ महिनामा प्रविधि विकासमा नयाँ उपलब्धि हासिल भैरहेको हुन्छ, त्यसमा पनि प्रविधि यस्तो कुरा हो जसको मूल्य प्रत्येक दिन घट्दो छ। यसकारण उपभोक्ताले प्रत्येक सामानको घट्दो मूल्यका बारेमा स्पष्ट हुन पाउँछन्। ५ सय एमबीको पेनड्राइभ बोक्नेले १६ जीबीसम्मको पेनड्राइभ आएको थाहा पाउनेछन्। मेलामा आउने उपभोक्ताले सामान खरिद गर्नुपर्छ भन्ने होइन, उनीहरूले प्रविधि सम्बद्ध उपकरणका सम्बन्धमा ज्ञान हासिल गरे पनि प्रदर्शनी आयोजनाको उद्देश्य सफल हुन्छ।

**इन्फोट्रेड युवा पुस्तामा लक्षित भनिएको छ, किन ?**

युवा पुस्ता प्रविधिसँग लहसिएको हुन्छ। सूचना, सञ्चार तथा मनोरञ्जनका सबै क्रियाकलापमा अहिलेको पुस्ता प्रविधिको उच्चतम प्रयोग गर्ने सामर्थ्य राख्छ। कामका लागि मात्र होइन, मनोरञ्जनका लागि पनि यो क्षेत्रमा थुप्रै उपकरण विकास भएका छन्। त्यसकारण प्रविधिको बारेमा ज्ञान हासिल गर्नु उनीहरूका निम्ति अनिवार्य शर्त भैसकेको छ। हामीले प्रविधि विकासका लागि युवा पुस्तालाई अघि बढाउनुपर्छ भनेर नै इन्फोट्रेडमा विद्यार्थीहरूको प्रवेशलाई निःशुल्क गरेका छौं।

(पृष्ठ ८ मा जारी)

तु–आवश्यकता
बल्खु स्थित एक
International Project को
लागि कर्मचारी आवश्यकता
संख्या: 8 Gents / 7 Ladies
तलब: 8000+अन्य
योग्यता: SLC or above
सम्पर्क: 2392369
9841881312
बल्खु चोक
नोट: कार्यलय आउँदा Document अनिवार्य छ

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1250/-
अनुहार गोरो बनाउने Roop Amrit - 1399/-
कपाल नझर्ने वा उमार्ने तेल Herbal-44 - 750/-
मोटोपन घटाउने Sauna Belt - 1999/-
डण्डीफोर हटाउने Acne Active - 2499/-
स्तन बढाउने वा घटाउने Cream - 1399/-
धुम्रपान छुटाउने Mouth Spray - 1499/-
चाउरीपन हटाउने Cream - 999/-
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

पालो तपाईको ............!
के तपाई SLC पास भएर पढाई छोड्नु भयो ?
अब पीर नमान्नुहोस
शनिबार मात्र कक्षा लिई सजिलै
Private I.A. I.Com पास गरौं
अन्तिम भर्ना
७५ जिल्लाबाट सम्पर्क राख्न सकने
जि.शि.का. बाट सम्बन्धन प्राप्त
SANDRA OPEN SCHOOL
Kathmandu
Nayabazar, sorakhutte
4361712, 2160393
(कुमारी पेट्रोलपम्प ठीक अगाडी)
Chitwan
भरतपुर
(कन्या कलेज रोड)
056-525918

Learn to Speak English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS
Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

केश
झर्न तुरुन्तै रोकी
Before After
उमार्ने तेल
Rs. 750/-Herbal44
बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेसवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्यास्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयुर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 025-580944

अर्जेन्ट आवश्यकता
NGO बाट विगत ५ वर्ष देखि संचालित प्रतिष्ठित कम्पनीलाई इमान्दार तथा मेहनती कर्मचारीको आवश्यकता
तलब : ७,५००/- + गाडीभाडा
संख्या: १७ जना
योग्यता : साधारण लेखपढ Test, S.L.C + Above
नोट:महिला विद्यार्थीको लागि उपयुक्त तथा ग्राहयता दिइने छ ।
सम्पर्क २०६३१००, ९८४१८७२१९०, ९८०३४६४३३४
(शनिवार पनि अफिस खुल्ला रहने छ।)

कर्मचारी आवश्यकता
International Company को
दशौं साखाको लागि ईमान्दार र मेहनती कर्मचारी आवश्यकता
योग्यता: SLC or Above
संख्या: 7 Gents & Ladies
सुविधा: 8500+ अन्य
5532447,9803437476
9741111933
लोकेशन : रिङरोड नख्खु दोबाटो ललितपुर
Note : बुझ्न आउदा Document अनिवार्य छ।

# इन्फोट्रेडका आकर्षण

पृष्ठ ७ बाट जारी

जोड्न मिल्ने भएकाले भोल्टगार्ड तथा मल्टिप्लग दुवैको काम यसले गर्नेछ। आलोकका अनुसार इन्भर्टर र यूपीएसको भोल्ट कन्ट्रोल गर्न तथा त्यसका ब्याट्रीलाई लामो समयसम्म टिकाउ राख्न इक्विलाइजर नामको उत्पादन पनि इन्फोट्रेडमै सार्वजनिक हुनेछ। यसबाहेक अन्य साधारण लिड ब्याट्रीको तुलनामा २५ प्रतिशत बढि टिकाउ हुने ड्राइसेल ब्याट्रीलाई पनि मेलामा प्रदर्शन गरिने उनले बताए। यो ब्याट्रीले अक्साइड नफाल्ने भएकाले मानवस्वास्थ्यलाई हानि नपुग्ने आलोकले जिकिर गरे।

मेलालाई लक्षित गरेर नियोटेरिक नेपाल प्रा.लि.ले एचपी ब्रान्डका ल्यापटप, लजिटेकका प्रविधि, एप्पल तथा सामसुङका सम्पूर्ण उत्पादनका बारेमा आगन्तुकहरूलाई जानकारी गराउनेछ। 'सामसुङको पूरा रेन्ज लिएर जाँदैछौं' नियोटेरिक प्रा.लि.का अजयले भने- '२० वटाभन्दा बढी मोडलका आकर्षक एलसिडी मनिटर हाम्रो स्टलका आकर्षण हुनेछन्।' एचपी ब्रान्डको अधिकृत विक्रेता भएकाले एचपीका पछिल्ला संस्करणका आकर्षक ल्यापटपलाई यस पटकको मेलामा सार्वजनिक गर्ने अजयले बताए। यसैगरी विश्वकै सबैभन्दा सानो आकारको सामसुङको प्रोजेक्टरले पनि आगन्तुकको मन खिच्नसक्ने उनको कथन थियो। बैंकिङ क्षेत्रलाई लक्षित गरेर सर्भर सिस्टममा आधारित इनबिल्ट सिपियु भएको एलसीडी मनिटर पनि पहिलो पटक नियोटेरिकको स्टलमा देखिनेछ। किबोर्ड र माउसबाहेक अन्य सबै सुविधा यो मनिटरमै उपलब्ध छ। यो मनिटरबाट कुनै पनि डकुमेन्ट कपी गर्न नसकिने भएकाले बैंकिङ कारोबार सुरक्षित बनाउन यसले सहयोग पुऱ्याउने उनले बताए। स्टलमा एप्पलको २ दशमलव ४ कोर टु डियो म्याकबुक सिल्भर कलरमा देखिनेछ। यसअघि एप्पलका ल्यापटप कालो कलरमा मात्र उपलब्ध हुँदै आएका थिए। एप्पलकै डेस्कटप पिसी आइम्याक्स २४ इन्चको मनिटरसहित देखिँदैछ। नेपालमै पहिलो पटक यति ठूलो साइजको मनिटर भएको डेस्कटप आएको हो। यसैगरी लजिटेकको उत्पादन वायरलेस माउस पनि मेलाको आकर्षण बन्नेछ। नियोटेरिक प्रा.लि.कै स्टलमा पाइने यो माउसलाई चल्न सतह चाहिदैंन अर्थात् हातलाई हावामा राख्दा पनि माउसले काम गरिरहेको हुन्छ। इन्फोट्रेड अवधिभर आएका अवलोकनकर्तालाई विशेष छुटमा सामान उपलब्ध गराउने योजनामा रहेको नियोटेरिकले आगन्तुकहरूलाई नै लक्षित गरेर 'गेमिङ जोन' को व्यवस्था पनि मिलाएको छ।

'इन्फोट्रेडमा बोकेर हिंड्न मिल्ने पोर्टेबल हार्डडिस्कका बारेमा अवलोकनकर्तालाई जानकारी गराउँदैछौं।' कास्ट ट्रेडिङ विकेश श्रेष्ठले भने- 'हामी फ्रान्सको ल्यासी कम्पनीद्वारा विकास गरिएको १ टेराबाइटभन्दा बढी क्षमताका हार्डडिस्क इन्फोट्रेडबाट सार्वजनिक गर्दैछौं।' कम्पनीहरूको प्रयोगका निम्ति उपयोगी हुने उच्च क्षमताको यो हार्डडिस्कलाई सर्वसाधारणले चासोका साथ हेर्ने अपेक्षा राखेको श्रेष्ठले बताए। कास्टले एचपीका नयाँ मोडलका ल्यापटप पनि प्रदर्शनीमा राख्ने भएको छ।

इन्टरनेट सर्फिङमा रमाउनेहरूका लागि वर्ल्ड लिंकको स्टलले पनि स्पेसल प्याकेज लिएर आएको छ। वर्ल्ड लिंकका बजार प्रबन्धक रूपेश शाक्यका अनुसार वर्ल्ड लिंकले केबल र बिजुम 'इ' इन्टरनेट सिस्टमअन्तर्गत करिब दुई दर्जन सेवा सुविधाका योजना इन्फोट्रेडमा सार्वजनिक गर्नेछ। 'हामीले इन्फोट्रेड अफर पनि ल्याएका छौं', शाक्यले भने- 'केबल इन्टरनेटमा न्यूनतम् ५ सय ६३ रुपैयाँ र बिजुम 'इ' मा ९ सय रुपैयाँ मासिक खर्च गर्दा इन्टरनेट चलाउन पाइने यो अफर इन्फोट्रेडमा बुक गर्ने उपभोक्ताले मात्र पाउनेछन्।'

इन्फोट्रेडमा एभरेस्ट नेटले आकर्षक कार्यक्रम सार्वजनिक गर्दैछ। एभरेस्ट नेटले मोबाइल म्यासेजमार्फत सञ्चालन गरिने एस-मेल प्रविधिका बारेमा त्यहाँ आउने आगन्तुकलाई जानकारी उपलब्ध गराउनेछ। एभरेस्ट नेटका कार्यकारी प्रमुख शिशिर सिंहका अनुसार यो सेवाअन्तर्गत उपभोक्ताले कुनै कम्पनी वा व्यवसायका बारेमा २४२६ मा एसएमएस गरेर नयाँ नयाँ जानकारी हासिल गर्न सक्छन्। उपभोक्ताले एलआरआई टाइप गरेर २४२६ मा एसएमएस पठाएमा लिटिल एञ्जल्स स्कुलको सूचना पाउँछन, सिंहले उदाहरण दिँदै भने- एसमेलका बारेमा थप जान्न चाहे एसमेलडटकमडटएनपी लग अन गर्न सकिन्छ। सिबाको अटो ट्रेडिङले भारतमा विकास गरिएको आधुनिक इन्भर्टर टीएसपी साइनवेभलाई इन्फोट्रेडमा सार्वजनिक गर्ने भएको छ। छिटो चार्ज हुने यो इन्भर्टरबाट सबै किसिमका विद्युतीय उपकरण सञ्चालन गर्न सकिन्छ।

इन्फोट्रेडमा सबैभन्दा धेरै स्टल बुक गरेको इशान इन्फोसिसले मेलामा थुप्रै सरप्राइज प्याकेज प्रस्तुत गर्ने भएको छ। इशानका प्रबन्ध निर्देशक रामशरण पाण्डेका अनुसार सामसुङका नयाँ मोडलका ल्यापटप स्टलको आकर्षण बन्नेछन्। नयाँ मोडलका पेनड्राइभदेखि पोर्टेबल हार्डडिस्क, प्रिन्टर टोनरहरू इशानको स्टलमा देखिनेछन्। यसबाहेक सबैभन्दा सानो आकारको लेजर कलर प्रिन्टर पनि इशानले सार्वजनिक गर्दैछ।

## ब्रदर र क्यास्परस्कीका स्किम

इन्फोट्रेडमा आउने आगन्तुकहरूलाई लक्षित गरेर सागर इन्टरनेसनल टेक्नोसिस प्रा.लि.ले थुप्रै आकर्षक प्याकेज सार्वजनिक गर्ने भएको छ। जापानको ब्रदर कम्पनीले विकास गरेको विश्वकै पहिलो एथ्री पेपर इन्कजेट मल्टिफङ्सन प्रिन्टर सागरको स्टलमा देखिनेछ। फोटो, फोटोकपी, प्रिन्टर, स्क्यानरको सेवा भएको यो मेसिनमा मेमोरी कार्ड वा डिजिटल क्यामेराबाट सोझै फोटो प्रिन्ट गर्न सकिन्छ। सागर इन्टरनेसनलका प्रमुख कार्यकारी सागरदेव लाखेका अनुसार इन्फोट्रेड अवधिभर उपभोक्ताले बिग्रेका वा चलिरहेका पुराना प्रिन्टर, फ्याक्स तथा फोटोकपी मेसिन ल्याएर नयाँ उपकरण लान सक्नेछन्। 'पुराना उपकरणलाई अहिलेको बजार मूल्य हेरेर त्यसअनुसार ५० देखि ७५ प्रतिशतसम्म मूल्यांकन गरिदिन्छौं।' लाखे भन्छन्- 'यो स्किमअन्तर्गत बिग्रिएका वा पुरानो सामान ल्याएर उपभोक्ताले नयाँ उपकरण लान सक्छन्। आशा नगरेको सामानको मूल्य पाउने भएकाले त्यो रकममा केही रकम थप गरेर नयाँ प्रविधिको उपकरण लान पाउने यो स्किमले आगन्तुकहरूको मन खिच्नेछ भन्ने विश्वास लिएका छौं।' सागर इन्टरनेसनलले इन्फोट्रेडमै दर्शकलाई आकर्षित गर्ने अर्को प्याकेज पनि ल्याएको छ।

इन्फोट्रेड अवलोकन गर्ने क्रममा




सागर इन्टरनेसनलको स्टलमा पुग्ने दर्शकले क्यास्परस्की एन्टिभाइरस सिडी निःशुल्क पाउनेछन्। १ लाख ५० हजार दर्शकलाई वितरण गर्न पुग्ने गरि निःशुल्क सिडी तयार गरिएको लाखेले बताए। यो सिडीबाट उपभोक्ताले ३ महिनासम्म निःशुल्क एन्टीभाइरस सफ्टवेयर प्रयोग गर्न पाउँछन्। टिकट लिएर आउने उपभोक्ता तथा आइडी कार्ड देखाउने विद्यार्थीले यो सिडी लान पाउँछन्। प्रतिवर्ष १ हजार ५ सय रुपैयाँ मूल्यको क्यास्परस्की एन्टिभाइरस सफ्टवेयर विश्वबजार हेरी नेपालमा चार गुणा सस्तो रहेको लाखेले बताए। क्यास्परस्कीको सफ्टवेयर खरिद गर्न चाहनेले बाई वान गेट वान अफर पनि पाउनेछन्। तीन महिना चलाएका उपभोक्ताले पुनः निःशुल्क यो सफ्टवेयर प्रयोग गर्न चाहे त्यो सुविधा उपलब्ध गराउने उनले बताए। 'नेपाललाई भाइरसमुक्त बनाउन सहकार्य गरौं' नाराअन्तर्गत निःशुल्क सफ्टवेयर वितरण गरिएको लाखे बताउँछन्। सागर इन्टरनेसनलको स्टलमा सामान खरिद गर्ने उपभोक्ताले क्यास्परस्कीको टिसर्ट पनि निःशुल्क पाउनेछन्।

यसबाहेक प्रत्येक घण्टाको डुअर प्राइजअन्तर्गत ब्रदर र क्यास्परस्कीको टिसर्ट वितरण कार्यक्रमसमेत छ। ब्रदरले विकास गरेको स्टिकर लेभल प्रिन्टर पनि इन्फोटेकमा आकर्षण बन्ने लाखेले जिकिर गरे। लाखेका अनुसार मेलामा सार्वजनिक हुने यो प्रिन्टरमा प्रिन्ट, टाँस्ने ग्लु र लेमिनेसन सूविधा उपलब्ध हुनेछ। कार्यालय प्रयोजनका निम्ति लाभदायी यो प्रिन्टरमा टाइप गर्न मिल्ने भएकाले सूचना त्यसैमा टाइप गरेर प्रिन्ट गर्दा टाँस्न योग्य भएर निस्कन्छ। जसका कारण अलग्गै ग्लु वा त्यसको सुरक्षाका लागि लेमिनेसन गर्नुपर्ने झन्झट रहूदैन। यसरी प्रिन्ट गरिएको सामग्री बाटर, हिट तथा एसिड प्रुफ हुने उनको दाबी थियो। त्यसैगरी ब्रदरकै उत्पादन गार्मेन्ट प्रिन्टर पनि मेलामा देखिनेछ। टि-सर्ट तथा ज्याकेटमा प्रिन्ट गर्न प्रयोग गरिने गार्मेन्ट प्रिन्टरको उपयोग व्यवसायीहरूका निम्ति लाभदायी हुनेछ। रबर स्ट्याम्प क्रियटर तथा इलेक्ट्रोनिक टाइपराइटर पनि सागरको स्टलका आकर्षण हुनेछन्।

पृष्ठ ७ बाट जारी

**प्रविधि विकासमा सक्रियहरूलाई के सहयोग गर्नुभएको छ ?**

इन्फोट्रेडमा प्रविधि विकासकर्ताहरूलाई हामीले विशेष स्थान दिएका छौं। इलेक्ट्रोनिक्स भोटिङ मेसिन तथा एक्सरे मेसिन डेभलप गरेका धनगढीका वैज्ञानिक प्रकाश गैरेलाई बोलाएका छौं। नेपाली विद्यार्थीले विकास गरेका रोबोट प्रदर्शनी गर्ने अवसर दिएका छौं। यसबाहेक अन्य प्रविधि विकासकर्तालाई पनि इन्फोट्रेडमा स्थान दिइनेछ। केही गर्न खोज्नेहरूका लागि आइसिटी एसोसिएसनले सधैं साथ दिनेछ। मेला आयोजनाबाट बचेको रकम ग्रामीण क्षेत्रमा सूचना प्रविधि पहुँचका निम्ति खर्चिने हाम्रो योजना छ।

**किन क्यानबाट अलग्गिएर यसप्रकारको छुट्टै प्रदर्शनी आयोजना गर्नुभएको ?**

हो, हामीले क्यानमा संलग्न रहेर प्रत्येक वर्ष क्यान इन्फोटेकलाई सफल पार्दै आएका थियौं तर वर्षमा एकपटक इन्फोटेक गरेर रमाउने क्यानले आफूलाई बृहत् स्वरूपमा लान नसकेकाले हामीले छुट्टै संस्थाको आवश्यकता महसुस गऱ्यौं। त्यहाँभित्र रहेर यो भएन वा त्यो भएन भनेर तीतो पोख्नु निरर्थक लागेर आफै केही गरौं भनेर साथीहरू मिलेर आइसिटी एसोसिएसन गठन गरेर इन्फोट्रेडको आयोजना गरेका हौं। क्यान इन्फोटेक जस्तै इन्फोट्रेड आयोजना गरे पनि अबका दिनमा सूचना तथा सञ्चार प्रविधिको पहुँच नेपालका कुनाकाप्चासम्म पुऱ्याउन हाम्रो संस्थाले काम गर्नेछ।

**क्यान इन्फोटेकसँग प्रतिस्पर्धा गर्न इन्फोट्रेड गरिएको हो ?**

त्यसरी भन्न मिल्दैन। हामीले यो क्षेत्रलाई अझ फराकिलो बनाउन मेलाको आयोजना गरेका हौं। यसप्रकारका मेला जति धेरै हुन्छन् आइसिटी व्यवसायी तथा उपभोक्तालाई त्यति नै फाइदा हुन्छ। जहाँसम्म प्रतिस्पर्धाको कुरा छ, हामी स्वस्थ प्रतिस्पर्धाको अपेक्षा राख्छौं।

# मोबाइलमा नेपाली गीत

## मोबाइल गीत बजेबापत रोयल्टी

गीत संगीतका क्षेत्रमा क्रियाशील सर्जकहरूका लागि यो सुखद् खबर हुनसक्छ– अब उनीहरूले सृजना गरेका गीत-संगीतले बेग्लै प्रविधिमार्फत पनि व्यापकता पाउनेछन्। स्वरसम्राट् नारायणगोपाल, नातिकाजीदेखि युवा पुस्ताका गायक/गायिकाहरूद्वारा संगीतबद्ध गीतहरू अब मोबाइलको माध्ययबाट समेत गुन्जनेछन् र त्यसबापत सर्जकले रोयल्टीसमेत पाउनेछन्। मोबाइलको रिङ टोन एवं कलर रिङ ब्याक टोनका लागि गीत डाउनलोड गरिएबापत त्यसका गायक/संगीतकारलाई अन्तर्राष्ट्रिय मापदण्डभन्दा बढी रोयल्टी दिने तयारी भैरहेको म्युजिक नेपाल प्रा.लि.ले जनाएको छ।

डिजिटेन्मेन्ट प्रा.लि. र म्युजिक नेपालको सहकार्यमा नेपाल टेलिकमका पोस्टपेड र प्रिपेड मोबाइल प्रयोगकर्ताहरूलाई हाल कलर रिङ ब्याक टोनमा नेपाली गीत सुन्न सकिने सुविधा उपलब्ध गराइएको छ। चाँडै यो सुविधा रिङ टोनमा पनि समावेश गरिने डिजिटेन्टमेन्टका ज्ञानेन्द्रराज शाक्यले बताए।

मोबाइलमा ६० सेकेन्डको नेपाली गीत डाउनलोड गरिन्छ। यो छोटो अवधिको गीत डाउनलोड गरेको संख्याका आधारमा त्यसका सर्जकले रोयल्टी पाउनेछन्।

हाल यो सेवा राजधानीमा मात्र उपलब्ध भए पनि चाँडै मुलुकका विभिन्न जिल्लामा उपलब्ध गराइने शाक्यले बताए। त्यस्तै, विदेशमा समेत मोबाइल प्रयोगकर्ताले आफ्नो रिङ टोन र कलर रिङ ब्याक टोनमा नेपाली गीत सुन्न सक्ने सुविधा दिइने तयारी भैरहेको छ। प्रतिलिपि ऐनको कानुनी प्रावधानअनुसार म्युजिक नेपालको सर्वाधिकार प्राप्त गीत मात्र मोबाइलमा प्रयोग गरिने म्युजिक नेपालका इन्जिनियर यमन कायस्थले बताए।

हाल उपलब्ध गराउन थालिएको मोबाइल कलर रिङ ब्याक टोनमा स्वरूपराज आचार्यद्वारा स्वरबद्ध गीत 'धेरै माया दिदा रै'छौ' ७३ हजार पटक डाउनलोड गरिएको छ। त्यस्तै, ममता दीपबिमको 'तिम्रो यादमा' ३९ हजार पटक, नरेन्द्र प्यासीको 'तिमीले दिने माया' ३८ हजार, राजु लामाको 'पर्खाइमा बित्यो' ३५ हजार पटक डाउनलोड भैसकेको छ। यसैगरी नरेन्द्र प्यासीकै 'तिमीविनाको जिन्दगीको' ३१ हजार पटक, रामकृष्ण ढकालको 'मन पराउने हजार', खुमानको 'कलंकीको जाम' १८ हजार पटक, राजु लामाको 'म माया लाउदिनँ' १७ हजार पटक तथ उदितनारायण झाको 'लाजको लाली' १५ हजार पटक डाउनलोड भैसकेको छ।

मोबाइल प्रयोगकर्ताहरूले आफ्नो मोबाइलको कलर रिङ ब्याक टोनमा (**कसैको मोबाइल नम्बरमा डायल गर्दा सुनिने धुन**) नारायणगोपालको देखि नयाँ पुस्ताका पप एवं रिमिक्स गीतहरूसमेत राख्न सक्छन्। डिजिटेनमेन्ट प्रा.लि. र म्यूजिक नेपालको सहकार्यमा नेपाल टेलिकममार्फत मोबाइल प्रयोगकर्तालाई यो सुविधा दिइएको हो। यसैगरी डिजिटेनमेन्टले पहिलो पटक विभिन्न तीस मुलुकमा सेवा विस्तार गरेको हंगामा मोबाइलसँग मिलेर बलिउडका नयाँ गीतहरू पनि कलर रिङ ब्याक टोनमा उपलब्ध गराएको छ। नेपाल टेलिकमका पोस्ट पेड र प्रि-पेड मोबाइलका ग्राहकले यो सेवा प्राप्त गर्न सक्नेछन्।

मोबाइल प्रयोगकर्ताले एसएमएस वा इन्टरनेटबाट डाउनलोड गरी आफ्नो मोबाइलमा कलर रिङ ब्याक टोनमा आफूले चाहेअनुसारको गीत भर्न सक्ने डिजिटेन्टमेन्ट प्रा.लि.का ज्ञानेन्द्रराज शाक्यले बताए।


डिजिटेन्टमेन्टको उक्त सेवा उपभोग गर्नका लागि एउटा गीत डाउनलोड गरेबापत मोबाइल प्रयोगकर्ताको संचित रकमबाट कर वाहेक १० रुपैयाँ काटिनेछ। गीत डाउनलोड गर्न आरईजी टाइप गरी १४५५ मा पठाउनुपर्नेछ। त्यसपछि डिइएफ स्पेस गरी गीतको कोड नम्बर टाइप गरी १४५५ मा एसएमएस पठाएपछि मोबाइलको कलर रिङ ब्याक टोनमा गीत डाउनलोड हुन्छ। त्यस्तै, डब्लुडब्लुडब्लू डट सिआरबिटी डट एनटिसि डट एनपी, डिजिटेन्टमेन्ट डट कम डट एनपी र म्युजिक नेपाल ओआरजी डट एनपी लगअन गरेर त्यहाँ आफ्नो मोबाइल रजिस्टर गरेर पनि यो सुविधा लिन सकिन्छ।

गीत डाउनलोड गरेको १६ दिनसम्म रहन्छ भने प्रत्येक गीत १६ सेकेन्ड अवधिको छ। हाल यो सेवा काठमाडौंमा मात्र उपलब्ध भए पनि चाँडै पोखरा, विराटनगर आदि स्थानमा विस्तार गरिने शाक्यले बताए। त्यस्तै, शाक्यका अनुसार नेपालबाहिरका प्रयोगकर्ताहरूले समेत आफ्नो मोबाइलको कलर रिङ ब्याक टोनमा नेपाली गीतहरू राख्न सक्ने सुविधा चाँडै ल्याइनेछ।

यता मोबाइलमा आफ्नो गीत डाउनलोड गरेबापत त्यसका संगीतकार एवं गायकले रोयल्टीसमेत पाउने म्युजिक नेपाल प्रा.लि.का इन्जिनियर यमन कायस्थले बताए। 'यसबाट नेपाली गीत संगीतको क्षेत्रमा पनि राम्रो फाइदा पुग्नेछ' इन्जिनियर कायस्थले भने- 'गीत डाउनलोड गरेको संख्याका आधारमा त्यसका गायक एवं संगीतकारले १० देखि १५ प्रतिशतसम्म रोयल्टी पाउनेछन्।' अन्तर्राष्ट्रिय मापदण्डअनुसार गायक संगीतकारले रोयल्टीबापत १० प्रतिशत रुपैयाँ पाउने गरेका छन्।

# बलिउडका कामुक बालाहरू





उनीहरूको उपस्थितिले चाहे ठूलो पर्दा होस् वा काँचको पर्दा, आफैं जीवित भएको महसुस हुन्छ । सुन्दर मुखाकृति, बान्की परेको जीउडाल, मधुर मुस्कान, लोभलाग्दो हेराइ, आकर्षक व्यक्तित्व अनि यस्ता थुप्रै उपमा जसले उनीहरूको सुन्दर रूप-यौवन लावण्यलाई वर्णन गर्छ, बलिउडबालाहरू बलिउडको रंगीन संसारमा मात्र नभएर सम्पूर्ण विश्वमै चर्चित छन्, परिचित छन् ।

बलिउडबालाहरूको सुन्दरता, आकर्षक व्यक्तित्व एवं कामुक हावभावका आधारमा एचएफएम इन्डियन म्यागजिन ग्रुपले गरेको सर्वेक्षणअनुसार अभिनेत्री शिल्पा सेट्ठी सन् २००८ की सर्वाधिक कामुक बलिउड सुन्दरीको सूचीमा दसौं स्थानमा छिन् । अभिनय क्षमतासँगै अग्लो एवं आकर्षक शारीरिक बनावटका लागि परिचित शिल्पा पछिल्लो समयमा रियालिटी सो बिग ब्रदरको बेलायती संस्करणको उपाधि जितेपछि अझ चर्चित बनेकी छिन् ।

लिरिल गर्ल हुँदै चलचित्र 'दिल से' मार्फत बलिउडमा प्रवेश गरेकी एवं आफ्नो चञ्चले हाँसो र हाँस्दा गालामा देखिने डिम्पलबाट धेरैलाई प्रभावित गर्न सफल प्रीति जिन्टा कामुक बलिउड सुन्दरीको सूचीमा नवौं स्थानमा छिन् । अभिनय क्षमताका लागि पनि परिचित प्रीतिले चलचित्र 'सलाम नमस्ते' मा दिएका बोल्ड दृश्यहरू कमैले बिर्सिएका होलान् । मिस युनिभर्ससमेत रहिसकेकी सुस्मिता सेनको अभिनय यात्रालाई खासै सफल मान्न सकिँदैन । साडीमा पनि कामुक देखिने बलिउड बालाहरूमध्ये सुस्मिता पनि एक हुन् । सुस्मिता सेन सर्वाधिक कामुक बलिउड सुन्दरीहरूको सूचीमा आठौं स्थानमा छिन् ।

एकै वर्ष मिस युनिभर्स र मिस वर्ल्ड बन्न सफल लारा दत्ता र प्रियंका चोपडा दुवैको बलिउड यात्रा पनि एकसाथ चलचित्र 'अन्दाज'बाट भएको थियो । सुरुमा पूर्व मिस युनिभर्स लारा तथा पूर्व मिस वर्ल्ड प्रियंकाबीच निकै प्रतिस्पर्धा देखिन्थ्यो, चाहे त्यो अभिनय गर्ने मामिलामा होस् वा आफूलाई ग्ल्यामरस रूपमा प्रस्तुत गर्ने कुरामा । यद्यपि पछिल्लो समयमा आएर दुवै विषयमा प्रियंका लाराभन्दा एक कदम अगाडि देखिएकी छिन् । सर्वाधिक कामुक बलिउड सुन्दरीहरूको सूचीमा पनि प्रियंका चोपडा, लारा दत्ताभन्दा एक स्थान अघि नै छिन् अर्थात् यो सूचीको छैटौं स्थानमा प्रियंका छिन् भने सातौं स्थानमा लारा छिन् ।

पूर्व मिस वर्ल्डकै नाम यो सूचीको पाँचौं स्थानमा छ । विश्वकै सर्वाधिक सुन्दर अभिनेत्रीका रूपमा चिनिएकी ऐश्वर्या राय बच्चनले यो सूचीको पाँचौं स्थानको शोभा बढाएकी छिन् । ऐश्वर्या अभिनीत अन्य चलचित्रको तुलनामा धुम-२ मा उनको ग्ल्यामरस छवि निकै लोकप्रिय रह्यो । देवदासकी पारो, ऐश्वर्याको 'इश्क कमिना, कजरारे... आइटम डान्सको लोकप्रियता आज पनि कायमै छ ।

बलिउडमा आफ्नो क्यारियरको प्रारम्भदेखि नै कामुक छवि बनाएकी र बलिउडको सेक्स बमकै उपमा पाएकी बंगालीबाला विपाशा बसुको नाम यो सूचीको चौथो स्थानमा छ । जिस्म, राजजस्ता चलचित्रमा विपाशाले दिएका तात्तातो दृश्यसँगै उनी बलिउड हट बन्न पुगेकी छिन् । अभिनेता जोन अब्राहमसितको रोमान्सले पनि उनलाई चर्चामा राख्ने गरेको छ ।

शाहरूख खानको खोजीका रूपमा चलचित्र 'ओम शान्ति ओम'बाट बलिउडमा प्रवेश पाएकी क्लोज-अप गर्ल दीपिका पादुकोणे अभिनीत ओम शान्ति ओम र वचना ए हसिनो प्रदर्शन भएका छन् तर उनको चर्चा स्थापित नायिकाको भन्दा कम छैन । ऋषि कपुर पुत्र रणवीर कपुरसितको रोमान्सको खबरले पनि उनलाई चर्चामा ल्याएको देखिन्छ । दीपिका कामुक बलिउड सुन्दरीहरूको तेस्रो स्थानमा छिन् । आफ्नो घमन्डी स्वभावका कारण होस् वा शाहिद कपुरसितको लभ अफेयरका कारण 'बेबो' अर्थात् करिना कपुरको चर्चा बलिउड नगरीमा प्रायः चलिरहन्छ । हिजोआज उनको रोमान्स अभिनेता सैफ अलिखानसित रहेको कुराले बलिउड बजार तातेको छ । यहाँसम्म कि यी दुईबीच चाँडै विवाह हुँदैछ भन्ने पनि चर्चा छ ।

रिफ्युजीबाट अभिनय थालेकी करिनाले 'टसन' सम्म आइपुग्दा आफ्नो जीरो फिगरबाट समेत सबैको ध्यान तानेको देखिन्छ । करिना कपुर सर्वाधिक कामुक बलिउड सुन्दरीको सूचीको दोस्रो स्थानमा छिन् । यो सूचीमा पहिलो स्थानमा कब्जा जमाउन सफल भएकी छिन् अभिनेत्री क्याटरिना कैफ । सन् २००८ की सर्वाधिक कामुक बलिउड सुन्दरी कटरिना अभिनीत पहिलो चलचित्र 'बुम' र पछिल्लो प्रदर्शित चलचित्र 'युवराज' दुवै फ्लप सावित भएका छन् तर क्याटरिनालाई अहिले बलिउडको नम्बर एक नायिकाको दौडमा तीव्र गतिमा अघि बढिरहेकी नायिकाका रूपमा लिइन्छ । अभिनेता सलमान खानसितको प्रेमप्रसंगले पनि उनलाई पेज थ्री प्रोपर्टी बनाइरहेको छ । उनको सुन्दरता, अभिनय क्षमता तथा ग्ल्यामरस छविको प्रशंसा गर्नेहरूको कुनै कमी छैन । एक्सन र कमेडी दुवैमा सफल मानिएका अभिनेता अक्षय कुमारसित क्याटरिनाको जोडी सबैभन्दा हिट सावित भएको छ । यो जोडी अभिनीत नमस्ते लन्डन, वेलकम र सिङ इज किङ सबै हिट सावित भएका छन् ।

-रोजिन शाक्य

# बलिउड २००८

# व्यक्तिगत चर्चाको वर्ष

बलिउडको वर्ष २००८ पनि 'खान' नायकहरूकै व्यक्तिगत चर्चामा बित्यो। शाहरूख खान, अमिर खान, सलमान खान, सैफअली खान वर्षभरि नै चर्चित रहे। वर्षको प्रारम्भमा सलमान खान र शाहरूख खान दुई भिन्न टेलिभिजन च्यानलमा कार्यक्रम सञ्चालन गरेर चर्चामा आए। शाहरूखले स्टार प्लसका लागि सञ्चालन गरेको कार्यक्रम 'क्या आप पाँचवी पास से तेज है' दर्शकले खासै नरुचाए पनि सोनीमा प्रसारण भएको सलमान खानको कार्यक्रम 'दशका दम' दर्शकले मन पराए।







भारतीय चलचित्र उद्योग अर्थात् बलिउडमा हरेक दिन नयाँ-नयाँ घटना घटिरहन्छन्। अघिल्ला वर्षहरूझैं वर्ष २००८ मा पनि बलिउडमा केही रोचक तथा रमाइला घटना घटे। यो वर्ष करिब ८ सय चलचित्र प्रदर्शन भएको बलिउडमा अधिकांश चलचित्र व्यावसायिक रूपमा असफल रहे पनि सेलिब्रेटीहरू व्यक्तिगत सम्बन्धका कारण चर्चामा आइरहे।

बलिउडको वर्ष २००८ पनि 'खान' नायकहरूकै व्यक्तिगत चर्चामा बित्यो। शाहरूख खान, आमिर खान, सलमान खान, सैफअली खान वर्षभरि नै चर्चित रहे। वर्षको प्रारम्भमा सलमान खान र शाहरूख खान दुई भिन्न टेलिभिजन च्यानलमा कार्यक्रम सञ्चालन गरेर चर्चामा आए। शाहरूखले स्टार प्लसका लागि सञ्चालन गरेको कार्यक्रम 'क्या आप पाँचवी पास से तेज है' दर्शकले खासै नरुचाए पनि सोनीमा प्रसारण भएको सलमान खानको कार्यक्रम 'दशका दम' दर्शकले मन पराए।

सलमान-शाखरूखबीच केही वर्षअघिदेखि नै मनमुटाव जारी रहेको बताइन्छ। चलचित्र 'चलते चलते' को छायांकनका क्रममा रहेकी ऐश्वर्या रायका कारण शाहरूख तथा सलमानबीच विवाद बढेको थियो। फलस्वरूप उक्त चलचित्रमा ऐश्वर्याको ठाउँमा रानी मुखर्जीलाई अभिनय गराइएको थियो, तर केही महिनाअघि एउटा पार्टीमा नायिका क्याटरिना कैफका कारण सलमान-शाखरूख भिड्न पुगेको बताइन्छ। पार्टीमा शाहरूखले क्याटरिनाको प्रशंसा गरेपछि मदिराको नशामा रहेका सलमानलाई उक्त कुरा असह्य भएको र उनले शाहरूखको कठालो समातेको प्रसंग चर्चामा थियो।

वर्षको मध्यदेखि शाहरूख तथा आमिर खानबीच वाकयुद्ध प्रारम्भ भयो, जुन हालसम्म पनि जारी छ। आमिरले आफ्नो ब्लगमा 'मैले घरमा पालेको कुकुरको नाम शाहरूख हो' भनेर लेखेपछि दुवैबीच वाकयुद्ध प्रारम्भ भएको थियो। यो प्रसंगलाई शाहरूखले नकारात्मक रूपले लिएनन्। उनको प्रतिक्रिया थियो– 'पहिले-पहिले मानिसहरू आफ्नो छोरा-छोरीको नाम कुनै लोकप्रिय व्यक्तिको नामबाट राख्थे। अहिले कसैले आफ्नो कुकुरको नाम कुनै लोकप्रिय व्यक्तिको नामबाट राख्नु एउटा नयाँ परम्पराको थालनीजस्तो लाग्छ। साथै मैले मेरो नामको प्रतिलिपि अधिकार राख्ने कुरा पनि त भएन नि ?'

डिसेम्बर १२ मा सार्वजनिक भएको शाहरूखको चलचित्र 'रब ने बना दि जोडी' ले व्यावसायिक सफलतालाई छायाँमा पार्दै चलचित्र गजनी डिसेम्बर २५ मा सार्वजनिक भयो, तर उक्त चलचित्रलाई अदालतले रोक लगाएर थप चर्चा दियो। 'गजनी' का लागि आकर्षक व्यक्तित्व बनाउन आमिरले करिब दुई वर्ष समय लगाएको कुराले थप चर्चा पायो। सलमान खानको बहुचर्चित चलचित्र 'युवराज' पनि यसै वर्ष प्रदर्शन भयो, तर सुभाष घईद्वारा निर्देशित यो चलचित्र व्यावसायिक रूपमा असफल भएपछि सलमान खानहरूको प्रतिस्पर्धामा पछि परे।

सलमान खान तथा शाहरूख खानबीचको सम्बन्ध पनि यो वर्ष सुखद रहेन। दुवैले एक-अर्कालाई दोषारोपण गर्ने क्रम वर्षभरि नै चलिरह्यो। आमिर खानले चलचित्र 'गजनी' मा सुगठित शरीर बनाएर थप लोकप्रियता कमाएपछि सलमान खानले पनि आफ्नो शरिरलाई थप सुगठित बनाउने निर्णय गरेका छन्।

वर्षको प्रारम्भदेखि नै सैफअलि खान तथा करिना कपुरको प्रेमसम्बन्ध चर्चाको विषय बन्यो। शाहिद कपुरकी प्रेमिका करिनाले सैफअलीलाई साथ दिएपछि बलिउडका अधिकांश सञ्चारमाध्यम उनीहरूको व्यक्तिगत परिचर्चामा व्यस्त भए। यसक्रममा सञ्चारमाध्यमले सैफ तथा करिनाले चुम्बन गरेका भिडियो मात्र सार्वजनिक गरेनन्, सार्वजनिक समारोहमा प्रस्तुत हुने क्रममा तस्बिर खिचेर पनि हैरान पारे। फोटो पत्रकारले चुम्बन गरिरहेको तस्बिर खिचिंरहँदा समेत उनीहरूले प्रतिवाद नगरेको देख्दा यो जोडीको भविष्य सुनिश्चित रहेको अनुमान गर्नेहरू प्रशस्त देखिए।

चलचित्र 'ओम शान्ति ओम' की नायिका दीपिका पादुकोणे पनि वर्षभरि नै चर्चामा रहिन्। दुई युवा क्रिकेटर महेन्द्रसिंह धोनी तथा युवराज सिंहकी प्रेमिकाका रूपमा वर्षको प्रारम्भमा व्यापक चर्चामा आएकी दीपिकाले अन्ततः यसै वर्षदेखि बलिउडमा प्रवेश गरेका रणवीर कपुरसँग सम्बन्ध बढाएपछि दुवै क्रिकेटर खिन्न भएको खबर पनि चर्चामा रह्यो।

अमिताभ बच्चन पनि वर्षभरि नै चर्चामा रहे। कहिले आफैंद्वारा सञ्चालित ब्लगमा विभिन्न लेख लेखेका कारण उनी चर्चामा रहे भने कहिले स्वास्थ्यमा आएको गडबडीका कारण उनी सञ्चारमाध्यममा छाए। वर्षको अन्त्यमा भने उनी बिल्कुलै भिन्न विवादमा मुछिए। मुम्बईमा आतंककारी हमला भएपछि अमिताभलाई मुम्बईकै विमानस्थलमा बन्दुकसहित फेला पारिएको थियो। उनको ह्यान्ड ब्यागेजमा फेला परेको बन्दुक उनले लाइसेन्स लिएको बन्दुकको नम्बरभन्दा फरक परेपछि प्रहरीहरू सशंकित भएका थिए। अन्ततः उनले आफूसँग भएको बन्दुक प्रहरीलाई सुम्पिएपछि मात्र मुम्बईबाट पुणेसम्मको यात्रा तय गर्न पाएका थिए।

बलिउडमा सिरियल किसरको उपाधि पाएका नायक इमरान हासमी यो वर्ष चुम्बनका कारण नभै आफ्नो मूल्यका कारण चर्चामा रहे। चलचित्र 'जन्नत' को व्यवसायिक सफलतापछि उनले आफ्नो मूल्य दोब्बर बनाएको चर्चा चलेको छ। नायिका बिपाशा बसुले पनि आफ्नो मूल्य बढाएर चर्चा कमाइन्। एउटा कार्यक्रममा एउटा मात्र गीतमा नृत्य गरेको साढे १ करोड भा.रु. लिएपछि उनलाई पनि बलिउडकी महंगी नायिकाको उपाधी प्रदान गरियो।

सलमान खानको चलचित्र 'वीर' मा क्याटरिना कैफको स्थानमा मिस ब्रिटेन लिसा लाजारूसले अभिनय गर्ने पक्का भएपछि सलमान-क्याटरिनाको सम्बन्धमा चिसोपन बढेको प्रसंग पनि बलिउडमा चर्चित रह्यो। अहिले विवाह गर्ने निर्णयमा पुगिसकेको यो जोडीको प्रेम-सम्बन्धमा गतिरोध आएको छ। बलिउडमा यो वर्ष बिकिनी लगाउने क्रेज पनि ह्वात्तै बढ्यो। करिना कपुरले चलचित्र 'टसन' मा निकै छोटो तथा पारदर्शी बिकिनी लगाएपछि अन्य नायिकालाई पनि चलचित्रमा बिकिनी-दृश्य दिन सहज भयो। नायिका प्रियंका चोपडाको बिकिनी प्रेम पनि चर्चाको विषय बन्यो।

कलाकारका छोराछोरी बलिउड प्रवेश गरेको प्रसंग पनि यो वर्ष चर्चामा रह्यो। ऋषि कपुरका छोरा रणवीर कपुर, अनिल कपुरकी छोरी सोनम कपुर, नितिन मुकेशका छोरा निल नितिन मुकेश, कमल हसनकी छोरी श्रुति हसन, मिथुन चक्रवर्तीका छोरा मिमोह, आमिर खानका भान्जा इमरान खान, ह्यारी बावेजाका छोरा हरमन बावेजा आदिले वर्ष २००८ देखि नै बलिउडमा आफ्नो करियर प्रारम्भ गरे।

बलिउडमा खान नायकहरूको एकछत्र आधिपत्यलाई यो वर्ष अक्षय कुमारले गतिलो चुनौती दिए। उनले अभिनय गरेका प्रायः सबै चलचित्रले व्यावसायिक सफलता हासिल गरेपछि बलिउडका स्थापित निर्माता-निर्देशकहरू उनलाई आफ्नो चलचित्रमा अभिनय गराउन अग्रसर देखिए। 'वेलकम', 'भुलभुलैया', 'नमस्ते लण्डन', 'सिंह इज किङ' जस्ता चलचित्रले व्यावसायिक सफलता हासिल गरेपछि उनी दर्शकको रोजाइका नायक बने। एक्सन नायकको रूपमा बलिउड प्रवेश गरेका अक्षय कुमार पछिल्लो समयमा हास्यप्रधान चलचित्रमा छाएका छन्। यसबीच अक्षयको बढ्दो लोकप्रियतासँगै उनलाई क्यानाडाको युनिभर्सिटी अफ विन्डसोरले पीएचडीको मानार्थ उपाधि पनि प्रदान गरेको छ। क्यानाडामा गरेको समाजसेवाका कारण अक्षयलाई उक्त सम्मान प्रदान गरिएको हो।

यस वर्ष बलिउडका चलचित्रकर्मीहरू क्रिकेट प्रेमका कारण पनि चर्चामा रहे। वर्षको प्रारम्भमा भारतमा आयोजित आईपीएल क्रिकेट प्रतियोगितामा शाहरूख खानले 'कलकत्ता नाइट राइडर्स' स्थापना गरेर क्रिकेटप्रतिको आफ्नो लगावलाई सार्वजनिक गरे। शाहरूखले यो क्लबको असफलताबाट लाखौं रूपैयाँ गुमाउनुपर्‍यो, तर क्लबका प्रमुखका नाताले उनी खेल मैदानमै उपस्थित हुँदा क्रिकेटका फ्यानहरूसमेत रमाएको देखियो। शाहरूखका अतिरिक्त नायिका प्रीति जिन्टाले पनि आईपीएलका लागि एउटा क्लब स्थापना गरेकी थिइन्। सैफ अलि खान तथा सोहा अलि खान यसै वर्षको मध्यताका चिनमा सम्पन्न बेइजिङ ओलम्पिकमा भारतका तर्फबाट आधिकारिक टर्च बोक्ने समूहमा सहभागी भएर चर्चामा आए।

'मुन्नाभाइ' को उपनामले चर्चित सञ्जय दत्त दोस्रो विवाहका कारण चर्चामा आए। सञ्जयले चलचित्रमा सामान्य भूमिका निर्वाह गर्ने मान्यतासँग यसै वर्षदेखि नयाँ वैवाहिक जीवन प्रारम्भ गरेका हुन्, तर विवाह गरेको केही साता नबित्दै गोवाको एउटा अदालतले मान्यताले आफ्नो पहिलो श्रीमान्बाट पारपाचुके नगरेका कारण सञ्जय दत्तसँगको विवाह वैधानिक नहुने ठहर गर्‍यो। पछि मान्यताले आफ्ना पूर्व श्रीमान्सँग पारपाचुके गरेको आधिकारिक प्रमाण जुटाएपछि सञ्जय तथा मान्यताको वैवाहिक जीवन हालसम्म सुचारु छ।


अघिल्लो वर्ष लन्डनमा सम्पन्न बिग ब्रदरमा विजयी भएपछि नायिका शिल्पा सेट्टी एकाएक अन्तर्राष्ट्रिय व्यक्तित्व बनिन्। रियालिटी शोमा विजयी भएपछि उनका प्रशंसकहरू ह्वात्तै बढे। यसबीच उनले भारतबाटै सञ्चालित एउटा टेलिभिजन च्यानलबाट प्रसारित बिग ब्रदरकै शैलीको रियालिटी कार्यक्रम 'बिग बोस' सञ्चालन गर्ने जिम्मा पाइन्। यसका साथै उनी स्वामी रामदेवको योग शिविरमा सहभागी भएर पनि चर्चित भइन्। मुम्बईमा आयोजित शिविरमा सहभागी भएपछि उनले आफैंले योगाभ्यास गरेको भिडियो पनि सार्वजनिक गरिन्। शिल्पाको योगाभ्यासको भिडियोलाई युवा दर्शकले भने उनको सुन्दरता नियाल्ने माध्यमका रूपमा उपयोग गरे। अन्त्यमा, प्रसंग पुनः सलमान खानकै ! लन्डनको चर्चित मेडम तुसाडमा बलिउडका लोकप्रिय कलाकारहरूको मैन-पुत्ला सजाउने क्रमको पछिल्लो चरणमा सलमान समावेश भएका छन्।





# पाश्चात्य संगीतमा वर्ष २००८







अमेरिकाबाट प्रारम्भ भएको आर्थिक मन्दीको प्रभाव पाश्चात्य संगीतमा पनि परेको छ। आर्थिक मन्दीकै कारण वर्ष २००८ मा पाश्चात्य संगीतको व्यापार खस्कियो। गीतिसंग्रह प्रकाशित हुने क्रम जारी नै रहे पनि बिक्रीका हिसाबले कुनै पनि संग्रहले अत्यधिक सफलता हासिल गर्न सकेनन्। सांगीतिक समारोहको आयोजनामा केही कमी आए पनि वर्ष २००८ मा विगतमा झैं सांगीतिक पुरस्कारहरू भने वितरण भैरहे।

हलिउडमा यो वर्षको अन्त्यतिर वितरण गरिएको 'हलिउड म्युजिक एवार्ड' मा चलचित्र 'अप्पालुजा' का जेफ बिलले 'बेस्ट ओरिजिनल संगीत' को एवार्ड जिते। चलचित्र 'पुसिङ डिजिज' का जिम डुलीले टेलिभिजनतर्फको सर्वोत्कृष्ट संगीतकारको एवार्ड जिते। 'अफ्रिका' बाट वाटारु होकोयामाले उत्कृष्ट भिडियो गेमतर्फको एवार्ड जिते। चलचित्र 'घोस्ट विस्परर' को 'एभ्री टाइम इट गेट्स रियल' गीतबाट मार्चिङ ब्यान्डले उत्कृष्ट गीतको एवार्ड जित्यो। डेभ जोर्डन चलचित्र 'आइरन म्यान' बाट आउटस्ट्यान्डिङ म्युजिक सुपरभाइजरको एवार्ड जित्न सफल भए। अस्टिन विन्टोरीले सर्वोत्कृष्ट नयाँ संगीतकारको एवार्ड जिते भने सिन्डी गोमेजले बेस्ट डान्स आर्टिस्टको एवार्ड जितिन्। 'डे ड्रिम अन अटोपाइलट' की गायिका इमिली मोरिसले सर्वोत्कृष्ट महिला गायनको एवार्ड जितिन् भने डेरेन रेजरले सर्वोत्कृष्ट गायकको एवार्ड जिते। इलान एटियाजले बेस्ट रेगी संगीतको एवार्ड आफ्नो पोल्टामा पारे। डेविड थिइलेले सर्वोत्कृष्ट पप आर्टिस्टको एवार्ड जिते भने निट्जाले सर्वोत्कृष्ट वर्ल्ड आर्टिस्टको एवार्ड जिते।



वर्ष २००८ को सेप्टेम्बर महिनामा वितरण गरिएको एमटीभी भिडियो एवार्डमा गायिका ब्रिट्नी स्पेयर्सले सर्वोत्कृष्ट महिला भिडियो एवार्डसहित सर्वाधिक तीनवटा एवार्ड जितिन्। पाश्चात्य संगीतका लोकप्रिय कलाकारहरूको लाइभ कन्सर्टसहित सम्पन्न वर्षकै उत्कृष्ट सांगीतिक पुरस्कार वितरण गर्ने उक्त समारोहमा गायिका ब्रिट्नी स्पेयर्सले 'पिस मी अफ' गीतको भिडियोबाटै सर्वोत्कृष्ट पप भिडियो' तथा 'भिडियो अफ द इयर' एवार्ड पनि आफ्नो पक्षमा पारिन्। वर्ष २००८ भरि नै व्यक्तिगत आचरणका कारण चर्चामा आइरहेकी गायिका स्पेयर्सले तीनवटा एवार्ड जितेपछि आलोचकहरूको मुख नै बन्द गरिदिएकी छिन्।



सर्वोत्कृष्ट पुरुष भिडियोको एवार्ड भने क्रिस ब्राउनले जिते। उनले 'विद यु' भिडियोका लागि उक्त एवार्ड जितेका हुन्। हलिउडका संगीतकर्मीहरूको सहभागिता रहेको उक्त भव्य समारोहमा पुस्सिक्याट डल्सको 'ह्वेन आई ग्रो अप' भिडियोले सर्वोत्कृष्ट डान्सिङ इन अ भिडियोको एवार्ड जित्यो। लिन्किन पार्कको 'स्याडो अफ द डे' ले सर्वोत्कृष्ट रक भिडियोको एवार्ड जित्यो। सर्वोत्कृष्ट हिप हप भिडियोको एवार्ड भने लिल बेनीको 'ललिपप' भिडियोको पक्षमा रह्यो। 'रेडी, सेट, गो !' भिडियोबाट टोकियो होटलले सर्वोत्कृष्ट नयाँ कलाकारको एवार्ड हासिल गर्‍यो। समारोहमा गायक ग्नार्लस् बार्क्लिको 'रन' ले सर्वोत्कृष्ट कला निर्देशनको एवार्ड जित्यो। उक्त भिडियोको कला निर्देशन ह्याप्पि तथा केल्स जेसीले संयुक्त रूपमा गरेका हुन्। यही भिडियोले सर्वोत्कृष्ट कोरियोग्राफीको एवार्ड पनि जित्यो। मिक्की रोनीले यो भिडियोको कोरियोग्राफी गरेका हुन्।

सांगीतिक समूह द ह्वाइट स्ट्रिप्सको 'कन्क्विस्ट' भिडियोले सर्वोत्कृष्ट छायांकारको उपाधि जिते। ब्याट ट्रोल यो भिडियोका छायांकार हुन्। म्युजिक भिडियो निर्देशनतर्फको एवार्ड इरिका बाडुको 'हनी' ले जित्यो। यो भिडियोको निर्देशन ईरिका बाडु तथा मि.रोबोटोले संयुक्त रूपमा गरेका हुन्। सांगीतिक समूह डेथ क्याब फर क्युटीको 'आई विल पोजी योर हार्ट' ले सर्वोत्कृष्ट सम्पादनको एवार्ड जित्यो। जेफ बुचानन यो भिडियोका सम्पादक हुन्। समारोहको अन्तिम एवार्ड गायक केनी वेस्टको 'गुड लाइफ' को पक्षमा पर्‍यो। सर्वोत्कृष्ट स्पेशल इफेक्ट्सको यो एवार्ड सोमी, जोनास तथा फ्रान्कोइसलाई संयुक्त रूपमा प्रदान गरिएको थियो।

वर्ष २००८ को फेब्रुअरी महिनामा वितरण गरिएको विश्वसंगीतकै सर्वोच्च ग्रामी एवार्डमा गायिका एमी वाइनहाउसले सर्वाधिक पाँचवटा एवार्ड जितिन्। स्रोताले अत्यन्त रुचाएको वाइनहाउसको पहिलो गीतिसंग्रह 'रेहेब' ले रेकर्ड अफ द इयर, सर्वोत्कृष्ट नयाँ कलाकार, सर्वोत्कृष्ट महिला पप गायन तथा सोही संग्रहको शीर्षक गीत 'रेहेब' ले सर्वोत्कृष्ट गीतको एवार्ड जित्यो। यसबाहेक वाइनहाउसले 'ब्याक टु ब्ल्याक' संग्रहबाट सर्वोत्कृष्ट पप गीतिसंग्रहको एवार्ड जितिन्। गायनयात्रा प्रारम्भ गरेको छोटो समयमै संगीतको सर्वोच्च पुरस्कारबाट सर्वाधिक विधामा विजयी भएपछि वर्ष २००८ उनका लागि भाग्यमानी सावित भयो।

ग्रामी एवार्डमा हार्बी हान्कको 'रिभर : द जोनी लेटर्स' ले वर्षको सर्वोत्कृष्ट गीतिसंग्रहको एवार्ड जित्यो। सर्वोत्कृष्ट पुरुष पप गायनको एवार्ड भने जस्टिन टिम्बरलेकले जिते। उनलाई 'ह्वाट गोज अराउन्ड...' गीतका लागि उक्त एवार्ड प्रदान गरिएको थियो। समुह गायनतर्फको एवार्ड सांगीतिक समूह मरुन-५ ले जित्यो। 'मेक्स मि वन्डर' गीतबाट यो समूहले सर्वोत्कृष्ट सांगीतिक समूहको पुरस्कार जितेको हो। सर्वोत्कृष्ट पप गीततर्फको एवार्ड रोबर्ट प्लान्ट तथा एलिसन क्रउजले जिते। उनीहरूले 'गन गन गन' गीतबाट यो एवार्ड जितेका हुन्।

जस्टिन टिम्बरलेकको 'लभ स्टोन्ड' ले सर्वोत्कृष्ट डान्स रेकर्डिङको एवार्ड जित्यो। द केमिकल ब्रदर्सको 'वि आर द नाइट' ले सर्वोत्कृष्ट इलेक्ट्रोनिक/डान्स एल्मब शीर्षकको एवार्ड जित्यो। सर्वोत्कृष्ट सोलो रक गायनको एवार्ड ब्रुस स्प्रिङस्टिनको 'रेडियो नोह्वेर' ले जित्यो। रक समूहतर्फको एवार्ड द ह्वाइट स्ट्रिप्सले 'आइकी थम्प' को पक्षमा पर्‍यो। सर्वोत्कृष्ट हार्ड रकको एवार्ड फु फाइटर्सको 'द प्रोटेन्डर' ले जित्यो। सर्वोत्कृष्ट मेटल प्रस्तुतिको एवार्डमा स्लेयरको 'फाइनल सिक्स' ले बाजी मार्‍यो। ब्रुस स्प्रिङस्टिनको 'रेडियो नोह्वेर' ले सर्वोत्कृष्ट रक गीतको एवार्ड जित्यो भने 'फू फाइटर्स' लाई सर्वोत्कृष्ट रक एक्बमको एवार्ड जित्यो। सर्वोत्कृष्ट आर एन्ड बी गीतको एवार्ड एलिसिया केजको 'नो वन' को पक्षमा पर्‍यो भने आर एण्ड बी संग्रहको एवार्ड चेक खानको 'पंक दिस' ले जित्यो। गायक केनी वेष्टले 'स्ट्रङ्गर' संग्रहबाट सर्वोत्कृष्ट र्‍याप सोलो प्रस्तुतिको एवार्ड जिते। र्‍याप गीतको एवार्ड पनि केनी वेस्टकै 'गुड लाइफ' ले जिते। केनी वेस्टले नै 'ग्राजुएसन' संग्रहबाट सर्वोत्कृष्ट र्‍याप संग्रहको एवार्ड पनि जिते।

व्यक्तिगत सम्बन्धका कारण पाश्चात्य संगीतका सेलिब्रेटीहरू वर्षभरि नै चर्चामा रहे। तीमध्ये गायिका ब्रिट्नी स्पेयर्स तथा म्याडोना चर्चाको शिखरमा रहे। बिरामी भएर अस्पताल भर्ना भएदेखि डिपार्टमेन्टल स्टोरमा भएको विवादका कारण गायिका स्पेयर्स वर्षभरि नै अमेरिकी छापाहरूमा छाइन्। म्याडोना भने वर्षको अन्त्यमा सबैभन्दा महँगो पारपाचुकेका कारण चर्चामा आइन्। आफ्ना श्रीमान् गे रिचीसँग यसै वर्ष पारपाचुके गरेकी म्याडोनाले त्यसबापत करोडौं रुपैयाँ तिर्नुपरेको खबरले विश्वभरिका सञ्चार-माध्यममा राम्रो स्थान पायो। अमेरिकामा सम्पन्न राष्ट्रपतीय निर्वाचनमा सहभागी भएर पनि थुप्रै गायक-गायिका चर्चामा आए। बाराक ओबामाको पक्षमा प्रचार-प्रसार गर्न आयोजित कन्सर्टमा ब्रिट्नी स्पेयर्सदेखि नाम चलेका प्रायः सबै गायक-गायिका सहभागी थिए।

# हलिउड २००८




हलिउडबाट वर्ष २००८ मा ९ सय ६५ वटा शीर्षकमा चलचित्र सार्वजनिक भएको मुभीवेब डटकमले जनाएको छ। उक्त वेबसाइटमा यो वर्ष सार्वजनिक भएका सम्पूर्ण चलचित्र 'लिस्टिङ' गरिएको छ। २००८ को पहिलो दिन अर्थात् जनवरी १ तारिखमा चलचित्र 'क्यामेल' सार्वजनिक भएको थियो। रोमान्स र हास्यको समिश्रण यो चलचित्रले दर्शकलाई खासै प्रभावित गर्न सकेन। जनवरीकै दोस्रो साता अभिनेता सिल्भस्टर स्ट्यालोनले अभिनय गरेको विगतका श्रृंखलाबद्ध चलचित्र 'र्याम्बो' को नयाँ सिक्वेल 'र्याम्बो' सार्वजनिक भयो। अभिनेता स्ट्यालोनले मुख्य भूमिका तथा निर्देशन गरेको यो चलचित्रलाई दर्शकले सामान्य रूपमा लिए। असीको दशकमा 'र्याम्बो' का श्रृंखलाले दर्शकमा पारेको प्रभाव अब समाप्तितर्फ लागे जस्तो छ।

'र्याम्बो' ले जेनतेन केही दर्शक जुटायो र सामान्य चलचित्र सावित भयो। हलिउडमा केही यस्ता चलचित्र पनि छन् जसले नत दर्शक जुटाउन सके, नत चर्चा नै पाए। सन् २००८ का हलिउडका चलचित्रहरूमध्ये हेर्नैपर्ने दस चलचित्र समीक्षकका नजरमा वर्षका 'टप टेन' चलचित्र हुन्।

व्यावसायिक चलचित्रमा चर्चित सुपरहिरो 'ब्याटम्यान' श्रृंखलाको चलचित्र 'द डार्क नाइट' ले बाजी मारेको छ। क्रिस्टोफर नोलनले निर्देशन गरेको यो चलचित्रमा ब्याटम्यान र खलपात्र जोकरको प्रस्तुतिले विश्वभरिका अंग्रेजी चलचित्रका दर्शकहरूको मन जितेको छ। जुलाई महिनामा प्रदर्शित यो चलचित्रले हलिउडको बक्स अफिसमा पनि राम्रो व्यवसाय गरेको थियो। चलचित्रमा कालो नकावधारी नायक अर्थात् 'ब्याटम्यान' को भूमिकामा देखिएका अभिनेता क्रिस्टन बेलको अभिनय तथा स्पेसल इफेक्ट्सको प्रयोगलाई समीक्षकहरूले उत्कृष्ट मानेका छन्। त्यसमा पनि जोकरको भूमिका निर्वाह गरेका अभिनेता हेथ लेजरको सबैले मुक्तकण्ठले प्रशंसा गरे। सुपरहिरोको चलचित्रपछि नाटकीय एवं सस्पेन्समा आधारित चलचित्र 'क्युरियस केस अफ बेन्जामिन बटन' लाई सफल मानिएको छ। २ घन्टा ४५ मिनेट लामो यो चलचित्रका बारेमा समीक्षकहरूले लेखेका छन्- 'चलचित्रका प्रत्येक सटलाई स्पस्टसँग प्रस्तुत गर्ने क्रममा चलचित्र लामो बनेकाले यसलाई हेर्दा कतै बोझिल लाग्दैन।' चर्चित अभिनेता ब्राड पिटको मुख्य भूमिका रहेको यो चलचित्रमा अभिनेत्री केट ब्लानसेटको अभिनयको पनि प्रशंसा गरिएको छ।

बलिउडका अनिल कपुर लगायत अन्य कलाकारले अभिनय गरेको हलिउडको चलचित्र 'स्लम डग मिलेनायर' लाई रियालिटी सोमा आधारित बनाइएको छ। मुम्बईमा छायाँकन गरिएको यो चलचित्रलाई समीक्षकले वर्षको उत्कृष्ट चलचित्रको सूचीमा तेस्रो नम्बरमा राखेका छन्। यो चलचित्र यथार्थमा आधारित छ। एनिमेसन, ड्रामा, एडभेञ्चर, कमेडी, फेमिली र रोमान्स चलचित्र 'वाल-इ' मा यी सबै विषयलाई मिलाएर समेटिएको छ। एनिमेटेड यो चलचित्रलाई समीक्षकले सफल मानेका छन्। 'टाइटानिक' की सुन्दर अभिनेत्री केट विन्सलेटले केन्द्रीय भूमिका निर्वाह गरेको चलचित्र 'द रिडर' नाटकीय विषय बोकेको चलचित्र हो। विन्सलेटले अभिनय गरेका चलचित्रहरूमध्ये यो चलचित्र उत्कृष्ट भएको दाबी समीक्षकहरूको छ।

विश्वभरिका चलचित्रको बारेमा धेरैभन्दा धेरै सामग्री समेटिने वेबसाइट आइएमडिबी डटकममा पनि भिजिटरहरूले यो चलचित्रलाई १० मा ८ दशमलव ६ अंक दिएका छन्। अमेरिकाका पूर्व-राष्ट्रपति रिचार्ड निक्सनको जीवनलाई यो वर्ष चलचित्रको पर्दामा उतारियो र शीर्षक राखियो 'फ्रोस्ट/निक्सन'। युनिभर्सल पिक्चर्सले निर्माण गरेको यो चलचित्रमा पूर्व-राष्ट्रपति निक्सनलाई बेलायती टेलिभिजन पत्रकार डेबिट फ्रोस्टले भेटेको यथार्थवादी रोचक घटनामा आधारित छ। बेल्जियमको राजधानी ब्रसेसमा एक बेलायती युवक पुगेपछि ऊमाथि घटेका घटनाहरूमा आधारित चलचित्र 'इन ब्रसेस' को प्रस्तुतीकरणलाई समीक्षकहरूले उत्कृष्ट माने। यो चलचित्रले अब हुने चलचित्र पुरस्कार समारोहमा एक वा त्योभन्दा बढी एवार्ड थाप्ने कुरामा समीक्षकहरू एक मत छन्।

त्यसैगरी दुग्ध व्यवसायका बारेमा बनेको चलचित्र 'मिल्क', अमेरिकामा गैरकानुनी प्रवेश गरेका दुई विदेशीको समस्या समेटिएको चलचित्र 'द भिजिटर' तथा जेम्स बोन्डका रूपमा यो वर्ष उदाएका अभिनेता डेनियल क्रेगको मुख्य भूमिका रहेको एक्सन चलचित्र 'डिफेन्स' लाई वर्षका दस उत्कृष्ट चलचित्र मानिएको छ। क्रेगले अभिनय गरेको जेम्स बोन्ड श्रृंखलाको नयाँ श्रृंखला 'क्वान्टम अफ सोलास' पनि यसै वर्ष प्रदर्शनमा आयो र त्यसले सामान्य व्यवसाय गऱ्यो।

### उत्कृष्ट अभिनेताहरु

१.फ्र्याङ्क ल्यान्जेला (चलचित्र - फ्रोस्ट/निक्सन)
२.मिकी राउर्के (द वेष्टलर)
३.ब्राड पिट (द क्युरियस केस अफ बेञ्जामिन बटन)
४.जोस ब्रोलिन (डब्ल्यु)
५.सिन पिन (मिल्क)
६.रिचार्ड जेनकिन्स (द भिजिटर)
७.डेनियल क्रेग (डिफाइन्स)
८.कोलिन फेरल (इन ब्रसेस)
९.मार्क रुफलो (ह्वाट डजन्ट किल यु)
१०.जर्ज किन्नेर (फ्ल्यास अफ जिनिअस)

### उत्कृष्ट अभिनेत्रीहरू

१.केट विन्सलेट (चलचित्र - द रिडर)
२.एन्नी हाथावे (रेसल गेटिङ् म्यारिड)
३.केट ब्लानसेट (द क्युरियस केस अफ बेन्जामिन बटन)
४.सेल्ली हकिन्स (ह्याप्पी गो लक्की)
५.एञ्जेलिना जोली (च्यालेञ्जिङ्)
६.मेरल स्ट्रिप (डाउट)
७.केट बेकइन्सेल (स्नो एञ्जल्स/नथिङ् बट द ट्रुथ)
८.एलिजाबेथ ब्याङ्क्स् (ज्याक एण्ड मिरी मेक अ पोर्नो)
९.फ्रान्सेज मेकडोरमान्ड (बर्न आफ्टर रिडिङ्)
१०.माइकल विलियम्स् (वेन्डी एण्ड लकी)






## वर्षका असफल चलचित्र

हलिउडमा बनेका चलचित्रहरूमध्ये केही दर्शकले रुचाए भने केही समीक्षकले मनपराए। भए पनि ती चलचित्रलाई सफल मानियो। अनेकौं चलचित्रहरू दर्शकबाट सोझै अस्वीकृत गरिए। त्यसमा पनि समीक्षकहरूले आशा गरेका केही चलचित्र प्रदर्शनपछि 'हात्ती आयो फुस्सा' सावित भए।

**द ह्यापनिङ :** साइन्स फिक्सनमा आधारित यो चलचित्रलाई समीक्षकले वर्षकै सबैभन्दा 'ब्याड मुभी' मानेका छन्।

**द ममी : द टम्ब अफ द ड्रागन इम्पेरर :** विगतमा सुपरहिट मानिएको द ममीको सिक्वेल यो चलचित्रको प्रस्तुति नै दर्शकलाई मन परेन।

**टेन थाउजेन्ड बिसी :** गुफामा बसोबास गर्ने आदि मानव, हिंस्रक जनावर आदिलाई समेटिएको यो चलचित्रलाई चलचित्रभन्दा पनि बेकारको वृतचित्र मानियो।

**इगल आई :** 'टेक्नो थ्रिलर' विषयवस्तुमा आधारित यो चलचित्रले पनि कसैको मन तान्न सकेन।

**द लभगुरु :** प्रेम जोडी मिलाउने काम गर्ने एक योगीलाई मूल पात्र बनाएर हास्यप्रधान चलचित्रका रूपमा निर्माण गरिएको यो चलचित्रले दर्शक हँसाउन सकेन।

**निक एन्ड नोराज इनफिनिट प्लेलिस्ट :** यो चलचित्रलाई समीक्षकले 'छेउ न टुप्पा' को चलचित्र भनेका छन्।

**ह्वाट जस्ट ह्यापेन :** हलिउडमा चलचित्र बनाउन खोज्ने एक निर्मातालाई मूलपात्र बनाइएको यो चलचित्र किन बनाइयो भन्ने प्रश्न सोध्छन् समीक्षकहरू।

**स्मार्ट पिपुल :** पारिवारिक सदस्यहरूको पुनर्मिलनको विषयमा बनेको यो चलचित्रले दर्शकहरूको मन जित्न सकेन।

**राइट्योस किल :** हलिउडका चर्चित अभिनेताहरू रोबर्ट डिनेरो र अल पेचिनो भएर पनि यो चलचित्र हेर्नु भनेको पैसाको बर्बादी मान्छन् समीक्षकहरू।

**द अदर बोलेन गर्ल :** सेक्स स्क्यान्डलमा आधारित भएर पनि यो चलचित्रले दर्शकलाई निराश बनायो।


साप्ताहिक Classified Advertisement

**रोजगार**

शिक्षित, अशिक्षित, महिला, पुरुष आवश्यकता कौशलटार ६६३५४०१, ९८०३४२१५२६

तुरुन्तै सुटिङ हुन लागेको कमेडी टेली चलचित्र धोति न टोपी तथा चलचित्र विजयपथको लागि कलाकार तु. चाहियो। नजान्नेलाई चलचित्र निर्देशकद्वारा तालिमको व्यवस्था, २००३७६३, ९८०३७३८८०३, ९८४१२७५७१४

एक व्यवसायिक संस्थाको लागि SLC उत्तीर्ण केही महिला/पुरुष कर्मचारी चाहियो। सम्पर्क ९८४१६६८९७२, ९८४१३२९७६० (ESD-Nepal) बालकुमारी, ललितपुर

अफिसमा काम गर्न SLC/Test कर्मचारीको आवश्यकता तलब ७,०००।-, २०५२५९१, ९८४१६९२६४०

Receptionists (6:00-12:15 P.M. & 12:00-7:00 P.M.) क्षेत्रपाटी वरपरका लागि प्रँथमिकता साथै Computer, Language, Tuition Teacher BSEP: 9841433740

**सम्पर्क**

सहेली GIRL'S HOSTEL For Students, Nurses and Office Workers. Only 11 Seats available. Contact 9851006083, 2301200 Nayabaneswor

**उपचार**

अल्काई Piles पिडित विरामीहरुलाई खुशीको खबर, जस्तोसुकै खाने र पिउने चिज बार्नै नपर्ने गरी ग्यारेन्टिका साथ उपचार गरिन्छ साथै पुराना अपरेशन गरिसकेका बिरामीहरुको ग्यारेन्टी उपचार गरिन्छ। ग्यारेन्टि अल्काई उपचार केन्द्र, सोह्रखुट्टे, नयाँबजार, २२९०८०५, ९८४१४०८४५८

# भाग्य अजमाउने सुरमा कपिल थापा



गत वर्षको इन्डियन आइडलमा दार्जीलिङ, सिक्किम र नयाँ दिल्लीमा बस्ने नेपाली मूलका भारतीय नागरिकको दरिलो समर्थन पाएका कारण प्रशान्त तामाङ इन्डियन आइडल बन्न सफल भएका थिए। यस पटकको प्रतिस्पर्धामा नेपालबाट पनि सीधै भोट गर्न पाइने भएकाले कपिल थापा यात्राका निम्ति यहाँका नेपालीको सक्रियता महत्त्वपूर्ण साबित हुनसक्छ।

भारतीय सेनाअन्तर्गत गोर्खा राइफल्स सोल्जरमा कार्यरत कपिलको निक नेम 'फौजी भाइ' हो। कपिलको पारिवारिक पृष्ठभूमि आर्मीसँग सम्बन्धित छ। उनका पिता अवकाशप्राप्त भारतीय सैनिक हुन् भने अन्य दुई ठूला दाइ पनि आर्मीमै कार्यरत छन्। गायनमा सानैदेखि रुचि राख्ने कपिल नृत्यमा पनि त्यत्तिकै खप्पिस छन्। सानबाट प्रभावित भएर गायनक्षेत्रलाई रोजेका उनलाई निर्णायकहरूले प्रारम्भको छनौट चरणमै गाला राउन्डसम्म सजिलै पुग्ने हौसला दिएका थिए। इन्डियन आइडलका चार निर्णायकमध्ये जाभेद अख्तरदेखि डराउने थापा इन्डियन आइडलका प्रतिस्पर्धीहरूमध्ये रेमो र सुनाक्षी आफ्ना बेस्ट फ्रेन्ड भएको बताउँछन्।

कपिलमा रहेको धैर्यता, क्षमता र लगनशीलताले उनलाई प्रतिस्पर्धाको माथिल्लो चरणको यात्रा तय गराउन सक्छ। हाइयर स्केलमा पनि गीत गाउन सक्ने कपिलको विशेषता सुरमा गाउन सक्नु हो। कडा अनुशासित वातावरणमा हुर्किएका कपिलको स्वरले भने हृदय पगाल्ने सामर्थ्य राख्छ। कपिलले संगीतको विशेष कक्षा लिएका छैनन्। सानैदेखि सौखका रूपमा गीत गाउने उनको अर्केस्ट्रा ब्यान्डले एक प्रतिस्पर्धामा पहिलो स्थान हासिल गरेपछि भने उनी गायनतर्फ अझ बढी लहसिएका थिए। खासगरी गत वर्षको इन्डियन आइडलमा प्रशान्त तामाङ विजय भएपछि कपिल इन्डियन आइडलमै भाग्य अजमाउने निर्णय गरेर प्रतिस्पर्धाको छनौट चरणमा सहभागी भएका थिए।

# रातभर जाग्यो धम्पुस



पोखरा- दार्जीलिङकी गायिका रजनी राईको स्वरमा सजिएको कास्कीको पर्यटकीय गाउँ धम्पुसको चिनारी झल्किएको गीत गुन्जियो। मुटु नै कमाउने जाडोको समेत पर्वाह नगरी गाउँकै खुला चौरमा भेला भएका केटाकेटीदेखि केश फुलेका बूढाबूढी गीतको भाका सुनेर दंग परे। सबैले एकसाथ तालीले गीतको स्वागत गरे।

अघिल्लो साता गुरुङ गाउँ धम्पुस पुगेका पाहुनाहरू पनि गीतको लय र भाकामा मच्चिए। पोखराबाट पुगेका युग गुरुङ त गीतको भाकासँग तालमा ताल मिलाउँदै कम्मर मर्काउन पछि परेनन्। त्यसो त उक्त गीतको छायांकन पनि उनैले गरेका हुन्। गाउँलेहरू गाउँको चिनारी दिने गीतको म्युजिक भिडियोको पहिलो प्रदर्शन आफ्नै आँगनमा हेर्न पाउँदा खुब रमाए। खुला चौरमा सजाइएको सेतो पर्दामा प्रदर्शित भिडियो हेर्न विदेशी पर्यटकहरू पनि त्यत्तिकै लालायित देखिन्थे। विम्व कवि रमेश श्रेष्ठले लेखेको उक्त गीतको पहिलो प्रदर्शनी गाउँमै गर्न स्थानीय लालीगुराँस युवा क्लबका जगन गुरुङ र राम गुरुङले चाँजोपाँजो जुराए।

सात दिन लगाएर छायांकन गरिएको उक्त गीतमा धम्पुसकै लोभलाग्दा दृश्य समेटिएका छन्। गाउँकै गीत भएकाले निर्देशक पृथ्वीमान गुरुङले स्थानीय गाउँले कलाकारलाई नै अवसर दिए। गीतका संगीतकार तथा नृत्यनिर्देशक धनबहादुर गुरुङले गीतकी मुख्य नायिका पञ्जु गुरुङलगायतका कलाकारहरूलाई सरुमा क्यामेरा अगाडि प्रस्तुत गराउन निकै मुस्किल पऱ्यो। कहिल्यै क्यामेराअघि फेस नभएका उनीहरूलाई त्यस्तो हुनु स्वाभाविक थियो। गीतकी नायिका पञ्जुले भनिन्- 'मुस्किल भए पनि पहिलो पटक राम्रो अवसर देखाउन पाइयो।' गीतको प्रदर्शनपछि मादलको तालमा गीत घन्काउँदै गाउँ पुगेका पाहुना र स्थानीयवासीले गीत घन्काए। गीतको तालमा सबै एकसाथ नाचे। धम्पुस रातको करिब दुई बजेसम्म गीतले गुन्जियो। कतिपय त धम्पुसको मोहकताबाट लठ्ठिँदै आगो तापेर पूरै रात गुजारनसमेत पछि परेनन्।

-शिव शर्मा










## ● साताको स्वर ●



## कविराज निरौला

**'कसरी म जिऊँ...' गीत त गायक सञ्जीव सिंहको होइन र ?**
यो उहाँकै संगीतमा तयार भएको गीत हो। मेरो स्वरलाई मिल्ने भएकाले उहाँले मलाई उपलब्ध गराउनुभएको हो।

**गीतप्रति न्याय गर्नुभएको छ त ?**
एउटा स्थापित गायकको कम्पोजमा गाउनुपर्ने भएकाले सकेसम्म मेहनत गरेको छु।

**यो कस्तो गीत हो ?**
वियोगान्त गीत हो, जुन पपशैलीमा आधारित छ।

**गीतको कुन पक्ष श्रोताले रुचाएका छन् ?**
संगीत पक्ष रुचाइएको छ। गायन तथा शब्दले पनि श्रोताहरूको मन जितिरहेको छ।

**म्युजिक भिडियो कस्तो छ ?**
म्युजिक भिडियोमा भौतिकवादी युवती तथा माया गर्ने युवकबीचको बिछोडको कथा समेटिएको छ।

**विदेशमा** रहेर पनि नेपाली संगीतमा नयाँ स्वाद दिने उद्देश्यका साथ युवा गायक रोशन भट्टराईले नेपाली गीतिएल्बम 'नोरो' को हालै कोरियामा विमोचन गरेका छन्। रोजगारीका सिलसिलामा केही वर्षदेखि दक्षिण कोरियामा कार्यरत मोरङका गायक रोशन भट्टराईको एकल गायन रहेको गीतिएल्बमको विमोचन नेपाली राजदूत कमलप्रसाद कोइरालाले गरेका थिए। गत आइतबार कोरियाको राजधानी सिउलमा नेपाल-कोरिया सांस्कृतिक मंचको स्थापनाको तेश्रो वार्षिकोत्सव तथा नयाँ वर्ष २००९ का अवसरमा आयोजित कार्यक्रममा उक्त एल्बमको विमोचन गरिएको हो।

**लोकगायक** असीम महत तथा केपी किरण शर्माको लोक दोहोरी गीत चिठी चपेटा बजारमा आएको छ। साइड 'ए' मा 'चिठी चपेटा उडिर'न्छ काँ हो काँ मन पनि विना पखेटा' बोलको गीत छ भने साइड 'बी' मा 'पञ्चैबाजा बजाउँला बटौलीको बजारमा घुमाउन लैजाउला' गीत समेटिएको छ। उक्त क्यासेटमा राजु परियार, कुलेन्द्र विश्वकर्मा, असीम महत, के.पी. किरण शर्मा तथा लक्ष्मी परियारको स्वर सुन्न पाइन्छ भने शब्द के.पी. किरण शर्मा, असीम महतको छ। यो लोकगीति क्यासेट विन्ध्यवासिनी म्युजिक प्रा.लि.ले बजारमा ल्याएको हो। असीम महत तथा केपी किरण शर्मा विगत केही वर्षदेखि खाडी राष्ट्र युएईमा कार्यरत छन् भने हाल केपी किरण शर्मा नेपालमै छन्।

**क्रिसमसको** अवसर पारेर दक्षिण कोरियास्थित एक संस्थाले आयोजना गरेको कार्यक्रममा सहभागी भएर गायिका चन्दा देवान तथा गायक दीपक लिम्बू नेपाल फर्किएका छन्। गत साता कोरियामा भएका दुई सांगीतिक कार्यक्रममा उनीहरूले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेका थिए। कोरियाबाट फर्किएपछि गायिका चन्दा देवानले साप्ताहिकसूग भनिन्- 'स्थानीय आयोजकले अहिलेसम्मकै सबैभन्दा सफल कार्यक्रम भनेर प्रशंसा गरे।' क्रिस्चियन सोसाइटीले गरेको उक्त सांगीतिक कार्यक्रममा गायिका देवान र गायक लिम्बूले भजन पनि प्रस्तुत गरेका थिए।

**गायक** राजेश पायल राइले एकमहिने विदेश यात्राका लागि गत शनिबार काठमाडौं छोडे। विदेश यात्राअन्तर्गत उनले जापान र इजरायलमा आफ्ना सांगीतिक कोसेली प्रस्तुत गर्नेछन्। 'जापानमा तीनवटा र इजरायलमा एउटा कार्यक्रम छ,' यात्राका बारेमा जानकारी दिँदै गायक राइले भने- 'त्यसपछि नेपाल आएर दर्शन नमस्ते गीतिसंग्रह सार्वजनिक गरेर फेरि विदेश यात्रामा निस्कन्छु।'

**विराटनगरमा** भएको नेवा महोत्सवका क्रममा गायकहरू प्रकाश पौडेल, सुमित खड्का र प्रबलदीप विश्वासले उपस्थित दर्शकहरूलाई सांगीतिक मनोरञ्जन प्रदान गरे। हजारौं दर्शकमाझ गायक पौडेलले 'नाइँ मलाई त्यै केटी चाहिन्छ', गायक खड्काले राष्ट्रिय गीत 'हिमाल पहाड तराई' तथा गायक विश्वासले आफ्नो चर्चित मैथिल गीतसहित अन्य थुप्रै सांगीतिक कोसेली प्रस्तुत गरेका थिए।

**प्रतिलिपि** ऐनको चर्चा चलिरहे पनि नेपाली संगीत क्षेत्रमा नक्कली गीतिसंग्रहको उत्पादन घटेको छैन। संगीतको बढ्दो चोरीबाट मुक्ति पाउन सीतारवादक विजय वैद्यले नयाँ उपाय अपनाएका छन्। उनले रक सितार डट कममार्फत आफ्ना नयाँ तथा पुराना सिर्जना सित्तैंमा उपलब्ध गराएका छन्। यो वेबसाइटबाट आफ्ना प्रायः सबै धुन सजिलै डाउनलोड गर्न सकिने वैद्यले स्पष्ट पारेका छन्।

## ● म्युजिक अपडेट ●

**लामो** समयको अन्तरालपछि गायक कमलमान सिंह पुनः सक्रिय भएका छन्। 'क्याटमाण्डु' तथा 'लुक्स' मार्फत श्रोतामाझ आफ्नो पहिचान बनाइसकेका गायक सिंहले करिब चार वर्षपछि नयाँ गीतिसंग्रह 'समय र साथ' तयार पारेका छन्। यो संग्रह चाँडै सार्वजनिक हुने भएको छ।

**गायक** राहुल भारती समाजसेवामा पनि व्यस्त छन्। पशुपति क्षेत्रका वृद्ध-वृद्धा तथा असहायहरूका प्रिय पात्र गायक भारती वर्षको दुई पटक त्यहाँ सक्रिय हुन्छन्। सोही क्रममा गत आइतबार बिहानदेखि साँझसम्म उनी पशुपति वनकाली क्षेत्रमा थिए। मध्याह्न १२ बजे पनि उनले करिब १ हजार वृद्ध-वृद्धालाई खाना मात्र खुवाएनन्, बढ्दो चिसोबाट बचाउने उद्देश्यले करिब ५ सय थान कम्मल, स्वीटर तथा टोपी पनि वितरण गरे। कार्यक्रममा चलचित्र अभिनेता राजेश हमाल तथा गायक रामकृष्ण ढकाल पनि उपस्थित थिए।

**"नेपाली** संगीतलाई प्रोत्साहन, सडक बालबालिकाका लागि हो यो अभियान' भन्ने नाराका साथ चितवनको नारायणघाटमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ। 'नारायणगढ रक्स' शीर्षकको उक्त लाइभ कन्सर्टमा राजधानीबाट गएका लोकप्रिय सांगीतिक समूहका अतिरिक्त स्थानीय समूहले पनि गीत-संगीत प्रस्तुत गरेका थिए। कन्सर्टमा माउन्ट ८८४८, सायास, ११:३० बसन, वेद, स्क्राच, ग्रहण, ब्ल्याक रोज तथा गायक डम्बर नेपालीले युवापुस्ताको मन जित्ने शैलीमा गीत गाएका थिए।

**हिट्स** एवार्डमा सर्वाधिक चारवटा पुरस्कार जितेर चर्चामा रहेको सांगीतिक समूह 'मुक्ति एन्ड रिभाइवल' यतिबेला दर्शकमाझ पुगेको छ। दुई साताअघि राजधानीबाट प्रारम्भ भएको सांगीतिक कार्यक्रम गत शनिबार पोखरामा भएको थियो। कार्यक्रममा रक संगीत प्रस्तुत गर्ने यो समूहले आधा दर्जनभन्दा बढी गीत गाएर श्रोतालाई मनोरञ्जन प्रदान गरेको थियो। पोखरा रंगशालामा सम्पन्न उक्त कार्यक्रममा मुक्ति एन्ड रिभाइवलका अतिरिक्त रबिन एन्ड द न्यु रेभुलुसन तथा द स्याडोज समूहका संगीतकर्मी पनि सहभागी थिए।

**नेपाली** र्‍याप गायक गिरीश खतिवडा यतिबेला अमेरिकामा छन्। अमेरिकामा उनी 'गोर्खालीजी' का रूपमा परिचित छन्। गत शनिबार अमेरिकाको टेक्सासमा सम्पन्न सांगीतिक कार्यक्रम 'विन्टर ब्लास्ट २००८' गिरीशले नेपाली श्रोतालाई र्‍याप संगीत सुनाए। डिजे एन र्‍यापको डिजेइङमा डान्स पार्टीसमेत समावेश थियो।

## अफबिट




**गाडीमाथि रोमान्स** : बन्दिपुरमा छायाँकन गरिएको एउटा रिमिक्स गीतको म्यूजिक भिडियोका लागि पोज दिँदै मोडलहरु।

## लाइभ शो

आज शुक्रबार दमकमा आयोजना हुने दमक महोत्सवमा लोकप्रिय गायक-गायिकाहरूले गीत-संगीत प्रस्तुत गर्दैछन्। महोत्सवमा महेश बुढाथोकी, प्रकाश पौडेल, बाबु बोगटी, सुगम पोखरेल, तुलसी पराजुली, मिङ्मा शेर्पा आदि कलाकारको उपस्थिति रहनेछ। कार्यक्रममा टेलिश्रृंखला 'मेरी बास्सै' का सुरेन्द्र केसी, सुरज चापागाईं, सूरवीर पण्डित, पल्पसा डंगोल, सुनिता गौतम तथा राजु पौडेलले हास्यप्रस्तुतिमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गर्नेछन्।



# मुम्बईको विकल्प काठमाडौं

● **कृष्ण भट्टराई**

काठमाडौं– विश्वका दस उत्कृष्ट सहरमध्येको एक मुम्बई बलिउड चलचित्र उद्योगका कारण पनि विश्वप्रसिद्ध छ। त्यसैले दक्षिण एसियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा) ले पहिलो पटक आयोजना गर्न लागेको साफ्मा वृत्तचित्र तथा चलचित्र महोत्सव पनि दक्षिण एसियाकै सबैभन्दा ठूलो चलचित्र नगरीमा आयोजना गर्ने तय गरेको थियो।

तर अघिल्लो महिना मुम्बईमा आतंककारीहरूले गरेको आततायी आक्रमणका कारण आयोजकलाई साफ्मा वृत्तचित्र महोत्सव कहाँ गर्ने भन्ने कुराले चिन्तित बनायो। नेपालको कला, संस्कृति तथा सुन्दरतालाई नजिकबाट नियालिरहेका पाकिस्तानी सञ्चारकर्मी तथा साफ्माका महासचिव इन्तियाज आलमले मुम्बईको विकल्प काठमाडौं हुने कुरा निर्णय गर्न ढिलो गरेनन्। साफ्माको नेपाल शाखासँग परामर्शपछि आयोजकले काठमाडौंमै दक्षिण पूर्वी एसियाका आठवटै देशका चलचित्रकर्मी भेला हुने निर्णय गरे। फलस्वरूप गत शनिबारदेखि राजधानीमा साफ्मा वृत्तचित्र महोत्सवको पहिलो संस्करण प्रारम्भ भयो। गत मंगलबार साँझ याक एन्ड यति होटलमा आयोजित समापन समारोहमा भेटिएका साफ्माका महासचिव आलमले सन्तुष्टि व्यक्त गर्दै साप्ताहिकसँग भने– 'मैले गरेको निर्णय गलत भएन, महोत्सव अत्यन्त सफल भयो।'

महासचिव इम्तियाज आलमले सार्क मुलुकमा युद्धको अन्त्य तथा शान्ति पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले यो महोत्सवको आयोजना गरिएको बताए। महोत्सव संयोजक साराह तारिनले महोत्सवले सार्क मुलुकका वृत्तचित्र तथा पत्रकारलाई एकै ठाउँमा भेला गराएर साँस्कृतिक आदानप्रदानमा ठूलो मद्दत पुऱ्याउने धारण व्यक्त गरिन्। महोत्सवको पहिलो दिन शनिबार नेपालको प्राकृतिक सौन्दर्य विषयमा निर्मित वृत्तचित्र तथा आनन्द पर्टवर्धनद्वारा निर्देशित भारतीय वृत्तचित्र 'वार एन्ड पिस' प्रदर्शन गरिएको थियो। नेपाली वृत्तचित्र हेरेपछि विदेशी सिनेकर्मी तथा चलचित्र समीक्षकहरूले नेपालको प्राकृतिक सौन्दर्यको प्रशंसा गरेका थिए। महोत्सवको पहिलो दिन नै नेपाली संस्कृति झल्कने लोकनृत्य प्रस्तुत गरिंदा भुटानदेखि अफगानिस्तानसम्मका चलचित्रकर्मीहरू नेपाली मौलिक नृत्य तथा संगीतको प्रशंसा गरिरहेका थिए।

महोत्सवमा नेपालका पाँचवटा वृत्तचित्र प्रदर्शन भए। केसाङ छेतेनको 'युद्धचित्र', रेणु क्षेत्रीको 'गर्ल पावर', ध्रुव बस्नेतको 'बेटर टु ह्याब बिन किल्ड', सुविना श्रेष्ठको 'चोली, चुलो र बन्दुक' तथा मोहन मैनालीको 'द वेट कन्टिन्यु' ले नेपालको प्रतिनिधित्व गरेका थिए। महोत्सवमा वृत्तचित्र प्रदर्शनबाहेक दक्षिण एसियाली वृत्तचित्र विषयमा केसाङ छेतेन (नेपाल), सैवाल चटर्जी (भारत), छिरिङ रितार शेर्पा (नेपाल), दीपा गहलोत (भारत) तथा तारिक मसुद (बंगलादेश) ले कार्यपत्र प्रस्तुत गरेका थिए।

महोत्सवमा सहभागी चलचित्रकर्मीले आफ्ना देशको वृत्तचित्र संस्कृतिका बारेमा पनि प्रकाश पारेका थिए। 'लामो समयदेखि युद्धमा फस्नुपरेकाले' श्रीलंकाली वृत्तचित्र निर्देशक साम डे शिल्भा तथा सार्नी जयवर्द्धनको अनुभव थियो– 'हामी युद्धकै सेरोफेरो रहेर वृत्तचित्र बनाउन विवश भयौं।' द्वन्द्वका विषयका वृत्तचित्रले विश्वबजारमा राम्रो स्थान पाएको उनीहरूको अनुभव थियो। पाकिस्तानका अदनाम मलिकले आफ्नो मुलुकमा केही समययता गुणस्तरीय वृत्तचित्र बन्न नसकेको बताए। भारतका चलचित्र समीक्षक गौतम भाष्करणको अनुभव केही पृथक रह्यो। उनको धारणा थियो – 'बलिउडका व्यावसायिक उत्पादनले वृत्तचित्रलाई ओझेलमा पारेको छ।' भुटानमा पनि वृत्तचित्रले सोचेजति लोकप्रियता हासिल गर्न सकेको छैन। भुटानको आन्तरिक राजनीतिका कारण वृत्तचित्रको निर्मँणमा वृद्धि हुन नसकेको भुटानबाट सहभागी निर्देँशक पेमा रिन्जेनले बताए।

नेपाललगायत भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, भुटान, मालदिभ्स तथा अफगानिस्तानका एक दर्जनभन्दा बढी चलचित्रकर्मीले निर्मँण गरेका २२ वटा वृत्तचित्र प्रदर्शन गरिएको महोत्सवमा दर्शक सहभागिता पनि उल्लेखनिय रह्यो। महोत्सवको अन्तिम दिन आफ्नो कार्यपत्र प्रस्तुत गर्ने क्रममा नेपाली वृत्तचित्रकर्मी केसान छेतनले अघिल्लो महिनामा नयाँदिल्लीमा सम्पन्न एउटा महोत्सवको उदाहरण प्रस्तुत गर्दै भने– 'त्यहाँ प्रत्येक सोमा ३५-४० जनाभन्दा बढी दर्शक कहिल्यै जुटेनन्। त्यस्तै शैलीको यो महोत्सवमा दर्शक सहभागिता यति रह्यो कि दर्शकहरू उभिएरै दक्षिण एसियाली वृत्तचित्रबाट मनोरञ्जन लिइरहेका थिए।'

महोत्सवमा पाकिस्तानी वृत्तचित्र 'कि जाने मैं कौन' ले सर्वोत्कृष्ट वृत्तचित्रको एवार्ड मात्र जितेन, सर्वाधिक ३ हजार डलर नगद पुरस्कार पनि आफ्नो पोल्टामा पाऱ्यो। सन् १९९२ डिसेम्बर ५ का दिन अयोध्यास्थित बाबरी मस्जिदमा हमलाबित्तिकै पाकिस्तानका मन्दिर भत्कन थाले। धर्मका नाममा चर्किएको द्वन्द्वले भारत तथा पाकिस्तानबीचको सम्बन्ध चिस्यायो। वृत्तचित्रकर्मी सार्जिल बालोकको क्यामेराले त्यही विषयलाई आफ्नो क्यामेरामा कैद गरे। पाकिस्तानका मन्दिर भत्काउने मुस्लिमले नै जीर्णद्धारमा सघाए। शान्ति कामनासाथ मुस्लिमहरू मन्दिर अनि हिन्दु मस्जिद धाउन थाले। दक्षिण एसियामा प्रारम्भ भएको युद्ध संस्कृतिविपरीत यहाँका जनता शान्ति तथा भाइचारा चाहन्छन् भन्ने सन्देश समेटिएको यो वृत्तचित्र विजयी हुँदा प्रतिस्पर्धी अन्य वृत्तचित्रकर्मीले असन्तुष्टि व्यक्ति गरेनन्।

महोत्सवमा सार्नी जयवर्द्धनद्वारा निर्देशित श्रीलंकाली वृत्तचित्र 'डिफेन्ट आर्ट' ले दोस्रो उत्कृष्ट वृत्तचित्रको एवार्डसहित २ हजार डलर आफ्नो पक्षमा पाऱ्यो। यो वृत्तचित्र विगत केही वर्षयता श्रीलंकाली कलाकारहरू आफ्ना सिर्जनामार्फत कसरी शान्ति स्थापनाका लागि लागिपरेका छन् भन्ने विषयवस्तुमा आधारित थियो।

नेपाली वृत्तचित्रकर्मी मोहन मैनालीले महोत्सवमा तेस्रो पुरस्कार जिते। दसवर्षे द्वन्द्वकालमा आफन्त गुमाएका धादिङको जोगीमारावासीको पीडामा आधारित वृत्तचित्र 'द वेट कन्टिन्यु' १ हजार डलर राशिको तेस्रो पुरस्कार जित्न सफल भयो। नफिसा सहरद्वारा निर्देशित अफगानीस्तानको वृत्तचित्र 'केभ लिभिङ' ले विशेष जुरी एवार्ड जित्यो।

# वर्ष २००८ मा विज्ञान तथा प्रविधि



### ब्रह्माण्डको रहस्य

ब्रह्माण्ड उत्पत्तिको रहस्यलाई प्रमाणित गर्ने उद्देश्यले गरिएको एक प्राविधिक खोज अभियान वर्षकै प्रमुख घटना बन्न पुग्यो। प्रोटोनका कणहरूलाई आपसमा ठोक्काएपछि हुने विष्फोटले ब्रह्माण्ड उत्पत्तिको सिद्धान्त बुझ्न मद्दत पुग्ने आशाका साथ जमिनभन्दा १ सय मिटर तल २७ किलोमिटर लामो सुरुङमा सो प्रयोग गरिएको थियो। लार्ज हाड्रोन कोलाइडर अर्थात् एलएचसी नामक उक्त सुरुङभित्र ठूल्ठूला पाइप लाइन ओछ्याइएको थियो र तिनमा सयौं मिटर लामो केबुल जोडिएको थियो। त्यहाँ १ हजारभन्दा बढी बेलुन आकारका चुम्बक राखिएको थियो। प्रयोगबाट आउने नतिजा रेकर्ड गर्न विशाल कम्प्युटर संरचना निर्माण गरिएको थियो। यसबाट प्रतिसेकेन्ड १ सय मेगाबाइटभन्दा बढी तथ्यांक बटुल्न सकिन्थ्यो। गत सेप्टेम्बर १० का दिन घडीको सुईको दिशा र विपरीत दिशाबाट पठाइएका प्रोटोनले सुरुङको २७ किलोमिटर दूरी पार गरेका थिए। त्यसबेला दुई पटक प्रोटोनको अणुबीच घर्षण भै सेता झिल्का निस्किएका थिए। यो प्रयोगमा पनि प्रोटोनलाई त्यसरी नै विष्फोट गराएर त्यसबाट चिसिने कणहरूको गुण पृथ्वीलगायतका ग्रह उपग्रहसँग मिल्छ मिल्दैन भन्ने कुरा अध्ययन गरिएको थियो।

### स्वचालित गितार

सर्वाधिक लोकप्रिय गितार ब्रान्ड गिब्सनले आफैं बज्ने गितार निर्माण गर्‍यो। गिब्सन रोबोट गितार नामको उक्त गितारले स्ट्रिङको चालअनुसार संगीत निकाल्छ।

### इमर्जेन्सी रेडियो

एफएम, एएम, सर्टवेभ, टेलिभिजन सुविधायुक्त अमेरिकी रेडक्रस इमर्जेन्सी रेडियोको विकास यसै वर्ष भयो। स्याटलाइट प्रसारण हुने यो रेडियोले मौसमसम्बन्धी ताजा जानकारी उपलब्ध गराउन सक्छ। वाटरप्रुफ यो रेडियोको ब्याट्रीलाई दम दिएर चार्ज गर्न सकिन्छ। यो रेडियोबाट मोबाइल फोन पनि चार्ज गर्न सकिन्छ।

### सौर्य ऊर्जायुक्त विमान

सौर्य ऊर्जाबाट सञ्चालित एउटा हलुका मानवरहित विमानले लामो समयसम्म उडान भरेर विश्व रेकर्ड कायम गर्‍यो। बेलायती कम्पनी 'क्युनेटिक'द्वारा निर्मित 'जेफाइर' नामक एरियल विमानले परीक्षणकै क्रममा ५४ घण्टाको उडान भरेर रेकर्ड कायम गरेको हो। उक्त विमानको तौल ३१ किलोग्राम र लम्बाइ करिब १८ मिटर थियो

### बढी विद्युत् उत्पादन गर्ने सोलार

अमेरिकी वैज्ञानिकहरूले हालको सोलार प्यानलको तुलनामा दस गुना बढी विद्युत् उत्पादन गर्न सक्ने सोलार प्यानल विकसित गरे। मासाचुसेट्स इन्सिटिच्युट अफ टेक्नोलोजीका वैज्ञानिकहरूले सिसाको यस्तो रंगीन सेलको विकास गरेका छन्, जसले सीधै सूर्यको प्रकाशलाई फोटोभोल्टाइक सेलमा लगेर विद्युत्मा परिणत गर्छ।

### ग्राफिक्स क्यालकुलेटर

विज्ञान र इन्जिनियरिङको क्षेत्रमा कार्य गर्ने व्यावसायिक व्यक्तिहरूका लागिसमेत उपयोगी हुने ५० जी नामको ग्राफिक क्यालकुलेटरको विकास पनि यसै वर्ष गरियो। २ दशमलव ५ मेगाबाइटको मेमोरी भएको यो क्यालकुलेटरमा ५ सय १२ किलोबाइटको र्‍याम छ। २ हजार ३ सयभन्दा बढी काम गर्न सक्ने यो क्यालकुलेटरमा रहेको डाटालाई युएसबी मार्फत कम्प्युटरमा पनि सार्न सकिन्छ।

### सावधान गराउने जुत्ता

बेलायतका वैज्ञानिकहरूले लड्नुभन्दा अघि नै सावधान गराउने जुत्ता निर्माण गरे। आइ शु नाम राखिएको यो जुत्तामा कम्प्युटराइज्ड सेन्सर जडान गरिएको छ। यो सेन्सरले पैतालाको सन्तुलनलाई ख्याल राख्छ।

### स्मार्ट कार

जर्मनीको एक कार निर्माता कम्पनीले कार चलाइरहेको अवस्थामा चालकको ध्यान अरूतिर मोडिए पनि कारले आफैं सडकमा ध्यान दिन सक्ने स्मार्ट कार बजारमा ल्याउने घोषणा गरे। वर्षको मध्यतिर चालकरहित परिक्षण प्रयोग सफल भएपछि यो कारलाई व्यावसायिक रूपमा बजारमा ल्याउने तयारीमा कम्पनी जुटेको छ।

### शक्ति बचाउने चार्जर

ठूला सेलफोन निर्माता कम्पनीहरूले सेलफोन चार्जरका लागि इनर्जी रेटिङ सिस्टमको विकास गरे। यो रेटिङ सिस्टम अहिले प्रचलनमा रहेका नोकिया, मोटोरोला, सामसुङ, सोनी इरिक्सन तथा एलजी इलेक्ट्रोनिक्सका सबै सेलफोनमा प्रयोगमा आउँछ। यो रेटिङ सिस्टममा ५ देखि शून्य स्टारसम्म रहनेछ। ५ वटा स्टारले सबैभन्दा कम शक्ति र शून्य स्टारले बढी शक्ति खपत हुने देखाउँछ।

### माइक्रोप्लेन

हल्यान्डका डेल्फ्थ विश्व विद्यालयका एक विद्यार्थीले मात्र ६० ग्राम वजनको माइक्रोप्लेन निर्माण गरे। उक्त प्लेनको नाम रोबोस्वीफ्ट राखिएको छ। यसले आकाशमा आवश्यकताअनुसार पखेटा घटाउने बढाउने काम गर्छ। त्यसैले यसको उडान क्षमता पनि धेरै छ। यो प्लेन एक जोडी ब्याट्रीको सहायताले लगातार २० मिनेटसम्म आकाशमा उड्न सक्छ।

## सन् २००८ का मोबाइल उपलब्धिहरु




### अनौठो मोबाइल

स्प्रिन्ट नामक अमेरिकी वायरलेस कम्पनीले आफ्ना नातेदार एवं साथीभाइको ठेगाना पत्ता लगाउन सक्ने प्रविधिसहितको मोबाइल फोनको विकास गर्‍यो। यो मोबाइल सेटमा आरएफआइडी स्मार्ट चिप्स राखिएको छ, जसले प्रत्येक १५ मिनेटमा मोबाइल उपयोगकर्ता भएको स्थानका बारेमा जानकारी दिन्छ।

### मोबाइल र कम्प्युटर

यसै वर्ष अल्ट्रा मोबाइल फोनसेट बजारमा आयो। फोन र कम्प्युटर दुवैको सम्मिश्रित यन्त्रका रूपमा विकास गरिएको अल्ट्रा मोबाइल फोनसेटले हालको कम्प्युटरले भन्दा राम्रो काम गर्ने भएकाले यसले मानिसको गतिशील जीवनपद्धतिलाई सजिलो बनाउनेछ। यो अल्ट्रा मोबाइल फोनसेटमा शक्तिशाली ब्याट्री र ब्रोड ब्यान्ड इन्टरनेट सम्पर्क गर्न सकिने वाईफाई कनेक्टिभिटी सुविधा छ। इन्टेल कम्पनीले अहिलेसम्मकै शक्तिशाली र अध्याधुनिक चिप्स राखेर यो अल्ट्रा मोबाइल फोनसेटको विकास गरेको हो।

### मोबाइल पत्ता लगाउने मेसिन

भारतको माइक्रो टेक्नोलोजी इन्डिया लिमिटेडले हराएको मोबाइल तुरुन्तै पत्ता लगाउन सकिने नयाँ सफ्टवेयर 'लस्ट मोबाइल ट्र्याकिङ सिस्टम'को विकास गर्‍यो। यो सफ्टवेयरको माध्यमबाट प्रयोगकर्ता स्वयंले हराएको मोबाइल खोज्न सक्छ। एलएमटीएसले मोबाइलका सम्पूर्ण कार्यलाई लक गर्न सक्छ। मोबाइल सेटमा नयाँ सीमकार्ड राखियो भने पनि सफ्टवेयरमार्फत प्रत्येक सेकेन्डको मोबाइल लोकेसन पत्ता लगाउन सकिन्छ।

### नाडी घडीमा मोबाइल

भ्यान डेर लिड कम्पनीले नाडी घडीमा मोबाइल फोन जडान गर्‍यो। नाडी घडीको आकारमा रहेको डब्लु एम-टु घडीमा मोबाइल फोनको अतिरिक्त १ दशमलव ३ इन्चको टच स्क्रिनसमेत छ। यो स्क्रिनमा २६ लाख कलर छ, जसले कुनै पनि चित्रलाई स्पष्ट रूपमा देखाउन सक्छ। यसमा ब्लु टुथका साथै १ दशमलव ३ पिक्सलको क्यामेरा पनि छ। खिचेको तस्बिरलाई घडिमा रहेको १ जीविको मेमोरी कार्डमा संग्रह गर्न सकिन्छ।

# सूचना प्रविधिको क्षेत्रमा सन् २००८



### याहूको मोलतोल

सन् २००५ देखि नै माइक्रोसफ्ट र याहूलाई मिलाउने असफल प्रयास भए पनि सन् २००८ को प्रारम्भतिर सुरु भएको माइक्रोसफ्टले याहूलाई किन्ने कुराले यो वर्षभरि नै सूचना क्षेत्रमा प्रमुखता पायो। माइक्रोसफ्टले गरेको करिब ४७ अर्ब अमेरिकी डलरमा याहूलाई किन्ने प्रस्ताव याहूको बोर्डले अस्वीकार गरेको थियो। यो प्रस्तावसँगै याहूको सेयर मूल्यमा करिब २० प्रतिशत ह्रास आएको थियो। यसबीच याहूका प्रमुख कार्यकारी जेरी याङ्ले पदबाट राजीनामा दिएका छन् तर पनि याहूलाई किनेर गुगलसित इन्टरनेट बजारमा प्रतिस्पर्धा गर्ने माइक्रोसफ्टको चाहना अझै जीवित छ। केही दिनअघि माइक्रोसफ्टले फेरि याहूको इन्टरनेट खोजी व्यापारलाई २० अर्ब अमेरिकी डलरमा किन्ने प्रस्ताव गरेको छ।

### फायरफक्सको गिनिज रेकर्ड

मोजिला फायरफक्स वेब ब्राउजर २४ घन्टाभित्र सबैभन्दा धेरै डाउनलोड भएको सफ्टवेयरका लागि रेकर्ड कायम गरेर गिनिज बुकमा दर्ता भएको छ। गत जुन महिनामा विमोचन गरिएका फायरफक्स ३ वेब ब्राउजर २४ घन्टाभित्र ८० लाख २ हजार ५ सय ३० जनाले डाउनलोड गरेका थिए। फायरफक्स ३ विमोचन हुने दिन १७ जुन २००८ लाई डाउनलोड दिवस नामकरण गरिएको थियो। यो खुला तथा स्वतन्त्र सफ्टवेयर नेपालबाट भने ५ हजार ८ सय ५३ पटक डाउनलोड भएको छ। यो विमोचनसँगै फायरफक्स प्रयोगकर्ताको बजार एक साताभित्र ४ प्रतिशतले बढेको थियो।

### माइक्रोसफ्टबाट बिदा

विश्वका करिब ९० प्रतिशत कम्प्युटरमा चल्ने विन्डोज सञ्चालन प्रणाली माइक्रोसफ्ट विन्डोजको निर्माता माइक्रोसफ्ट कम्पनीका संस्थापक तथा यसैको नाफाबाट फर्च्युन म्यागजिनको सूचीका अनुसार लगातार १३ वर्षसम्म विश्वका सबैभन्दा धनी व्यक्ति बिल गेट्सले सन् २००८ को जुन महिनादेखि माइक्रोसफ्टको कार्यकारी पद छोडेका छन्। कार्यकारिणी पद छाडे पनि माइक्रोसफ्टका अध्यक्ष गेट्सले अहिले 'बिल एन्ड मेलिन्डा गेट्स' नामक संस्था चलाइरहेका छन्।

### गुगलको एन्ड्रोइड फोन

गुगलले लिनक्समा आधारित सञ्चालन प्रणाली तथा अन्य खुला स्रोत सफ्टवेयरहरूको प्याकेज एन्ड्रोइडको विकास सुरु गरेको छ। विश्वका ४७ वटा प्रमुख मोबाइल फोन निर्माता तथा मोबाइल सेवा प्रदायकहरू सम्मिलित 'ओपन ह्यान्डसेट अलायन्स' ले यसलाई समर्थन तथा सहयोग गरेका छन्। गएको सेप्टेम्बर महिनामा टी मोबाइलले एन्ड्रोइडमा आधारित 'जी १' फोनहरूको बिक्री सुरु गरिसकेको छ। यसले एपलको आइफोनसँग कडा प्रतिस्पर्धा गर्ने विश्वास गरिएको छ।

### माइक्रो ब्लगिङ र सामाजिक सञ्जालको बिगबिगी

सन् २००८ मा फेसबुक, माइस्पेस, अर्कुट, हाइ-फाइभजस्ता




सामाजिक सञ्जालहरूको व्यापक विस्तार भएको छ। यो वर्ष टिटर, आइडेन्टिकाजस्ता माइक्रो ब्लगिङ साइटहरूले अकल्पनीय रूपमा प्रयोगकर्ताहरूलाई आकर्षित गरेका छन्। प्रयोगकर्ताहरूले छोटा एसएमएसजस्ता अपडेटहरू इन्टरनेट जोडिएका जुनसुकै उपकरणहरूबाट राख्न सक्ने भएकाले यस्ता सेवाले ब्लग र एसएमएसको बीच खाली ठाउँ पूर्ति गरेका छन्।

### चीनले तोड्यो अमेरिकाको वर्चस्व

सन् १९६० मा इन्टरनेटको प्रारम्भदेखि सन् २००८ सम्म अमेरिका सबैभन्दा धेरै इन्टरनेट प्रयोगकर्ता भएको देश थियो तर यस वर्षदेखि चीनले अमेरिकालाई उछिनेको छ। हाल चीनमा २२ करोड ८० लाख इन्टरनेट प्रयोगकर्ता छन् भने अमेरिकामा मात्र २२ करोड ५० लाख। अगामी वर्ष अझ ६ करोड चिनियाँको पहुँच इन्टरनेटमा पुग्ने अनुमान गरिएको छ।

### लिनक्सको बढ्दो लोकप्रियता

गैरनाफापरक प्रतिबालक एक ल्यापटप प्रोजेक्टको प्रारम्भसँगै विभिन्न कम्पनीले सस्ता ल्यापटप निर्माण गर्न थालेका छन्। एक्स ओ, ईपीसी, एचसीएल, क्लासमेटजस्ता कम मूल्यका ल्यापटपहरू सुरुमै लिनक्स हालेर बजारमा आउन थाले। उबुन्टु, फेडोरा, सुसेजस्ता लिनक्स सञ्चालन प्रणालीका नयाँ संस्करणहरू पहिलेभन्दा बढी प्रयोगकर्तामुखी भएकाले यस्ता ल्यापटपसँगै लिनक्स तथा अन्य खुला एवं स्वतन्त्र सफ्टवेयरहरूको लोकप्रियता बढ्दै गएको छ।

### गुगलको आफ्नै ब्राउजर क्रोम

गुगलले मोजिला इन्जिनमा आधारित क्रोम नामक आफ्नै वेब ब्राउजर सार्वजनिक गरेको छ। यो बाउजरमा धेरै सुविधा नभए पनि प्रयोग गर्न सजिलो हुने गरी बनाइएको छ। अहिले विन्डोजका लागि मात्र उपलब्ध लिनक्स र म्याक चल्ने बनाउन काम भैरहेको गुगलले जनाएको छ।

### माइक्रोसफ्ट सर्फेसको जादू

माइक्रोसफ्टले यो वर्ष 'माइक्रोसफ्ट सर्फेस' नामक मल्टिटच प्रविधिको उत्पादन सार्वजनिक गरेको छ। गएको मे महिना प्रथम प्रदर्शन गरिएको यो उत्पादनको प्रयोग गरी एक वा दुवै हातले स्क्रिनमा छोएर तथा वस्तुहरूको चालबाट डिजिटल सामग्री चलाउन सकिन्छ।

### विद्यार्थीलाई सफ्टवेयर

सन् २००८ मा माइक्रोसफ्ट कर्पोरेसनले संसारभरका विद्यार्थीलाई आफ्ना विभिन्न सफ्टवेयर निःशुल्क रूपमा प्रयोग गर्न दिने घोषणा गरेको छ। हालसम्म ११ देशबाट यो अभियान प्रारम्भ गरिएको माइक्रोसफ्टले जनाएको छ। ड्रिमस्पार्क नाम दिइएको यो अभियानबाट विद्यार्थीहरूले माइक्रोसफ्टको भिज्युअल स्टुडियोलगायत अन्य धेरै प्रोगाम प्रयोग गर्न सक्नेछन्।

### सिडीको सिल्भर जुबली

चलचित्र हेर्नेदेखि गीत सुन्नसम्म प्रयोग हुँदै आएको र कम्प्युटर प्रयोगकर्ताहरूका लागि डाटा ट्रान्सफर गर्न सजिलो माध्यम भएको सिडी अर्थात् कम्प्याक्ट डिक्सले यसै वर्ष आफ्नो आविष्कारको सिल्भर जुब्ली मनायो। सन् १९८२ को अगस्त महिनामा व्यावसायिक रूपमा जर्मनीको फिलिप्स फ्याक्ट्रीमा सिडीको जन्म भएको थियो। यसलाई सोनी र फिलिप्स कम्पनीले संयुक्त रूपमा विकास गरेका थिए।

### सस्तो ल्यापटप

यसै वर्ष ताइवानी कम्प्युटर निर्माता असुस्टेक कम्प्युटरले विश्वमै सस्तो व्यावसायिक ल्यापटप कम्प्युटरको विकास गर्‍यो। 'इपीसी' नाम दिइएको यो ल्यापटपको मूल्य ३ सय ३७ अमेरिकी डलर (करिब २० हजार नेपाली रुपैयाँ) पर्नेछ। ७ इन्चको स्क्रिन भएको इपीसीको वजन ८ सय ९० ग्राम छ। यो ल्यापटपमा खुला सञ्चालन प्रणालीमा आधारित लिनक्सको अपरेटिङ सिस्टम राखिएको छ।

### टचस्क्रिन ल्यापटप

वान ल्यापटप पर चाइल्डका निर्माताहरूले यसै वर्ष ७५ डलर मूल्यको ल्यापटप विकास गरे जुन ल्यापटपको किबोर्ड र मनिटरमा टचस्क्रिनको सुविधा छ। 'एक्सओ-२' नामकरण गरिएको यो ल्यापटप हलुको भएकाले साना विद्यार्थीहरूले पनि सहजै बोकेर हिँड्न सक्नेछन्।

## ● सन्देश ●

रत्नपार्कदेखि लगनखेलसम्मको माइक्रोबसको यात्रामा एउटै सिटमा बसेकी पिंक टिसर्ट र नीलो जिन्स पाइन्ट लगाएकी तिमीलाई मैले केही गर्दा पनि बिर्सन सकिनँ। त्यसपछिका हरेक दिन म त्यो समयमा माइक्रोबसमा यात्रा गर्छु तर तिमीलाई भेट्न सकिरहेको छैन्, प्लिज मिल्छ भने एकपटक भेट्ने प्रयास गरौं न है.... ।

**धर्के ज्याकेट लगाएको साथी**

सोमबारका दिन कोसी कटान क्षेत्रबाट काँकडभिट्टाको बसमा अगाडिपट्टि बर्नटमा बस्ने कालो टिसर्ट र जिन्स पाइन्ट लगाउने । मैले निधारमा के लागेको मेटाउन भन्ने इसारा गर्दा यो यस्तै हो भनी जवाफ दिने बिर्तामोडमा अरू केटा साथीहरूसँग गैरहेकी राम्री केटीलाई मित्रताका लागि आग्रह गर्दछु ।

**शंकर**

उदयपुर बसाहा-५ भान्जीडाँडा बस्ने सम्पूर्ण साथीहरू रमेश, राम, लक्ष्मण, रामेश्वर, मनि, दले, जिबु, युवराज, भीम, सुनिता, सुजन, जेठी बहिनी, सानी बुनु तथा छोरी यशोदालाई म राम्रोसँग काठमाडौँ आइपुगेँ र काममा लागिसकेको छु, मेरो चिन्ता नलिनुहोला भन्ने सन्देश दिन चाहन्छु ।

**गोपाल राई**

जानु, कहिले आउने ? काँडेमा विताएको त्यो पलको सम्झना मनमा छाल बनेर आउँदा तिमीबाट टाढा



बस्नुको बाध्यता मेरो सबैभन्दा ठूलो दुर्भाग्य हो ।

**सन्तोष**

सुजैना, किन सधै भ्रममा पारिरहन्छ्यौ । कलेजबाट आउँदा पनि भेट हुँदैन । अचेल आफ्ना कुरा किन लुकाउँछ्यौ ? ममाथि तिमीलाई विश्वास छैन र ? छैन भने किन छैन ? भेटेर वा फोन गरेर भन्नु ल...।

**समिर**

सागरजी, अरामै हुनुहुन्छ ? किन हो आफूले नै प्रेम कहानी सुरु गरी आफूबाटै अन्त्य गर्दै हुनुहुन्छ ? फोन पनि गर्नुहुन्न मैले गर्दा पनि उठाउनुहुन्न । मैले त तपाईप्रति पूर्ण विश्वास गरेकी थिएँ तर बीचैमा घात गर्नुभयो किन ? हाम्रो प्रेमसम्बन्ध अघि नबढाउने भए पनि राम्रोसँग फोनमा भन्न सक्नुहुन्थ्यो । किन मलाई अलमलमा पारेको ? म कुनै खेलौना त होइन नि, त्यसैले एकपटक कल गर्नु ल...।

**जुनाली**

**सूचना**

**प्रेम दिवस (भ्यालेन्टाइन डे) १४ फ्रेबुअरीका अवसरमा आफ्ना हितचिन्तक प्रेमी-प्रेमिकालाई शुभकामना सन्देश दिन चाहनेहरूले आफ्नो सन्देश माघ २४ गतेसम्म साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध गरिन्छ ।**

**–सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

नाम : ..............................................................

उमेर : ................................ उचाइ : ............................

पेसा : ................................ शिक्षा : ............................

स्वभाव :............................ वैवाहिक स्थिति : ...................

अभिरुचि : ...............................वर्ण : ............................

इमेल : ..............................................................

ठेगाना :..............................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................

..............................................................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

# निसाना साइबर क्याफे

**पृष्ठ १ बाट जारी**

जनाएका थिए । 'यो सकारात्मक कुरा हो' ठमेलस्थित एभरेस्ट साइबर सञ्चालन गर्दै आएका प्रकाशचन्द्र ढुंगानाले भने- 'हामी आफ्नो तर्फबाट सक्दो सहयोग गर्छौं ।'

**के हो साइबर क्राइम ?**

सूचना प्रविधिको बढ्दो सञ्जालसँगै यसका प्रयोगकर्ताहरूले इन्टरनेटलाई माध्यम बनाएर विभिन्न आपराधिक गतिविधिहरू सञ्चालन गरिरहेको तथ्य फेला पर्ने गरेका छन् । आपराधिक गिरोहका लागि कम्प्युटर प्रविधि सुरक्षित र सुलभ माध्यम बनेको छ । यसरी कम्प्युटर प्रविधिको माध्यमबाट गरिने आपराधिक क्रियाकलापलाई नै साइबर क्राइम भनिन्छ ।

च्याटको माध्यममबाट मायाप्रेममा फसेकी एक नेपाली युवतीको केही वर्ष पहिले महाराजगन्जमा हत्या भएको घटना होस् वा इन्टरनेटबाट योजना बनाएर अलकायदा आतंककारीहरूले अमेरिकामाथि हमला गरेको घटना दुवैमा कम्प्युटर प्रविधिलाई माध्यम बनाइएको थियो । सतहमा देखिने यी अपराध मात्र होइन इन्टरनेटको माध्यमबाट अरू अपराधजन्य घटनाहरू पनि बारम्बार दोहोरिरहेका छन् ।

पोर्नोग्राफीको क्षेत्रमा सक्रिय माफियाहरूले थाहै नपाई बालबालिकालाई नङ्ग्याएर तस्बिर तथा चलचित्र तयार गर्ने गरेका छन् । ह्याकर तथा एक्स्पर्टहरूले विभिन्न बैंक तथा संस्थाहरूको आर्थिक विवरण र खाता कब्जा गर्ने, अवैधानिक तवरले विभिन्न गोप्य कागजात तथा विवरणहरू कब्जामा पार्ने एवं नष्ट गर्ने कामसमेत गरेका छन् । त्यस्तै, अपराधमूलक काममा मानिसलाई फसाउने, आतंक फैलाउने लगायत कम्प्युटर प्रविधिको सहयोग लिएर गरिने हरेक आपराधिक गतिविधिलाई साइबर क्राइम भनिन्छ ।

**नेपालमा साइबर ल**

नेपालमा करिब ४ लाख इन्टरनेट प्रयोगकर्ता छन् । तथ्यांकअनुसार एसियाली राष्ट्रमध्ये अश्लील वेबसाइट हेर्नेहरूमा ( प्रतिशतका आधारमा) नेपाल पाँचौं स्थानमा छ । कानुनी रूपमा वर्जित वेबसाइट हेर्नेमा मात्र होइन, आपराधिक गतिविधि सञ्चालनका लागि पनि नेपालमा कम्प्युटर प्रविधिको दुरुपयोग हुने गरेका तथ्य भेटिन्छन् । खासगरी अन्तर्राष्ट्रिय आपराधिक गिरोहहरूका लागि समेत नेपाल सजिलो स्थान भएको छ ।

त्यसो त नेपालमा साइबर क्राइमलाई नियन्त्रण गर्ने प्रयास नभएको होइन । पूर्वराजा ज्ञानेन्द्रको शासनकालमा 'साइबर ल' सम्बन्धी एक अध्यादेश जारी गरिएको थियो, जसमा विद्युतीय अभिलेखमा गैरकानुनी तवरबाट परिवर्तन गर्ने कार्यलाई नियन्त्रण गर्न तत्कालीन संविधान- २०४७ को धारा ७२ अनुसार अध्यादेश जारी गरिएको



उल्लेख छ । उक्त अध्यादेशको परिच्छेद ९ मा कम्प्युटरसम्बन्धी कसुर शीर्षकमा कम्प्युटर प्रविधिबाट गरिने आपराधिक गतिविधिका सम्बन्धमा स्पष्ट पारिनुका साथै कानुनी सजायसमेत तोकिएको छ ।

यसमा कम्प्युटर स्रोत संकेतको चोरी, नष्ट वा परिवर्तन गर्ने, कम्प्युटरमा रहेको कार्यक्रम, सूचना वा तथ्यांकमा पहुँच प्राप्त गर्ने मनसायबाट जिम्मेबार व्यक्तिबाट कुनै अख्तियारी नलिई प्रयोग गर्ने, कम्प्युटर र सूचना प्रणालीमा क्षति पुऱ्याउने, विद्युतीय रूपमा गैरकानुनी कुरा प्रकाशन गर्ने, गोपनियता भङ्ग गर्ने, झूटा व्यहोराको सूचना दिने, झूटा इजाजतपत्र वा प्रमाणपत्र पेस गर्ने वा देखाउने, तोकिएको विवरण वा कागजात दाखिला नगर्ने, कम्प्युटर जालसाजी गर्ने, कम्प्युटरसम्बन्धी कसुर गर्न प्रोत्साहन गर्नेजस्ता कार्यलाई वैधानिक रूपमा बन्देज गरी त्यसो गर्नेलाई १ लाखदेखि ५ लाख रुपैयाँसम्म जरिवाना वा १ देखि ५ वर्षसम्म कैद वा दुवै सजाय हुने प्रावधान छ । त्यस्तै नेपाल बाहिर बसेर जारी अध्यादेश विरुद्ध कुनै कसुर गरे अध्यादेश बमोजिम मुद्दा चलाई सजाय गर्न सकिने व्यवस्थासमेत छ ।

**नियन्त्रणको प्रयास**

काठमाडौं महानगरीय प्रहरी परिसर हनुमानढोकाका तत्कालीन प्रमुख सवेन्द्र खनालको नेतृत्वमा



साइबरभित्र हुने अपराधजन्य क्रियाकलापको पहिचान एवं नियन्त्रणका लागि एक कार्यदल बनेको थियो । डिएसपी रविन बस्नेतको नेतृत्वमा प्रहरी निरीक्षकहरू सीताराम रिमाल, प्रदीप केसी र नरेश मल्ल सम्मिलित कार्यदलले काठमाडौंका साइबरहरूबाट हुने यौनजन्य, उच्छृंखल एवं अपराधजन्य घटना नियन्त्रणका लागि काम गरिरहेको छ । 'साइबरहरूमा हुने गैरकानुनी कार्यलाई नियन्त्रण गरिनेछ,' खनाल भन्छन्- 'तर यसका लागि प्रहरी मात्र होइन सबै जिम्मेबार नागरिकको भूमिका उत्तिकै महत्त्वपूर्ण हुनेछ ।' साइबर क्राइम नियन्त्रणका लागि साइबर सञ्चालक, इन्टरनेट प्रयोगकर्ता सबै उत्तिकै अनुशासित हुनु आवश्यक छ । अश्लील वेबसाइटहरू नियन्त्रणका लागि कुनै रणनीति नअपनाएको हाम्रो मुलुकमा यस्ता वेबसाइटहरू हेर्ने र अश्लील क्रियाकलापमा लाग्नेहरूको संख्या बढ्दो छ । 'यस्ता गतिविधिले दुर्घटना निम्तिने खतरा कायम रहन्छ,' खनाल भन्छन्- 'त्यसैले हामी अहिले यसको नियन्त्रणका लागि एक किसिमको मेकानिज्म बनाउने प्रयासमा छौं ।'

साइबरमा क्याबिन नराख्ने, बालबालिकाको प्रवेशमा रोक लगाउने, अश्लील वेबसाइटहरूमा बन्देज लगाउने, दर्ता नभएका साइबरहरू बन्द गर्ने, राति १० बजेभित्र बन्द गर्नुपर्ने र साइबरमा आउने ग्राहकको नाम लगायतको सूची राख्ने जस्ता काम गरे साइबर क्राइम नियन्त्रण हुनेमा सञ्चालकहरूले समेत सहमति जनाएका छन् । 'यसरी साइबर क्याफेहरूलाई नियमबद्ध गरे अपराध नियन्त्रणमा सहयोग पुग्छ'- फस्ट कनेक्सन साइबर नयाँबजारका सालिकराम अर्याल भन्छन् । यसो गर्दा व्यापारमा खासै असर नपर्ने उनको ठहर छ । धेरैजसो युवायुवती च्याट गर्न र अश्लील वेबसाइट हेर्न आउने एभरेस्ट साइबरका प्रकाशचन्द्र ढुंगाना बताउँछन् । प्रायजसो 'टिनएजर्सले नै इन्टरनेटको दुरुपयोग गरिरहेका छन्' ढुंगाना भन्छन् तर कतिपय टिनएजर्सले इन्टरनेटलाई सही रूपमै प्रयोग गर्दै आएको कमल ढकाल बताउँछन् । सामाखुसीमा फ्रेन्ड्स साइबर सञ्चालन गर्दै आएका ढकाल भन्छन्- 'विद्यार्थीहरू कलेज सर्च गर्न आउँछन्, कोही विदेशमा रहेका आफन्त वा साथीभाइसँग च्याट गर्न आउँछन् ।' पकनाजोलस्थित स्काइनेट साइबरका सञ्चालक प्रदीप सुनार साइबरमा बालबालिकाहरू गेम खेल्न आउने गरेको बताउँछन् तर साइबरबाटै आपराधिक घटनाको तानाबाना बुनिने एवं इन्टरनेट र च्याटको प्रयोग अपराधीहरूका लागि सहज भएको कुरा भने उनीहरू स्वीकार गर्छन् । 'क्याबिन बनाइने हुदाँ हरेक गतिविधि गोप्य रहन्छ,' खनाल भन्छन्- 'जसले अपराधीलाई सजिलो बनाएको छ ।'

नेपालमा वर्ल्ड लिंक, नेटप्लस, ग्लोबल, भायोनेट, नाम्चे, मर्कन्टायल लगायत निजी क्षेत्रका ३३ वटा आइएसपी (इन्टरनेट सर्भिस प्रोभाइडर) सञ्चालनमा छन् । यी आइएसपीहरूले प्रशासनले वर्जित गरेका वेबसाइटहरू हटाए पनि शतप्रतिशत भने हटाउन नसकिने इन्टरनेट प्रदायक संघका अध्यक्ष पवन शाक्य बताउँछन् । यसरी अश्लील एवं आपराधिक गतिविधितर्फ प्रेरित गर्ने वेबसाइटहरू रोक्न नेपाल जस्तो गरिब मुलुकका लागि ठूलै चुनौती भएको जानकारहरू बताउँछन् । साइबर ल लागू गरिएका विकसित मुलुकहरूमा समेत यसरी वेबसाइट ब्लक गर्न गाह्रो भैरहको उनीहरू बताउँछन् । प्रहरी तथा साइबर सञ्चालकहरूबीच सहमति भए पनि प्राविधिक एवं आर्थिक कारणले नेपालमा यस्ता वेबसाइटहरू ब्लक गर्न असम्भव भएको बताइन्छ तर बालबालिकालाई साइबर प्रवेशमा रोक लगाउने, क्याबिन नराख्ने र ग्राहकको नाम सूची राख्ने लगायतका कामहरू भने गर्न सकिन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणले सहमति जनाए आफूहरूले अश्लील वेबसाइटहरू बन्द गर्न सक्ने इन्टरनेट सेवा प्रदायक संघ (आईएसपी) का पदाधिकारीले बताए । इन्टरनेट सेवा प्रदायक संघका अध्यक्ष पवन शाक्य भन्छन्– 'शतप्रतिशत रोक्न नसके पनि धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ ।'

इन्फोट्रेडको अवसर पारेर इन्फोटेक कम्प्युटर प्रा.लि.ले अवलोकनकर्तामाझ नयाँ अफर सार्वजनिक गर्ने भएको छ । कम्पनीका प्रमुख कार्यकारी आनन्द नहाटाका अनुसार उनको कम्पनीले इन्फोट्रेडमा सीआरटी डेस्कटप मनिटर लिएर आउने उपभोक्तालाई एलसीडी मनिटर दिनेछ । यसका लागि उपभोक्ताले पुरानो सीआरटी मनिटरको निश्चित मूल्य पाउनेछन् । त्यसमा अतिरिक्त नगद रकम थपेपछि एलसीडी मनिटर लिएर जान पाइनेछ । प्रा.लि.ले इन्फोट्रेडकै अवसर मा अत्याधुनिक कम्प्युटर टेबल तथा हुफरका नयाँ मोडललाई विशेष छुटमा उपलब्ध गराउनेछ । यसैगरी इन्फोट्रेडमा मल्ल बाबा एक्जिमले पनि उपभोक्तामाझ स्पेसल अफर दिने भएको छ । एक्जिमका अनुसार कम्प्युटर मनिटर, कम्प्युटर टेबलजस्ता उपकरणका बारेमा अवलोकनकर्तालाई जानकारी दिइनेछ ।

# जातीय उत्सवमा गुरुङ समुदाय



पोखरा- आहा कति राम्रो पहिरन, उस्तै रमाइलो गुरुङ संस्कृति। नजिकबाट गुरुङ संस्कृतिलाई बुझ्नेकाहरू मख्ख पर्छन्। जातीय संस्कृतिमा त्यत्तिकै धनी छ गुरुङ समुदाय। आफनो मौलिक परम्परा र संस्कृति जोगाउन उनीहरू त्यत्तिकै सिपालु पनि छन्। अझ यतिबेला गुरुङ समुदायको घरपरिवारमा बेग्लै उत्साह र उंमग छाएको छ।

सहरका गल्ली तथा चोकहरूमा गुरुङ समुदायका बालक, तन्नेरीदेखि पाकाहरूसम्म आफनो जातीय पोसाकमा ओहोर-दोहोर गरेको भेट्न सकिन्छ। सिमपानी पोखराकी साया गुरुङ यतिबेला गुरुङ पहिरनमा चिरिच्याट्ट सजिएर ओहोर-दोहोर गरिरहेकी छिन्। यति ठूलो पर्वमा चिरिच्याट्ट पर्नु परेन त ? उनले साप्ताहिकसँग भनिन्- यो त हाम्रो ठूलो पर्व नै हो नि।' साया मात्र होइन उनी जस्तै धेरै गुरुङ युवतीहरू यस्तै पहिरनमा भेटिन्छन्।

परदेश पुगेका लाहुरे दाजुभाइ पनि आफनो घर सम्झेर फर्किएका छन्। गुरुङ समुदायको बाहुल्य रहेको गण्डक क्षेत्र त्यसमा पनि रमणीय नगरी पोखरामा यतिबेला ल्होसारले रनक्क बनेको छ। आफ्नो परम्परा र चालचलन अनुसार गुरुङहरू ल्होसारमा रमाइरहेका छन्। चिसो-चिसो पुस महिनाको यो मौसमलाई गुरुङ जातिको ठूलो पर्व ल्होसारले वातावरणलाई तताइरहेको छ, सोरठी र रोदीको भाकाले। विशेषतः पुस १५ लाई विशेष रूपले मनाए पनि यो महिनाभरि गुरुङहरू ल्होसार पर्व भव्य रूपमा मनाउँछन्।

तमु धिं कास्कीकी अध्यक्ष कर्मा तमुले भनिन्- यतिबेला गुरुङहरू नाचगान र आपसमा शुभकामना साटासाट गर्नमा व्यस्त छन्। त्यसो त गाउँघरमा पुस पन्ध्रलाई ल्होसारको रूपमा मनाइन्छ तर गुरुङहरू पुस १५ को विकसित रूप नै ल्होसार भएको भनेर भन्छन्। ल्होसारलाई अर्को अर्थमा ल्होछार पनि भनिन्छ। ल्होको अर्थ वर्ग र छारको अर्थ नयाँ हुन्छ। त्यसो त पुस पन्ध्रपछि गुरुङ जातिको वर्ष परिवर्तन पनि हुन्छ।

गुरुङहरू यो पर्वमा आफूभन्दा मान्यजनबाट आशीर्वाद थाप्छन्। यो पर्वमा वनभोज जाने र चेलीबेटीलाई मीठो ख्वाउने चलन विशेष रूपमा चलिआएको छ। गुरुङहरूका पण्डित पैडीले यो पर्वमा ग्रहदशा पनि काट्छन्। विशेष रूपमा ल्होसारमा छेलो हान्ने खेल बढी प्रचलित छ। छेलो जित्नेलाई ९ हातको फेटा गुथाई सम्मान गरिन्छ।

ल्होसारलाई बृहत् रूपमा मनाउने प्रचलनको सुरुवात भने गुरुङहरूको संस्था तमु धिंले २०४२ सालदेखि गरेको हो। यो संस्थाले ल्होसारको अवसरमा थुप्रै रमाइला र परम्परा झल्कने कार्यक्रमहरू गर्दै आएको छ। यो पर्वको अवसरमा गुरुङ तन्नेरीहरूलाई आफ्नो मातृभाषाबाट नजिक राख्न तमु धिंले गुरुङ भाषाको कक्षा पनि सञ्चालन गर्दै आएको छ। यही भएर त सरकारले पनि ल्होसारलाई राष्ट्रिय पर्वको रूपमा घोषणा गरेर सार्वजनिक बिदा दिन थालेको छ। ल्होसार पनि तीन प्रकारको हुन्छ टोला ल्होसार, सोनाम ल्होसार र ग्याल्बो ल्होसार। गुरुङ समुदायले मनाउने टोला ल्होसार हो। सहरसँगै गाउँघरमा पनि ल्होसारको बेग्लै रौनक हुन्छ। गाउँमा ल्होसारको अवसरमा नाचागनसँगै गुरुङ संस्कृति अनुरूप तुम्बा पनि पिइन्छ। पृथ्वीचोक पोखराको आँधीखोला फेन्सी स्टोरले गुरुङ समुदायलाई लक्षित गरी गुरुङ समुदायका पहिरनहरू सजाएको छ। स्टोरका सञ्चालक सुरेन्द्रमान श्रेष्ठ भन्छन्- यो महिनाभरि गुरुङ पोसाककै बिक्री बढी हुन्छ। ल्होसारकै अवसरमा तमु वेशभूषा प्रतियोगिता, दौड, दोहोरी आदि विविध सांस्कृतिक कार्यक्रमले गुरुङ वस्ती र समाज गुल्जार हुन्छ।

## • यौन जिज्ञासा र समाधान •

**प्रश्न : म २५ वर्षीय अविवाहित पुरुष हुँ। म पहिले ओछ्यानमा दबाब दिएर दिनमा एक–दुई पटक हस्तमैथुन गर्थें। पछि बिस्तारै छिटो वीर्य बाहिर झर्न थाल्यो अनि मैले त्यसो गर्न छोडें। कहिलेकाहीँ हातले गर्थें। एक दिन चलचित्र हेर्दाहेर्दै लिंग चिलाएर आयो अनि वीर्य बाहिर झर्‍यो। त्यो दिनदेखि पोल्ने र चिलाउने हुन थाल्यो। सात महिना भयो, मेरो लिंगको टुप्पो एकदम पोल्छ र कहिलेकाहीँ चिलाउँछ पनि। कहिलेकाहीँ स्वप्नदोष भयो भने झन् बढी पोल्ने र चिलाउने हुन्छ। युवती देख्नेबित्तिकै एकदम बढी उत्तेजना आउँछ। मैले यहाँ धेरै डाक्टर देखाइसकें र सरुवा रोग हो कि भनेर चेक पनि गराइसकें। पिसाब पनि चेक गराइसकें। रिपोर्टहरू राम्रो छ। चिकित्सकहरू विवाह गरिसकेपछि सबै बिस्तारै ठीक हुन्छ भन्नुहुन्छ। के मैले विवाह गरें भने वैवाहिक जीवनमा केही समस्या हुँदैन त ?**

**– इमेलबाट प्राप्त, नाम नभएको**



डा. राजेन्द्र भद्रा

**उत्तर : हस्तमैथुनका तरिका र वीर्य स्खलन**

सामान्यतः हस्तमैथुनको अर्थ हातद्वारा लिंगलाई उत्तेजित बनाई यौनसुख प्राप्त गर्ने एक यौन क्रियाकलाप हो। धेरैजसो परिस्थितिमा हस्तमैथुनका बेलामा हातको प्रत्यक्ष भूमिका हुने भए पनि लिंगको घर्षणमा प्रत्यक्ष संलग्नता नभै गरिने कतिपय यौन क्रियाकलापलाई पनि हस्तमैथुन नै भनिन्छ। उदाहरणका लागि तपाईंले उल्लेख गर्नुभएको जस्तो ओछ्यान वा तकिया (सिरानी) वा यस्तै अन्य कुनै वस्तु जसले लिंग पर्याप्त दबाब वा घर्षण गर्न सकियोस्।

कुनै पनि कार्य सुरुमा गर्दा धेरै समय लाग्छ र पछि सिकिसकेपछि वा भनौं अभ्यस्त भैसकेपछि त्यही कुरा छरितो रूपमा गर्न सकिन्छ। यस्तै कुरा हस्तमैथुनमा पनि लागू हुनसक्छ र अभ्यस्त भैसकेपछि चाँडै वीर्यस्खलनको स्थितिमा पुग्न सकिन्छ। कुनै व्यक्ति भने कुनै निश्चित तरिकाले लिंगमा दबाब वा घर्षण गराउँदा सजिलै चरमसुख वा वीर्यस्खलनको स्थितिमा पुग्छन् तर अर्को कुनै तरिकाले समय बढी लाग्ने हुनसक्छ।

**लिंगको टुप्पो किन दुखेको होला ?**

लिंगमा पीडा हुने अनेक कारण हुन सक्छन्। पत्रमा लेख्नुभएको सीमित जानकारीका आधारमा यसै भन्न सकिने स्थिति भने छैन। कसैकसैलाई वीर्यस्खलनपछि लिंगको टुप्पोमा केही असजिलो हुनसक्छ। त्यसबाहेक अग्रचर्म नकाटिएका व्यक्तिहरूमा त्यसको संक्रमण पीडाको कारण हुनसक्छ। लिंगको अग्रभागमा हर्पिस आएको स्थितिमा पानीफोकाजस्तो आउनुभन्दा केही दिनअघि पोल्ने तथा चिलाउने हुन्छ र पछि दुख्न थाल्छ। तपाईंले पानीफोकाजस्तो कुराको उल्लेख गर्नुभएको छैन। चिकित्सकबाट परिक्षण गराइसक्नुभएको र सबै ठीक रहेको कुराले कुनै गम्भीर समस्या पक्कै छैन होला भनेर आश्वस्त हुन सकिन्छ। यद्यपि परीक्षणका दौरान पौरुषग्रन्थिका समस्याका बारेमा छलफल भयो कि भएन, थाहा पाउन सकिएन। कहिलेकाहीँ यो ग्रन्थिको समस्यामा तपाईंले चर्चा गर्नुभएको जस्तो लक्षण हुनसक्छ, तर पिसाबको परीक्षणमा केही खराबी नदेखिन सक्छ। समस्या कायम रहे मूत्ररोग विशेषज्ञलाई देखाउनुपर्ने हुन्छ।

तपाईंको अहिलेसम्म कसैसँग यौनसम्पर्क भएको छ कि छैन, पत्रमा स्पष्ट छैन। यौनरोगबाट सर्ने रोगलाई हामी यौन रोग भन्छौं। हर्पिस एउटा यौनरोग हो भने कतिपय अन्य संक्रमण पनि यौनरोग हुन सक्छन्।

**लिंग चिलाउनुको अर्थ के होला ?**

सामान्यतया शरीरको कुनै अङ्ग कन्याएपछि समस्या समाधान हुन्छ। यसरी चिलाउनुको अर्थ कहिलेकाहीं विशेष हुनसक्छ। जुन शारीरिक रूपमा चिलाउने कुरा भन्दा निकै फरक हुनसक्छ। यौन शब्दावलीमा यौनाङ्ग चिलाउनुको अर्थ यौनेच्छा तीव्र हुनु वा यौनसम्पर्क गर्न मन लाग्नु हुनसक्छ।

तपाईंले कस्तो प्रकारको चलचित्र हेरिरहनुभएको थियो, स्पष्ट छैन तर फिल्म हेर्दाहेर्दै लिंग चिलाएको परिस्थितिमा वीर्य स्खलन भएको कुरा गर्नुभएको छ। यसको अर्थ तपाईंको लिंग चिलाउने कुरा शारीरिक रूपमा छालाको चिलाइभन्दा फरक छ र यसले यौनेच्छातर्फ संकेत गरिरहेको छ भन्ने कुरा देखाउँछ। अर्को हरफमा तपाईंले युवतीलाई देख्नेबित्तिकै एकदमै उत्तेजना आउने कुरा पनि उल्लेख गर्नुभएको छ। यी सबैमा तपाईंको यौनेच्छा प्रकट भएको देखिन्छ। कुनै पनि समाजमा यौनभावनाको ठीक तरिकाले व्यवस्थापन गर्न नसकिए अप्ठ्यारोमा परिन्छ।

हामीलाई थाहै छ, हामी सबै स्वाभाविक रूपमै यौनिक हुन्छौं र अनेक कुरा हामीलाई यौन उत्तेजक लाग्छन्। कतिपय परिस्थितिमा हामीमा मनभित्रको मात्र यौन उत्तेजना नभै बाह्य रूपमा लिंगको उत्तेजना पनि देखा पर्छ। विशेष गरेर यौन उत्तेजना तीव्र हुने किशोरावस्थामा यस्तो समस्याले पिरोल्छ। उमेर बढ्दै गएपछि यौनेच्छाको तीव्रतामा पनि केही कमी आउँछ भने अर्कातिर सामाजिक मूल्य-मान्यताअनुरूप के-कस्तो व्यवहार खुला रूपमा प्रदर्शित गर्न मिल्छ र के गर्न मिल्दैन भन्ने कुरा पनि व्यक्तिले सिक्दै जान्छ। हामी यसलाई यौन भावनाको व्यवस्थापन भन्छौं।

सामाजिक मूल्य-मान्यताको परिधिभित्र रहेर यौनसम्पर्क राख्ने अनि यौनेच्छा परिपूर्ति गर्ने व्यवस्था समाजले मिलाएको हुन्छ। विवाह यस्तै एक व्यवस्था हो। चिकित्सकहरूले यसै सन्दर्भमा तपाईंलाई विवाह गरेपछि बिस्तारै ठिक हुन्छ भन्नुभएको हुनुपर्छ। वैवाहिक जीवनको पनि सीमा हुन्छ र यहाँ श्रीमतीबाट यौन आनन्द उठाउने पर्याप्त अवसर पाउनुहुने भए पनि समष्टिमा यौनभावनाको व्यवस्थापन अपरिहार्य हुन्छ नै र यसलाई कसरी अघि बढाउने भन्ने कुरा तपाईंमा भर पर्छ। आशा गर्छु, कुरा बुझ्नु नै भयो होला।


## के तपाईंमा यौन सम्बन्धी समस्या छ ?

**पुरुषहरूमा देखिने**

शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु

**महिलाहरूमा देखिने**

सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरू।

महिला वा पुरुषहरूमा हुने बाँझोपन (निःसन्तान) को गोपनियताका साथ उपचार

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरू।

सम्पर्क स्थान : **माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक**

पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन : ४२४०३८१, ४२२५५३५

**नोट : डा.सुवोध कुमार पोखरेल तपाईंहरूकै शहरमा**

| | | |
|---|---|---|
| पुतलीसडकमा | पुष ८,९,१०,११,१२,१३ र १४ गते | |
| पोखरा | १५ गते | फोन - ०६१ - ५३९१९४ |
| बागलुङ | १६ गते, दमौली -१७ गते | |
| दाङ घोराही | १८ र १९ गते | फोन - ९८०६२०९८०० |
| बुटवल | २० गते | फोन - ०७१ - ५४८८९३ |
| भरतपुर | २१ गते | फोन - ०५६ - ५२०९६८ |
| हेटौडा | २२ गते | फोन - ९८४५०२७८४९ |
| हरिऔन सर्लाही | २३ गते | फोन - ०४६५२०४८४ |
| उदयपुर कटारी | २४ गते | फोन - ०३५ - ६९०९९३ |
| उदयपुर गाइघाट | २५ र २६ गते | फोन - ९८४५०२९०१७ |
| सप्तरी फत्तेपुर | २७ गते | फोन - ०३१ - ५५०११२ |
| इटहरी | २९ गते | फोन - ०२५ - ५८४०८८ |
| | माघ १ र २ गते | |
| धनकुटा | माघ ३ गते | फोन - ०२६ - ५२११४८ |
| बिर्तामोड | माघ ४ गते | फोन - ९८५२६७३१७३ |


# पलेंटीको चौथो वर्ष पूरा

नेपालयको आरशालामा हरेक अंग्रेजी महिनाको अन्तिम शुक्रबार हुने साङ्गीतिक कार्यक्रम पलेंटी श्रृंखलाले गत शुक्रबार आफ्नो चौथो वर्ष पूरा गरेको छ। नेपाली गीतिलेखनका प्रखर व्यक्तित्व किरण खरेल यसपटकको पलेंटीमा प्रस्तुत भएका थिए। कार्यक्रममा किरण खरेलले आफ्ना सम्झनाहरू दर्शक-श्रोताहरूलाई सुनाएका थिए भने उनका कालजयी रचनालाई नयाँ पुस्ताका गायक-गायिका सुरज र मीनाले गाएका थिए।

दर्शक-श्रोताहरूको बाक्लो उपस्थिति रहेको कार्यक्रमको प्रारम्भ किरण खरेलको पहिलो रचना 'हे दुरका सितारा' बाट भएको थियो। त्यसपछि 'हिमालको काखमा छ सानो मेरो गाउँ', 'तिम्रो माया कागजको रंगीचंगी फूलजस्तो', 'मेरो बिटुलो विश्वास', 'माइतीघर', 'किन सस्तो' र 'को कस्को हो' जस्ता गीतले उपस्थित दर्शक-श्रोतालाई नेपाली आधुनिक गीतको स्वर्णिम युगको सम्झना दिलाएका थिए।

सधैं ओझेलमा पर्ने गीतकारहरूलाई पलेंटीले यसरी अगाडि ल्याएकोमा गीतकार खरेलले खुसी व्यक्त गरेका थिए, यद्यपि हिजोआज प्रविधिको विकासले गर्दा गीतको संख्यात्मक विकास भए पनि गुणात्मक विकास हुन नसकेकोमा भने उनले चिन्ता व्यक्त गरेका थिए– 'त्यतिबेला एउटा गीत रेकर्ड गर्नुअघि गायक-गायिका, सङ्गीतकार र गीतकारहरू धेरै दिनसम्म सँगै बसेर अभ्यास गर्ने चलन थियो तर हिजोआजको व्यस्त समयमा त्यो सम्भव हुँदैन। सायद त्यसैले होला, पहिलेका जस्ता गीतहरू बन्न छोडेका।'




'वरिष्ठ गायकगायिका र सङ्गीतकारहरूले अमर बनाएका गीतहरू गाउन पाउनु हाम्रो लागि अविस्मरणीय अनुभव रह्यो,' पलेंटीको सङ्गीत संयोजक तथा गायक सुरजले भने। 'यस्ता गहन गीत गाउन अभ्यास गर्ने क्रममा मैले धेरै कुरा सिक्ने अवसर पाएँ,' नवप्रतिभा मीनाले भनिन्। कार्यक्रममा उपस्थित खरेलका समकालीन गायक योगेश वैद्यले भने– 'राम्रो गीतसँगै राम्रा श्रोताहरू पनि भैदिए सुनमा सुगन्ध हुँदो रहेछ भन्ने कुरा आज मैले अनुभव गरें।'

पलेंटी श्रृंखला निरन्तर रहने र सन् २००९ को जनवरी महिनामा वरिष्ठ गायक फत्तेमानलाई पुनः एकपटक प्रस्तुत गरिने जानकारी पलेंटीका संयोजक आभासले दिएका छन्।

# अन्तर्राष्ट्रिय हात्तीदौडको उपाधि लक्कीकलीलाई





**प्रवीण दत्त**

चितवन– सधैंजसो पर्यटक बोकेर जंगल डुल्ने भीमकाय शरीर भएका हात्तीहरू यो साता दौडको माध्यमबाट आफू सबैभन्दा अब्बल रहेको देखाउन प्रतिस्पर्धामा उत्रिए। दौडका लागि यी हात्तीले एक दिनमै ३ क्विन्टलसम्म उखु खाएर आफूलाई फुर्तिलो बनाएका थिए। ७ वर्षको हात्तीदेखि ४० वर्षसम्मका हात्तीहरू प्रतिस्पर्धामा सहभागी थिए तर विगतका वर्षहरूमा आफ्नो वर्चस्व छोड्न सफल फुच्चे हात्तीहरूलाई यसपटक वयस्क हात्तीले माथ दिए।

तीन पटकको विजेता जंगबहादुरगजको गत वर्ष निधन भएपछि यसपटक कुन हात्तीले जित्नेछ भन्ने ठोकुवा गर्न प्रतियोगी तथा आयोजकहरूलाई समेत धौ-धौ पर्‍यो तर पाँचौं अन्तर्राष्ट्रिय हात्तीदौडको उपाधिको हकदार बने लक्कीकली। लक्कीकलीले थाइल्यान्डको एसियन वर्ल्ड इन्टरप्राइजेजको प्रतिनिधित्व गरेको थियो। त्यसैगरी लक्कीकलीले निर्धारित दूरी १ मिनेट १६ सेकेन्डमा पूरा गर्दै आफू हात्तीहरूको राजा रहेको सावित गर्‍यो। हात्तीदौडमा नवप्रवेशीको रूपमा सहभागी भएको ३२ वर्षीय लक्कीकलीलाई यसै वर्ष भारतबाट पर्यटक ओसार्न सौराहा भित्र्याएको हो।

दोस्रो स्थानमा घरेलु टोलीबाट सहभागी बिजुलीकली रह्यो। बिजुलीकलीले नेपालकै द एक्सप्लोररको प्रतिनिधित्व गरेको थियो। उसले निर्धारित दूरी १ मिनेट २० सेकेन्डमा पूरा गर्‍यो। तेस्रो स्थानमा घरेलु टोली मनोकामना केबुलकारको प्रतिनिधित्व गरेको रूपकलीले हात पार्‍यो। रूपकलीले सो दूरी १ मिनेट ३३ सेकेन्डमा पूरा गरेको थियो।

सौराहाको बाघमारा सामुदायिक वनको चौरमा आयोथित उक्त प्रतियोगितामा थाइल्यान्ड, स्लोभाकिया, जर्मनी र बेलायत सहित ९ वटा विदेशी र ११ वटा घरेलु प्रतिष्ठानका हात्तीहरू सहभागी थिए। पाँच-पाँचवटा हात्तीको एक समूह बनाई चार समूहमा बांडी प्रतियोगिता गराइएको थियो। एक पटकमा पाँचवटा हात्ती दौडाई १२ हात्तीलाई अर्को चरणमा प्रवेश गराइएको थियो।

प्रतियोगितामा हात्ती दौडसँगै गोरुगाडा र टाँगा दौड प्रतियोगितासमेत भएका थिए। २१ वटा टाँगा सहभागी टाँगादौडको उपाधि गत वर्षका विजेता सञ्जय साहको ७ वर्षीय घोडा शिवले हात पार्‍यो। शिव तेस्रो पटक च्याम्पियन बनेको हो। त्यसैगरी २१ वटा गोरुगाडा सहभागी दौडको उपाधि स्थानीय डिमरा चौधरीले आफ्नो पोल्टामा पारे।

## हात्ती छावाले फुटबल खेले



गोल-गोल, गर्दै दर्शकले हौस्याउँदै थिए तर पनि कुनै पक्षबीच गोल हुन सकेको थिए। केही समयको अन्तरालपछि नै कर्णालीकलीले आफ्नो अजङ्गको खुट्टाले हिर्काएको बल विपक्षीको गोल पोस्टमा प्रवेश गर्नेबित्तिकै दर्शकले ताली बजाउन थाले।

चितवनको सौराहाको बाघमारा सामुदायिक वनको चौरमा गत साता आयोजित हात्ती फुटबल प्रतियोगिता निकै रोमाञ्चक रह्यो। त्यहाँ ७० मिटरको मैदानमा दुई समूह बनाएर हात्ती फुटबल प्रतियोगिता गराइएको थियो। प्रत्येक टिममा ३-३ वटा हात्तीका छावालाई समावेश गराएर प्रतियोगिता गराइएको थियो। प्रतियोगिताको उपाधि सौराहा हात्तीसारले उचाल्यो। हात्तीसारले २ का विरुद्ध ७ गोलको फराकिलो अन्तरले हात्ती प्रजजन केन्द्रकालाई हार्न बाध्य बनायो। हात्तीमा बसेका माउतेको मद्दतले प्रतियोगी छावाले आफ्नो सुँड र अजंगको खुट्टाले फुटबललाई विपक्षीको गोल पोस्टमा छिराउन खोजेको दृश्य रोमाञ्चक थियो।

## फुड फेस्टिबलमा पर्यटकको घुइँचो

सौराहामा ओइरिएका पर्यटकहरू गएको चार दिन वन्यजन्तुसँग रमाउँदै नयाँ परिकारको स्वाद चाख्न व्यस्त देखिए। पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले आयोजित हात्ती दौड प्रतियोगितापछि पर्यटकहरूको बसाइ लम्ब्याउन पर्यटन व्यवसायीहरूले सौराहाको राप्ती बगरमा आयोजना गरेको फुड फेस्टिबलमा पर्यटकको ओइरो लागेको थियो।



विदेशी पर्यटकको संख्या कम भए पनि फुड फेस्टिबलमा आन्तरिक पर्यटकको घुइँचो थियो। फेस्टिबलमा ३२ भन्दा बढी परिकार राखिएका थिए। आदिवासी थारूहरूको पकड रहेको उक्त क्षेत्रमा अनदी चामलबाट बनाइएको चिचंड, हाँसको मासु, घोंघी, लोकल माछा खानेको घुइँचो लागेको थियो भने विदेशी पर्यटक ती नयाँ स्वाद चाख्न पाउँदा रमाएका थिए। उनीहरूका लागि पिज्जा, सिजलर तथा बार्बिक्युव पनि त्यहाँ थियो।

फुड फेस्टिबल आयोजना गरिएको राप्ती नदीको बगर दुलही सिंगारिएको थियो। त्यहाँ दिउँसो ३ बजेपछि नयाँ परिकार र बियर खानेको ताँती देखिएको थियो।

चार दिनसम्म चलेको फुड फेस्टिबलमा वेटर रेस, पर्यटक दौड, खैचेडी नाच, मःमः खाने प्रतियोगिताले पनि पर्यटकलाई सौराहा तानेको थियो। बियर प्रतियोगितामा बियर खानेको होडबाजी नै चलेको थियो। त्यसैगरी घैंटो फुटाई कार्यक्रम, डोरी तान्ने प्रतियोगितासमेत राखिएको थियो। फुड फेस्टिबलमा आउने पर्यटकलाई सुलभ र सस्तो दरमा खाना एवं बास बस्ने व्यवस्था मिलाइएको थियो। पर्यटकहरूका लागि सांगीतिक मनोरञ्जनको व्यवस्थासमेत मिलाइएको थियो। मिलन लामा, प्रजापति पराजुली, शिला आले तथा प्रकाशचन्द भट्टराईको सांगीतिक प्रस्तुतिले त्यहाँको वातावरण नै उल्लासमय भएको थियो।

फुड फेस्टिबलसँगै डुंगा दौड प्रतियोगितासमेत भयो। उक्त दौडको उपाधि मिलन बोटेले आफ्नो कब्जामा पारे।

# नेपाल फेस्टिबलमा नाचे देशी-विदेशी

**न्युयोर्क, अमेरिका–**

*धाउनसम्म यहाँसम्म धायौ नि*
*अमेरिकामा के कामले आयौ नि ?*

अमेरिकी गायिका अन्नाले यसरी दोहोरीका रूपमा प्रश्न सुरु गर्दैगर्दा गायकतर्फ रहेका पवन ओली र अभय ढुङ्गेलले भने–

*धन कमाउन भनेर आयौं*
*सुखभन्दा दुःख धेर पायौं।*

यी यस्तै सवाल-जवाफले अतिथिका रूपमा रहेकी पूर्व उपसभामुख चित्रलेखा यादव गीत सुनेर मात्र बस्न सकिनन्, उनी मञ्चको अगाडि नै गएर छमछम नाचिन्। दर्शकहरू तँछाड-मछाड गर्दा मञ्चको आगाडिको भाग भरिभराउ भयो। बाहिरको वातावरण सार्है चिसो थियो। करिब डेढ फिटको हिउँ परे पनि हलभित्र नेपाली दर्शकसँगै केही विदेशीको जमघटले तातोपन थियो।

पाँच-छ वर्षका हुँदा हुन् यी सोनिया शेर्पा, फुर्बा शेर्पा, सोनाम र टिना शेर्पा, उनीहरूलाई नेपाली बोल्न त्यतिसारो नआए पनि नेपाली गीतमा मच्ची-मच्ची नाच्दा दर्शकहरू पनि खुबै चाख लागेर हेरेको दृश्य पनि रोचक थियो। अमेरिकामा पहिलो पटक आयोजना गरिएको



नेपाल फेस्टिबलका अवसरमा आयोजित सांस्कृतिक कार्यक्रमले धेरैको मन जितेको थियो। सांस्कृतिक कार्यक्रममा अमेरिकामा रहेका नेपाली कलाकारहरूले हिमालदेखि तराईसम्मका विविध सांस्कृतिक नृत्यसँगै गीतहरू पनि प्रस्तुत गरेका थिए।

हिमालको हेलम्बु नाच होस् वा तराईको भोजपुरी नाच तथा मञ्जुश्री नाच होस् वा राई नाच होस् यी र यस्तै नाचहरूले पूर्व उपसभामुखको मात्र होइन सबैको मन तानेको थियो। हास्यबिधाका कलाकार नारायण त्रिपाठीले भने कार्यक्रमको बीच-बीचमा दर्शकलाई पेट मिचिमिचि हाँस्न बाध्य तुल्याए। गायक रोशन गुरुङको स्वरले दङ्गिएका दर्शकहरूलाई गायक सन्जोक लामाको तामाङ सेलोले पनि नाच्न बाध्य बनायो।

त्यसैगरी सुमन पौडेलको नृत्यलाई दर्शकहरूले मन पराएका थिए। बिहान साढे दुई बजेसम्म चलेको उक्त सांस्कृतिक कार्यक्रमलाई थप मनोरञ्जन प्रदान गरेका थिए पबिता बागचन, सानु शेर्पा, कनैया सिंह, तिलक श्रेष्ठ, रामकुमार सिंह, यज्ञमान शाक्य, अमित शाहा, प्रियाङ्का थापा, राजनश्रीप्रताप सेन, प्रज्ञा सापकोटा, त्रिबकटा घिमिरे आदि कलाकारहरूको प्रस्तुतिले। पस्मिना, हान्डीक्राफ्ट आदिका कुल २१ वटा स्टल नेपाल फेस्टिबलमा राखिएका थिए।

**–विष्णुप्रसाद पौडेल**

# नेपाली कलाकारले नाम्चीबासीलाई नचाए

कर्मर मर्काउदै स्टेजमा प्रस्तुत भएकी चर्चित गायिका सत्यकला राईलाई उपस्थित हजारौं दर्शक तथा श्रोताहरूले साथ दिँदै गाउँदै नाच्न थाले, त्यसपछि दर्शक र कलाकारहरूलाई रात छिप्पिएको र सिक्किमको जाडोको पत्तै भएन। दक्षिण सिक्किमको सदरमुकाम नाम्चीमा यो साता आयोजित नाम्ची महोत्सवमा नेपालका चर्चित तीन दर्जन कलाकारले सिक्किमका मुख्यमन्त्री पवन चाम्लिङलगायत सिक्किम सरकारका मन्त्री, विधायकलगायत सारा सिक्किमी जनतालाई नचाए।

मुटु कमाउने चिसो नाम्चीको जाडोसँगै साँझमा सुरु भएको सांस्कृतिक कार्यक्रममा नेपालका तीन दर्जन ख्यातिप्राप्त कलाकारले प्रस्तुति दिए। सिक्किममा नेपाली कलाकारहरूलाई औधी माया र सम्मान गरेकै कारण सत्यकला राई, यम बराल, स्वरूपराज आचार्य, सत्यराज आचार्य, पार्वती राई, कला राई, सुरेश अधिकारी, शिशिर योगी, सचिन सिंह, रोज मोक्तान, मल्लिका कार्की, भीषण मकारुङ आदि कलाकारले उत्साहित भएर आ-आफ्ना गीत प्रस्तुत गरे।

नेपाली कलाकारहरूको उपस्थिति रहने प्रचारले साँझ पर्दा-नपर्दै भीड बाक्लिन थालेको दक्षिण सिक्किमको सदरमुकाम नाम्चीको भाइचुङ स्टेडियममा जब नेपाली कलाकारहरू मञ्चमा प्रकट हुन थाले केही बेर स्टेडियममा सिक्किमे जनताको खचाखच भीड भयो।




गायक यम वरालले दुई पटकसम्म बादलुको घुम्टोले इलाम बजार छोपिंदा प्रस्तुत नगरी धर पाएनन्। सिक्किमको प्राकृतिक सुन्दरतामा रमाउँदै त्यहाँका दाजुभाइसँग गीत प्रस्तुत गर्न पाउँदा असाध्यै हर्षित भएको नेपाली कलाकारहरूले बताए। महोत्सवको प्रमुख आर्कषण बन्न पुगे हास्यकलाकार जितु नेपाल।

गणेश इसारा राईको प्रस्तुति पनि सिक्किमे जनताबीच जमेको थियो। भाषा संस्कृति र साहित्यप्रति औधी रुचि राख्ने सिक्किमी जनताबीच महोत्सवको अवसरमा पुगेका नेपालका साहित्यकार डम्बर गिरी, महेश प्रसाईं, विनोद अश्रुमाली, रमेशचन्द्र अधिकारीजस्ता एक दर्जन साहित्यकारले आ-आफ्ना रचना प्रस्तुत गरेका थिए।

**–विजय सन्तोषी राई**

# जाडोको तातो फेसन





● **शिव शर्मा**

पोखरा- चिसोले शरीर त्यसै काँपिरहेको थियो। तैपनि मनोरञ्जनपारखीहरू चिसोको कुनै पर्वाह नगरी महेन्द्रपुलस्थित मेरील्यान्ड पार्कको खुला चौरमा जम्मा भैरहेका थिए। आकर्षक तवरले बनाइएको मञ्चमा सांगीतिक धुन गुन्जिरहेको थियो। जाडोको वातावरणलाई चर्को संगीतले तताउन रानी रानाको उद्घोषणसँगै स्थानीय भूमिगत ब्यान्ड साइकोटिक स्टेजमा प्रस्तुत भए। तन्नेरीहरूले उत्साहित हुँदै ब्यान्डलाई स्वागत गरेपछि सुरु भयो जाडोको तातो फेसन सो र म्युजिकल ग्रान्ड पार्टी।

रकिङ गीतहरूको बेजोड प्रस्तुतिले साइकोटिकले दर्शकहरूलाई उफार्न कुनै कसर बाँकी राखेन। जाडोको कुनै पर्वाह नगरी मनोरञ्जन लिन आएका तन्नेरीहरूको पहिरन पनि जाडोलाई तताउने खालको थियो।

मदिराको स्वादसँगै रमेका मनोरञ्जनका पारखीहरू जब स्टेजमा लहरै जाडोको पहिरनमा क्याटवाक गर्दै मोडलहरू र्‍याम्पमा देखिए। लामो समयको रिक्ततालाई चिर्दै लुक्स फेसन होम्सको संयोजनमा भएको फेसन सो हेर्न पाउँदा दर्शकहरू पनि फुरुङ्ग भए। लचकरदार कम्मर मर्काउँदै मोडलहरूले क्याटवाक गर्दा रात अझ रंगीन भएको आभास हुन्थ्यो। हट फेसन नाइटको मज्जा लुटन तन्नेरीदेखि पाका फेसन पारखीहरूको उत्तिकै उपस्थिति देखिन्थ्यो। मौसम जाडोको भए पनि गर्मीलाई हुने गरी पहिरन तयार पारिएको थियो। खुला पहिरनमा क्याटवाक गर्ने मोडलहरूले चिसो रातलाई न्यायो बनाएका थिए।

नयाँ र केही पुराना मोडलहरूको जमघट रहेको यो फेसन सोको कोरियोग्राफी रवीन्द्र बज्राचार्यले गरेका थिए। सनफ्लावर ब्युटीपार्लरका ब्युटीसियनहरूले सजाएको मेकअपमा झुल्किएका मोडलहरू फेसन सोको दोस्रो सिक्वेन्स क्याजुअल वेयर रह्यो। मिनीस्कर्ट पार्टी वेयरको तेस्रो सिक्वेन्समा मोडलहरू हट् देखिएका थिए। कार्यक्रमलाई पृथक् बनाउन फेसन सोको बीचमा सांस्कृतिक तथा आधुनिक नृत्यहरूले पनि दर्शकहरूलाई थप मनोरञ्जन दिइरहेको थियो। फेसन सोको रौनक सकिएपछि डिजे संगीतमा झुम्ने तन्नेरीहरूले रातलाई रंगीन बनाए।



# पोखरामा जम्यो डान्स

पोखरा– डान्सपार्टी प्रायः यहाँ रातभर नै जम्छ। अधिकांश डान्सपारखीहरू पनि रातकै डान्सपार्टीमा सहभागिता जनाउन रुचि राख्छन्। यद्यपि गएको साता भने लेकसाइडको प्याराडिसोमा बेग्लै भयो डान्सपार्टीको वातावरण। यसपटक दिउँसोदेखि नै डान्सको रौनक देखियो, रातभर जाग रहने लेकसाइड केही समययता सरकारले ११ बजेपछि बन्द गराउने नियम लागू गराएपछि पार्टीको वातावरण सेलाउँदै आएको छ। रात्रिकालीन डान्सको तिर्खा मेट्न डान्सपारखीहरू दिउँसै भए पनि हौसिन्छन्।

दिउँसो १२ बजेदेखि नै फेसनेवल पहिरनमा तन्नेरी जमात डान्सको मज्जा लिन क्लब परिसरमा भित्रिन थाले। डान्सपारखीहरूको आगमन बढ्दै गएपछि संगीतको धुन पनि चर्को हुँदै गयो। मौसम चिसो भए पनि युवायुवतीहरू गर्मीयाममा लगाइने हट पहिरनमा देखिए। जोडी बनेर नाच्नेहरू कुममा कुम ठोक्दै संगीतमा रन्किए।

एकोहोरो संगीतको तालमा उफ्रँदै जाँदा पसिनाले निथ्रुक्कै भए पनि पुसको चिसो बिर्सिए। बेलुकाको चार बज्न थालेपछि भने डान्स फ्लोर भरिभराउ भयो। डान्सपारखीहरूको भीडले नाच्ने पालो पनि पर्खनुपर्ने अवस्था सिर्जना भयो। साँझ सात बजेसम्म जमेको डान्सपार्टीले लेकसाइडको चिसो वातावरण गर्मागर्म बनेको थियो। **तस्बिर : सुरज श्रेष्ठ**

## नयाँ वर्षमा झुम्यो पोखरा

पोखरा- अंग्रेजी नयाँ वर्षको आगमनसँगै स्वदेशी तथा विदेशी पर्यटकहरू पनि यहाँ त्यत्तिकै मात्रामा भित्रिएका छन्। पर्यटकहरूको आगमनले होटल व्यवसायीहरूलाई पनि राहतको अनुभव भैरहेको छ।

सरकारले रातिको ११ बज्दा-नबज्दै लेकसाइडका रेस्टुरा तथा डिस्को थेगहरू बन्द गराउने गरेको छ, तर सडक महोत्सवका अवसरमा भने लेकसाइडको वातावरण रातभर जागा रह्यो। यति मात्र होइन, क्लब प्याराडिसोमा पनि दिन नबिराई डान्सपार्टी भैरहेका छन्। नयाँ वर्षको स्वागत गर्दै तन्नेरी-तरुनीहरू रातभर जागा बसेर ठाउँ-ठाउँमा भएका रमाइला इभेन्टहरूमा सहभागी भए। यस पटक अघिल्लो वर्षभन्दा यहाँ धेरै इभेन्ट भए।

धेरै समयपछि पोखरा आएका गायक नवीन के भट्टराईले पनि पपपारखी पोखरेलीहरूलाई आफूसँगै झुमाए। लेकसाइडस्थित चिली बार एन्ड रेस्टुरेन्टमा भएको उनको लाइभ पर्फमेन्सले युवायुवतीहरूलाई राति अबेरसम्म झुमायो। नयाँ वर्षकै अवसरमा राजधानीबाट धेरै कलाकार पोखरा आए। लोकगायिका कोमल वलीले पनि यहाँ भएको कन्सर्टमा सहभागी भएर दर्शकहरूलाई उफारिन्। सांगीतिक कार्यक्रमको रमझमदेखि खानपिनसम्मको रमाइलोले अंग्रेजी नयाँ वर्षको वातावरण यहाँ निकै जम्यो।

# रकिङ रंगशाला

**साप्ताहिक समाचार**

काठमाडौं– प्रायः फुटबलका खेलाडीहरू भिड्दा हुटिङ गर्ने दर्शकहरूको स्वरूप शनिबार बदलिएको थियो। दशरथ रंगशालाको चौरमा दर्शक थिए भने प्यारापिटको छेवैमा बनाइएको मञ्चमा संगीतका खेलाडीहरू संगीतसँग खेल्दै दर्शकलाई नचाउन व्यस्त थिए। लोकप्रिय रक समूह १९७४ एडी, चर्चित गायकद्वय निमा रुम्बा र सविन राई अनि केही समययता युवा दर्शकको प्रिय भएको रक समूह माउन्ट ८८४८ त्यो दिन दशरथ रंगशालालाई 'रकिङ रंगशाला' बनाउने मुडमा थिए।





खाता खोल्यो माउन्ट ८८४८ ले 'बुढेसकालको लाठी', 'मस्की मस्की' आदि गीतहरू गाउँदै। घाम नलागेकाले त्यो दिन चिसो बढेको थियो। सम्भवतः त्यसैले पनि दर्शकहरू उफ्रेर आफूलाई तताउँदै थिए। गायक सविन राई आए। धरानका यी गायक देशविदेश सर्वत्र छरिएका नेपालीहरूबीच निकै लोकप्रिय छन् भन्ने एउटा प्रमाण त्यहाँ देखियो। उनका गीत दर्शकहरूसँगसँगै गाइरहेका थिए र नाच्दै पनि थिए। गायक निमा रुम्बा आफ्नो पुरानै शैलीमा देखा परे।

अति छोटो पारिएका उनको हेयर स्टाइल देखेर एक दर्शक भन्दै थिए- 'छेउमा अलिकति खाली धर्का बनाएको भए ठ्याक्कै गजनीकट।' उनले नाच्दै आफ्ना गीतहरू सुनाए। १९७४ एडीका सदाबहार 'रकिङ नम्बर'हरूले दर्शकलाई उफ्रन बाध्य नबनाउने कुरै भएन। धेरैपछि राजधानीमा आयोजित उक्त वृहद् कन्सर्ट 'रक मेनिया'ले दर्शकलाई धेरैपछि नाचेको नाच्यै पारिरह्यो। उक्त कन्सर्टको आयोजना नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघले गरेको थियो भने व्यवस्थापन एभीआई प्रोडक्सन एवं रितेश क्रिसले गरेका थिए।



# विजय भए इलाम तारा

● **विप्लव भट्टराई**

इलाम– चुनौतीपूर्ण सांगीतिक प्रतिस्पर्धाको उपाधि पश्चिमी इलामको दुर्गम सोयाक गाउँका युवाले हात पारेका छन्। शनिबार सम्पन्न निर्णायक प्रतिस्पर्धाबाट विजय फागो इलामका उदाउँदो प्रतिभाका रूपमा पहिचान बनाए। इलाम क्याम्पसमा सञ्चालित कार्यक्रमबीच उनलाई इलाम ताराको पगरी गुताइएको हो। निरन्तर सिमसिम पानीका बीच इलाम ताराको छनौट हुने भएकाले दर्शकको उपस्थिति उल्लेख्य थियो।

दोस्रोमा आए सोयाङका याम सुवेदी अनि नामसालिङका प्रकाश राई तेस्रो चुनिए। कल्पना राई र चन्द्रकला तामाङ पनि टप फाइभमा थिए। चार महिनाअघि सुरु भएको इलाम ताराको निर्णायक कार्यक्रममा दर्शकले पर्याप्त मनोरञ्जन मात्र लिएनन्, जिल्लाभरबाट छनौट भएर एउटा गायन प्रतिभा पनि पाए। गायक जगदीश समाल कार्यक्रम सकिनै लाग्दा आइपुगे पनि दर्शकको प्रशंसा बटुल्न पछि परेनन्। उनीसँगै आएका अर्का गायक भीषण मुकारुङले सांगीतिक जमघटलाई तताए।

स्थानीय युनिभर्सल म्युजिक स्कुल, इलाम कलाकेन्द्रलगायतको रोचक नृत्य प्रस्तुतिले पनि कार्यक्रममा मसला थपेको थियो। इलाम ताराको ताज पहिरन अन्तिम पाँचमा परेका कलाकारले तीन-तीनवटा गीत गाएका थिए।

सुरुमा दुईवटा एकल गीत र एउटा युगल गीत गाएर उनीहरूले अन्तिम परीक्षा दिएका थिए। स्थानीय सूर्योदय समाजले आयोजना गरेको प्रतियोगिताको विजेताले एउटा गीत रेकर्डका साथै नगद ८ हजार र थप पुरस्कार प्राप्त गरेका छन्। पहिलो पटक इलाममा आयोजित इलाम तारा छनौटका लागि २ सय १८ प्रतियोगीले प्रतिस्पर्धा गरेका थिए। इलाम ताराबाट नै पहिलो पटक मञ्चमा गाउने अभ्यास गरेका अधिकांश प्रतिस्पर्धीले समापनसम्म आइपुग्दा खारिएको प्रस्तुति दिएका थिए।

# क्रिसमसमा मस्त धरान

धरान- डान्स पार्टी भन्नेबित्तिकै हुरुक्क हुने धरानेहरूलाई यसपालि क्रिसमसको डान्सपार्टीले नचायो। बिहीबार निर्वाणा कन्ट्री क्लबमा आयोजित पार्टीमा डान्सरहरूको भीड निकै बाक्लो थियो। सार्वजनिक बिदा भएकाले पार्टीमा कर्मचारी, विद्यार्थी तथा व्यापारीहरूको पनि उपस्थिति थियो, गृहिणी, युवा र किशोर पुस्ता त छँदैछ। डान्सपार्टीको यो अवसर फोर्थ डाइमेन्सन युवा समूहले जुटाएको हो। क्रिसमस पार्टीमा १५ वर्षदेखि ४० वर्षसम्मका डान्स पारखी बियरको चुस्की लिँदै कम्मर मर्काइरहेका थिए।

उत्तेजित हुँदै नाच्नुको त बेग्लै मज्जा। सुरुमा युवाहरू साना समूहमा नाचिरहेका थिए। जब डिजे जिनाले रेश्मा सुनुवारको 'मै ठूली भै'छु रे' प्रस्तुत गरिन् तब सबै डान्सपारखी एकै ठाउँमा मिसिँदा भीड निकै ठूलो भएको थियो। साँझको पार्टीमा डिजे रास्पाले पनि नेपाली, हिन्दी र अंग्रेजी दुई दर्जन म्युजिक मिक्सिङ गर्दै पुसको जाडो अनुभव गर्न दिएनन्। राति ९



बजेसम्म पार्टी क्रेजीहरू आउने क्रम रोकिएको थिएन। पारखीहरू आफ्नो कलात्मक शरीरलाई संगीतको तालमा हल्लाइरहेका थिए भने कोही छेउमा उभिएर दृश्यावलोकन गरिरहेका थिए। तीन घण्टा ढिलो साँझ ६ बजे प्रारम्भ भएको पार्टीमा तात्तिएका डान्स क्रेजीहरूले रात छिप्पिँदै गएपछि भुइँमा झरेको शीतको समेत पत्तो पाएनन्।



# बाँके महिला क्रिकेटको राजधानी

● **रूपा गहतराज**

नेपालगन्ज- पहिले ब्याडमिन्टनका माध्यमबाट अघि बढेकी नेरी थापाले क्रिकेटमै आफ्नो भविष्य देख्न थालेकी छिन्। नेरी नेपाली महिला क्रिकेट टिमकी कप्तान हुन्। पुरुषको मात्र एकाधिकार रहेको क्रिकेट अहिले उनको अभिन्न अङ्गजस्तै बनेको छ। उनी क्रिकेटबिना आफ्नो जीवन अधुरो हुने बताउँछिन्। कुनै बेला क्रिकेट खेल मन नपराउने नेपालगन्जकी नेरी थापा अन्ततः क्रिकेटबाटै आफ्नो परिचय बनाउन सफल भएकी छिन्। पहिले मन नपर्ने क्रिकेट अहिले प्रिय बनेको छ। त्यसैले पनि नेपालगन्जका सात जना महिला क्रिकेटर सहभागी रहेको एसियाली क्रिकेट प्रतिस्पर्धामा उनको समूहले नेपाललाई फाइनलमा पुऱ्यायो।

मलेसियामा सम्पन्न एसियाली महिला क्रिकेटको फाइनलमा पुगेको नेपाली युथ महिला क्रिकेट टिमको नेतृत्व गर्ने थापा एसियाली क्रिकेट काउन्सिलको उत्कृष्ट महिला खेलाडीबाट सम्मानित हुने पहिलो खेलाडी पनि भइन्। नेपालगन्जवाट सुरु भएको महिला क्रिकेटले यति छिटै फड्को मार्नुमा थापा र उनको समूहको ठूलो योगदान छ।

आफ्नो टिमलाई मलेसियामा सम्पन्न एसीसी महिला क्रिकेटको फाइनलमा पुऱ्याएपछि थापा 'वेस्ट इमाजिङ एसियन वुमन क्रिकेटर अफ दि इयर'बाट पुरस्कृत भइन्। उनलाई पाकिस्तानको कराँचीमा एवार्ड प्रदान गरिएको थियो। थापाको नेतृत्वमा रहेको युथ-१९ राष्ट्रिय महिला टिमले चीन, हङकङ, थाइल्यान्ड र मलेसियालाई पराजित गरी फाइनलमा बंगलादेशसँग हारेको थियो।

खेल क्षेत्रमा पनि लैङ्गिक विभेद देखेकी नेरीले तीन वर्षमा प्राप्त गरेको यो सफलताप्रति राज्यले मौन साँधेको भन्दै चिन्ता व्यक्त गरिन्। थापा तथा उनको समूहलाई राष्ट्रिय- अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउन सहयोग गर्ने पूर्व कप्तान एल बी क्षेत्रीले खेलमा सामाजिक सुरक्षा र रोजगारीको सुनिश्चित नहुँदा उत्साहित खेलाडीहरूमा निराशा जाग्न थालेको बताए। क्षेत्रीले राष्ट्रिय खेलकुद परिषद् तथा क्रिकेट संघले महिला खेलाडीको विकासमा चासो नदिएको भन्दै क्षेत्र नम्बर-५ को अध्यक्षबाट राजीनामा दिएको बताए।

बाँके सीतापुरकी विनु बूढामगरले सोचेकी पनि थिइनन्, पुरुषले आधिपत्य जमाएको क्रिकेट आफैंले खेलेर देशको नाम अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन सकौंला भन्ने। घरमा आफ्ना दाजुभाइले टेलिभिजनमा क्रिकेट खेल हेर्दा काममा व्यस्त हुनुपर्ने विनु अहिले आफैं क्रिकेट खेलेर प्रशंसाको पात्र बन्न सकेकी छिन्।

टेलिभिजनमा क्रिकेट प्रतियोगिता हेर्न खोज्दासमेत यो केटीहरूले बुझ्ने खेल होइन भनेर पेच हान्नेहरू उनको खेल हेरेर प्रशंसा गर्छन्। 'रहर लाग्थ्यो, अरूले खेलेको खेल हेर्न खोज्दासमेत भनाइ खानुपर्थ्यो,' बिनु भन्छिन्- 'अहिले रहर पूरा गर्न पाएकोमा खुसी लागेको छ।' बिनु मात्र होइन, तीन वर्षअघि परिवारका सदस्यसँग डराई-डराई अभ्यास सुरु गरेकी शमशेरगन्जकी ममता पनि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा ओर्लिएकी छिन्। भर्खरै एसएलसी उत्तीर्ण ममता उच्च शिक्षामा पनि क्रिकेट खेल्ने अवसर पाउनुपर्ने धारणा राख्छिन्। ममताका अनुसार खेल र खेलाडीको सहभागिता बढाउन माध्यमिक विद्यालयदेखि नै क्रिकेट रोक्ने वातावरण तयार गर्नुपर्छ।' बाँके शमशेरगन्जकी ममता थापा अहिले क्रिकेटको अभ्यास गर्नकै लागि घर छोडेर बाहिर बस्दै आएकी छिन्।

क्रिकेटलाई पुरुषले मात्र खेल्ने खेल सम्झने ममता आफू महिला क्रिकेटर भएकोमा खुसी व्यक्त गर्छिन्। थापा भन्छिन्- पहिले रहर हुँदाहुँदै पनि अवसर नपाएकाले क्रिकेट खेल्ने सोच नै भएन। थापा बाँकेका धेरै प्रतियोगितामा सहभागी हुँदै अन्तर्राष्ट्रिय प्रतियोगितामा अझ राम्रो प्रदर्शन गर्न अभ्यासमा व्यस्त छिन्।

ममता र बिनु मात्र होइन, बाँकेमा महिला क्रिकेटको सुरुवात भएपछि थुप्रै युवती क्रिकेटप्रति आकर्षित भएका छन्। कोहलपुरको प्रस्तावित अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा नेपालगन्जको मंगलप्रसाद उच्च माध्यमिक विद्यालयको खेलमैदानमा महिला क्रिकेट खेलाडी सधैंजसो ब्याट र बल लिएर अभ्यासमा जुटेका हुन्छन्।

क्रिकेटलाई नै व्यावसायिक रूपमा अघि बढाउन चाहेका यी महिला खेलाडीहरूमा खेल्दै जाँदा बीचमै छोड्नुपर्छ कि भन्ने त्रास छ, क्रिकेटका हरेक प्रतियोगितामा राम्रो खेल प्रदर्शन गर्दै आएकी मनीषा रावल भन्छिन्- 'राज्यले अलिकति ध्यान पुऱ्याए महिला क्रिकेट फस्टाउने थियो।'

बाँकेमा तीन वर्षदेखि लगातार महिला क्रिकेट प्रतियोगिता हुँदै आएको छ। हरेक वर्ष हुने प्रतिस्पर्धा र मैत्रीपूर्ण खेलमा मैदानमा उत्रने यी महिलाहरूका लागि क्रिकेट खेल सजिलो भने छैन। पुरुषको वर्चस्व रहँदै आएको यो खेलमा महिलाका लागि अनेक समस्या छन्।

तीन वर्षदेखि लगातार प्रतिस्पर्धामा उत्रँदै आएकी कोहलपुरकी रावललाई मैदानमा जाने बेलामा अप्ठ्यारो लाग्छ। क्रिकेटमा महिला प्राविधिक नहुँदा महिला खेलाडीले यस्ता समस्या भोग्नुपरेको हो। 'खेल्न जाँदा प्राविधिकको सहयोगमा क्रिकेट प्याड लगाउनुपर्छ। यस्ता प्राविधिकहरू पुरुष भएकाले अप्ठ्यारो लाग्छ, मनिषा भन्छिन्- 'पुरुषसँग खुलेर समस्या भन्न पनि सकिँदैन।' महिला क्रिकेट विकासका लागि महिला प्राविधिक उत्पादन गर्नुपर्ने सुझाव उनीहरूको छ।

यी महिला क्रिकेट खेलाडीका लागि थप तालिम र सुविधा एवं पूर्वाधार विकासको आवश्यकता छ। क्रिकेटमा देखिएको यो उत्साहले हरेक तहमा महिला क्रिकेटलाई समावेश गर्नुपर्ने आवश्यकता औंल्याएको छ। सहरमा मात्र सञ्चालन हुँदै आएका क्रिकेट प्रतियोगितामा गाउँकै धेरै महिला खेलाडी सहभागी हुने गरेका छन्। सहरमा प्रतिस्पर्धा गराइँदा घर छोडेर सहर आउनुपर्ने बाध्यता उनीहरूको छ।

बाँकेका यी महिलाको उत्साहले अन्य महिलाहरूलाई पनि क्रिकेटप्रति आकर्षित गरेको छ। यिनै महिलाको उत्साहले सधैं पर्दाभित्र बस्नुपर्ने मुस्लिम समुदायका महिलाहरूसमेत क्रिकेट खेल्न हौसिएका छन्। सूर्योदय माध्यमिक विद्यालय, चिसापानीकी बब्बु बेगम त्यसको उदाहरण बनेकी छिन्। उनी घरको हौसला र विद्यालयको प्रेरणाले क्रिकेट खेलमा सहभागी हुँदै आएको बताउँछिन्। 'घरबाट बाहिर निस्कन नदिने समाजका लागि म उदाहरण बन्न चाहन्छु,' बब्बो भन्छिन्- 'मैले खेलेको देखेर अरू मुस्लिम महिला पनि मैदानमा आउन इच्छुक छन्।'

ममता, बिनु, बब्बो र मनीषा मात्र होइन अहिले बाँकेका दुई दर्जनभन्दा बढी महिला क्रिकेट खेलमा सहभागी हुँदै आएका छन्। विद्यालय स्तरीय प्रतियोगितासँगै बढ्दै गएको महिला क्रिकेट आकर्षणले खेलविकासमा लागेका निकायहरूमाथि पनि जिम्मेवारी थपिएको छ।

## बाँकेकी अलराउन्डर

'हातमा ब्याट लिएर मैदानमा उत्रँदाको रमाइलै अर्कै हुन्छ,'- बिनु बूढामगरले भनिन्– 'अर्जुनले चराको आँखालाई मात्र देखेजस्तै हामीले पनि बलरले फालेको बललाई ध्यान दिनुपर्छ, नत्र आउट !'

गत वर्ष मलेसियामा सम्पन्न पहिलो एसियाली महिला क्रिकेट प्रतियोगिताले नेपालि महिलाको क्षमतालाई दऱ्हो रूपमा प्रस्तुत गऱ्यो। त्यही प्रतियोगिताकै उत्कृष्ट खेलाडी चुनिएकी थिइन् बिनु। केटाहरूले खेल्ने चौरमा आजभोलि केटीहरू ब्याट समातेर अभ्यासमा जुटिरहेका हुन्छन्। उपत्यकामा जस्तो क्रिकेट अभ्यासका लागि कुनै एकेडेमी नभए पनि बाँकेमा महिला क्रिकेटको 'क्रेज' कम छैन। त्यसैले बिनु पनि क्रिकेटबाटै आफूलाई चिनाउने अभ्यासमा जुटेकी छिन्।

'सुरु-सुरुमा त हामीले खेलेको देखेर सबै छक्क पर्थे, केटीले क्रिकेट ? तर आजभोलि धेरैले प्रोत्साहन दिनुहुन्छ,' - त्यही प्रोत्साहनले पनि आफूलाई राम्रो खेल्न सघाउ पुऱ्याएको बिनुले बताइन्। हुन त उनी क्रिकेट मात्र होइन, फुटबल र एथलेटिक्समा पनि राम्रो दखल राख्छिन्। उनी पहिलो पटक २०६० सालमा विद्यालय स्तरमा हुने प्रतियोगिता वीरेन्द्र रनिङ शिल्डमा फुटबलको बुट लगाएर खेलमैदान छिरेकी थिइन्। त्यसपछि उनले खेलक्षेत्रका अन्य विधामा पनि पाइला राखिन्, त्यसमा पनि उनी सफल भइन्। उनले सहभागिता जनाएको कुनै स्पर्धामा खाली हात फर्कनुपरेन। यही क्षमताका कारण सोहीअनुसारको उपनाम पाएकी छिन् उनले– अलराउन्डर। आफूले पाएको नाममा गर्व गर्दै बिनुले भनिन्- 'मैले अझ राम्रो खेल्नुपर्छ।'

आफू खेलमा लाग्नुको कारण उनी आफ्नो बुबालाई मान्छिन्- 'मेरो बुबा फुटबल खेल्नुहुन्थ्यो, उहाँकै कारण खेलमा रुचि जाग्यो।' बुबाका कारणले खेल्न थाले पनि अब खेल उनको जीवनको एउटा पाटो बनिसकेको छ। विभिन्न खेल खेले पनि उनलाई क्रिकेट विशेष मनपर्छ। 'म अरूभन्दा क्रिकेट नै बढी मन पराउँछु,'- उनले भनिन्। बिनुलाई किन क्रिकेटले बढी आकर्षित गऱ्यो त ? उनको जवाफ यस्तो थियो- 'अहिले क्रिकेट बढी खेलिन्छ र यसको 'स्कोप' पनि राम्रो छ, त्यसैले।' सानै उमेरदेखि राम्रो खेलेकै कारण नेपालगन्जको एन्जल्स बोर्डिङ स्कुलले उनलाई कक्षा दससम्मको छात्रवृत्ति प्रदान गरेको थियो।



उनले नियमित प्रशिक्षण र आधारभूत सामग्री पूर्ण भए मात्र खेलाडीको स्तर वृद्धि हुने भएकाले बाहिर जिल्लामा पनि निरन्तर प्रतियोगिता र प्रशिक्षणका कार्यक्रम गर्नुपर्ने खाँचो औंल्याइन्- 'हामीले बढी खेल्ने मौका पायौं भने बढी सिक्ने भएकाले काठमाडौंबाहिर पनि प्रतियोगिता गराइरहनुपर्छ।' तर धेरै सम्भावना हुँदाहुँदै पनि त्यसलाई वास्ता नगरिएकोमा उनको गुनासो छ। 'अन्तरविद्यालय र अन्तरक्याम्पस प्रतियोगिता निरन्तर गराइरहने हो भने धेरै राम्रा खेलाडी उत्पादन हुन्छन् तर यस विषयमा कसैले नसोचे जस्तो लाग्छ,' -उनले भनिन्।

खेल आफ्नो रुचिभित्र परे पनि उनलाई ब्रिटिस आर्मी हुने रहर छ। 'खेल्छु तर पेसाकै रूपमा रोज्ने हो भने ब्रिटिस आर्मी मनपर्छ,'- उनले थपिन्– 'खेलमा पनि बढी अवसर र सुविधा हुने हो भने त खेललाई नै पेसाको रूपमा अघि बढाउँथे।' बिनुले खेललाई भने नछाड्ने बताइन्- 'मैले अर्कै पेसा रोजेर के हुन्छ र ? खेल्न भने छोड्दिनँ, जहिलेसम्म सक्छु, खेल्छु।'

**–शिला पाण्डे**



# टेनिसमा सर्वियाको उदय

सन् २००८ मा सम्पन्न चारवटा ग्र्यान्डस्ल्याम प्रतियोगितामध्ये स्पेनका राफल नाडालले आफ्नो पक्षमा दुईवटा ग्र्यान्डस्ल्याम हात पारे भने महिला एकलतर्फ भने मिश्रित परिणाम देखियो । वर्षको पहिलो ग्र्यान्डस्ल्याम प्रतियोगिता अस्ट्रेलियन ओपनको पुरुष एकलतर्फको उपाधि सर्वियाका नोभाक जोकोभिचले हात पारेर पुरुष टेनिसको क्षेत्रमा नयाँ आशा सिर्जना गरे । सन् २००७ को अमेरिकन ओपनको फाइनलमा पुगेर पुरुष टेनिसको क्षेत्रमा आफ्नो आगमन प्रस्तुत गरेका नोभाकले टेनिस खेलमा आठवटा उपाधि हात पारे ।

सन् २००५ देखि रातो माटोको कोर्टमा हुने फ्रेन्च ओपन जित्दै आएका स्पेनका राफेल नाडालले यो वर्ष पनि उक्त उपाधिमाथि वर्चस्व कायम राखे । फ्रेन्च ओपन जितेर चारवटा ग्र्यान्डस्ल्याम उपाधि हात पारेका नाडालले विम्बल्डनमा फेडेररलाई पराजित गरी उनको विम्बल्डनमा रहेको एकछत्र विजययात्रालाई भंग गरे । घाँसको कोर्टमा हुने एक मात्र ग्र्यान्डस्ल्याम प्रतियोगिता विम्बल्डनमा फेडेररले सन् २००३ देखि २००७ सम्म लगातार सफलता पाउँदै आएका थिए । विम्बल्डनको विजय यात्रालाई नाडालले रोके पनि फेडेररले अमेरिकी ओपनमा राख्दै आएको वर्चस्वलाई भने यो वर्ष निरन्तरता दिए । फेडेररले सन् २००४ देखि अमेरिकी ओपनमा सफलता पाउँदै आएका छन् । सफलतम टेनिस खेलाडीका रूपमा प्रस्तुत भएका फेडेररले यो सफलतामार्फत आफ्नो ग्र्यान्डस्ल्याम करिअरमा १३ औं सफलतासमेत पाए ।

यो वर्ष महिला टेनिसमा सर्वियाकी एना इभानोभिचको उदय भयो । वर्षको पहिलो ग्र्यान्डस्ल्यामको फाइनलमा पराजित भएकी एनाले फ्रेन्च ओपनमा रूसकी डिनारा साफिनालाई पराजित गरेर पहिलो पटक ग्रान्डस्ल्याम उपाधि हात पारिन् । वर्षको पहिलो ग्र्यान्डस्ल्याम अस्ट्रेलियन ओपन जितेर रूसकी मारिया सारापोभाले आफ्नो ग्र्यान्डस्ल्याम क्यारियरमा तेस्रो सफलता हात पारिन् । अमेरिकी ओपनमा सरिना विलियमले जेलिना जान्कोभिचलाई पराजित गरी नवौं एकल ग्र्यान्डस्ल्याम उपाधि हात पारिन् । विम्बल्डन प्रतियोगितामा भने सरिना आफ्नै दिदी भेनस विलियमद्वारा पराजित भइन् ।



# क्रिकेटमा ठूला प्रतियोगिता कम

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) अन्तर्गत सन् २००८ मा क्रिकेटका विभिन्न प्रतियोगिता आयोजना भए । आईसीसीको कार्यक्रमअनुसार यो वर्ष पाकिस्तानमा आईसीसी च्याम्पियनशिप हुनुपर्ने थियो, तर पाकिस्तानमा जारी हिंसाको कारण देखाई केही सहभागी राष्ट्रले प्रतियोगिता नखेल्ने जनाएपछि यो प्रतियोगिता सन् २००९ सम्मका लागि स्थगित भएको छ ।

यो वर्ष विश्वस्तरको प्रतियोगिता १९ वर्षमुनिको विश्वकप मात्र आयोजना भयो । मलेसियामा भएको यो प्रतियोगितामा नेपाल लगायत १६ राष्ट्रले सहभागिता गरेका थिए । प्रतियोगितामा भारतले दक्षिण अफ्रिकालाई डकवर्थ लिविस्का आधारमा १२ रनले पराजित गर्दै उपाधि हात पारेको थियो ।

यसै वर्ष पाकिस्तानमा एसिया कप सम्पन्न भयो । यो प्रतियोगिताको फाइनलमा श्रीलंकाले भारतलाई १ सय रनले पराजित गरी उपाधि हात पाऱ्यो । यसै वर्ष दक्षिण अफ्रिकामा 'आईसीसी इन्टर कन्टिनेन्टल कप' प्रतियोगिता सम्पन्न भयो । टेस्ट खेलको मान्यता नपाएका ८ राष्ट्रले सहभागिता गरेको यो प्रतियोगिताको उपाधि नामिबियालाई पराजित गर्दै आयरल्याण्डले हात पाऱ्यो । सन् २००८ मै भारतले महत्त्वाकांक्षी क्रिकेट परियोजनाका रूपमा इन्डियन प्रिमियर लिग प्रतियोगिता सञ्चालन गऱ्यो ।

# बिट्रिस गोर्खा कप सम्पन्न

काठमाडौं– दोस्रो बिट्रिस गोर्खा कप फुटबल प्रतियोगिताको उपाधि मण्डला सेभिङ एन्ड क्रेडिट कोअपरेटिभले उचालेको छ । ललितपुरको सातदोबाटोस्थित एन्फा मैदानमा सञ्चालित उक्त प्रतियोगिताको उपाधि जित्दै मण्डलाले १ लाख नगद हात पाऱ्यो । त्यस्तै, उपविजेता टिमले ५० हजार नगद हात पाऱ्यो ।

गत शुक्रबार भएको फाइनल खेलमा मण्डलाले गोर्खा वित्तीय संस्था र जनमुक्ति बहुद्देश्यीय को-अपरेटिभको संयुक्त टिमलाई पराजित गर्दै उपाधि जितेको हो । निर्धारित ७० मिनेटको खेलमा मण्डलाका लागि कप्तान दीपक लामाले २ गोल गरेका थिए । त्यस्तै मण्डलाका लागि राजु बोगटीले गोल थपेका थिए भने वासुदेव अवालेले अर्को गोल गरेका थिए । बिट्रिस गोर्खा ग्रुपको आयोजनामा गत वर्षदेखि वार्षिक रूपमा आयोजना हुँदै आएको प्रतियोगितामा यसै वर्षदेखि नगद पुरस्कार थप गरिएको आयोजकहरूले जनाएका छन् ।

बिट्रिस गोर्खा समूह सदस्य संस्थाबीच भएको खेलमा उपकार सेभिङ तेस्रो स्थान हात पारेको थियो । १३ वटा टिमले प्रतिस्पर्धा गरेको प्रतियोगितामा कुमारी सेभिङका नुनम सुब्बा उत्कृष्ट खेलाडी घोषित भए । सोही टिमले अनुशासित टिमको उपाधि पनि जित्यो । प्रतियोगिता अवधिभर ८ गोल गरेका मण्डलाका दीपकले सर्वाधिक गोलकर्ताको उपाधि पाए ।

शिव मुखिया

# उपाधि सिद्धार्थ इन्टरनेसनलाई

वीरगन्ज– पूर्वप्रधानमन्त्री टंकप्रसाद आचार्यको स्मृतिमा वीरगन्जमा सञ्चालित टंकप्रसाद आचार्य स्मृति फुटबल प्रतियोगिताको उपाधि सिद्धार्थ इन्टरनेशनल कलेज, वीरगन्जले चुमेको छ । वीरगन्जको नारायणी रंगशालामा शनिबार सम्पन्न प्रतिस्पर्धात्मक फाइनलमा सिद्धार्थले हरि खेतान क्याम्पस वीरगन्जलाई २-१ ले हराउँदै उपाधि हात पारेको हो ।

पहिलो गोल सिद्धार्थका अरुण चौधरीले खेलको तेस्रो मिनेटमै गरेर आफ्नो कलेजलाई अग्रता दिलाएका थिए । दोस्रो गोल खेलको १० औं मिनेटमा सिद्धार्थका अनिल चौधरीले गरेका थिए भने हरि खेतानका उमेश चौधरीले खेलको २५ औं मिनेटमा गोल गरी खेललाई प्रतिस्पर्धात्मक बनाएका थिए ।



फाइनल खेलको उत्कृष्ट खेलाडी सिद्धार्थ इन्टरनेसनलका अनिल चौधरी र उत्कृष्ट डिफेन्स पनि सिद्धार्थकै अरुण चौधरी घोषित भएका थिए । प्रतियोगितामा पर्सा र बाराका आठ कलेज तथा उच्च मा.वि.हरू सहभागी थिए ।

– शंकर आचार्य





विक्रम राई

## • प्रसंग कतिपय •

'क्या हो सर ! आजभोलि मेरो बारेमा लेख्न छाड्नुभयो नि किन हो ?' जीपीले कफी पिउँदै मतिर हेरेर भने । आश्चर्य आज उनीसँग सुष नभै अर्कै सुन्दरी टाँस्सिएर बसेकी थिइन् । जीपीले गराएको परिचयअनुसार उनको नाम बन्दु रहेछ । चरिकोटबाट दुई वर्षअघि राजधानी छिरेकी बन्दु बानेश्वरको सडकमा हिँड्दा-हिँड्दै जीपीसँग सडकप्रेम गर्न भ्याई आजकाल क्याफे

**निकै बेर मस्तसँग नाचियो, मोटो कम्मर मर्काई-मर्काई नाचियो। नेपाली लोक नाच, अंग्रेजी डिस्को धुन र हिन्दी रिमिक्स गीतको फ्युजनमा नाचियो। बाऱ्ह बज्ने बेलामा काउन्ट डाउनको क्रम चलिरहेको थियो। दुई चिर-परिचित अनुहार मेरो अगाडि उभिन आइपुगे।**

प्रेमतिर लम्किएकी कुरा पनि त्यहीं थाहा भयो । त्यसो त काठमाडौं खाल्डोमा एकै दिनमा कैयौं प्रेम हुन्छ र कैयौंको ब्रेक-अप पनि हुने गरेको छ । त्यसैले आज सुषको सट्टा जीपीसँग बन्दु फेला परिन् । त्यहाँ जीपीसँग फिस्स हाँसेर औपचारिकता निर्वाह गर्दै म कुनाको टेबलतिर लन्चका लागि पसें ।

तर किन हो किन, शरीर पोल्यो, छटपटी भयो भने अनि मनले थाम्न सकेन । करिब आधा घण्टाको कफी प्रेम र वार्तालाप सकेपछि उनीहरू त्यहाँबाट निस्कनेबित्तिकै मैले सुषलाई हालचाल सोध्ने हिसाबले एसएमएस गरे । 'हाउ आर यू ?' भनी पठाएको म्यासेजको रिप्लाइमा केही बेरपछि उनको 'गुड गोइङ' लेखिएको एसएमएस आयो । गजब रहेछ, प्रेम र प्रेमी अर्कोले खोस्दा पनि 'गुड गोइङ' हुँदो रहेछ । मन तीतो र खिन्न भयो । महिलाहरू दुःख खप्न सिपालु हुन्छन् भन्ने सत्य थाहा भएकाले, मनलाई दऱ्हो बनाएँ । 'हैन, तिमीसँग भेट्नु छ' लेखेर पठाएको म्यासेजको जवाफमा उनले भोलिपल्ट त्यही क्याफेमा बोलाइन् । वास्तवमा म उनलाई भेटेर सान्त्वना दिन चाहन्थें, विरहका शब्दहरू सुनाउन चाहन्थें, दुःखका गीतहरू उपहार दिन चाहन्थें । आखिर मेरो लेखनको हौसला र प्रेरणा जीपी र सुष नै थिए । यी दुई चरित्रले सधैं मलाई ऊर्जा प्रदान गरेका थिए । के गर्ने, सबै चकनाचुर भयो ।

भोलिपल्ट समयअगावै क्याफे पुगें । चहलपहल अस्तिजस्तै छ । फरक यति मात्र छ कि म भारी मन लिएर सुषलाई पर्खिरहेको छु । केही बेरमै सुष आइपुगिन् । मोटरसाइकलको पछाडि बसेर आउने सुष नै थिइन् तर चलाउने अपरिचित हेन्डसमलाई चिन्न सकिन् । 'ओहो सर नमस्कार !, मिट माई ब्वाई फ्रेन्ड रवि' भन्दै उनी मेरो नजिक बसिन् । सुषले भनेको 'गुड गोइङ' को अर्थ मैले बल्ल बुझें । मेरा प्रश्नहरू नझर्दै सायद मेरा आँखा पढेर होला, उनले आफैं जीपीसँगको प्रसंग भन्न थालिन् । 'सर, उसले मलाई धोका दिएपछि मात्र मैले रविलाई ब्वाइफ्रेन्ड बनाएकी हुँ । जीपीले मेरो प्रेम र विश्वासलाई धोका दियो । सबै थाहा हुँदाहुँदै पनि रविले मलाई सहारा दियो । नत्र म पागल हुन्थें ।' -सुष सफाई दिन थालिन् । सुषप्रतिका सान्त्वना र ढाडसका शब्दहरू आफैं बिलाएर गए । शायद उनी एक्ली र निराश अवस्थामा मैले उनलाई भेटेको भए, म कति दुःख र वेदनाका शब्दहरू व्यक्त गर्थे होला ? यस्तै कल्पना गर्दै केही बेरको गफ पछि हामी बिदा भयौं ।

आज न्यू इयर इभ । भोलिदेखि अंग्रजी वर्ष-२००९ प्रारम्भ हुँदैछ । 'उफ फेरि मिस कल' म बरबराउन थाल्छु । 'ओहो, माइला किन मिस कल गऱ्यौ ?' मैले फोनमा झोक्किदै प्रश्न गरे । 'ए सर आज इभ हो, जाऊ डिस्कोमा ।' माइलाले आशाका साथ भन्यो । जीपी र सुषको प्रसंगले दुःखित भएको मनलाई केही बेर भए पनि फ्रेसनेस दिने हिसाबले म माइलासँग डिस्को पार्टीमा पुगे । निकै बेर मस्तसँग नाचियो, मोटो कम्मर मर्काई-मर्काई नाचियो । नेपाली लोक नाच, अंग्रेजी डिस्को धुन र हिन्दी रिमिक्स गीतको फ्युजनमा नाचियो । बाऱ्ह बज्ने बेलामा काउन्ट डाउनको क्रम चलिरहेको थियो । दुई चिर-परिचित अनुहार मेरो अगाडि उभिन आइपुगे । ड्याङ्ग आवाजका साथ 'ह्याप्पी न्यू इयर-२००९' को ठूलो स्वरले स्वागत गर्दै मेरो अगाडि जीपी र सुष देखा परे । ओहो क्या गजब भयो भन्दै म न्यू इयरको फर्स्ट डे को फर्स्ट मिनेटमा ट्वाल्ल परेर उनीहरूतिर अवाक भै हेर्न थाले । जीपी र सुषले मलाई देख्नेबित्तिकै फेरि उनीहरूबीच 'टाइ अप' भयो भन्ने कुरा चर्को म्युजिकबीच कराउँदै जानकारी दिए । डिजेले बजाएको चर्को धुनमा चिच्चाई-चिच्चाई यी दुई जना 'इट्स द टाइम फर डिस्को' भन्दै नाच्न थाले । कस्तो गजब ? यिनीहरूको 'गजनी' को जस्तो 'सर्ट टर्म मेमोरी लस्ट' भएको । अब म फेरि मेरा सान्त्वना, ढाडस र विरहका दुई-चार शब्द लिएर रवि र बन्दुको खोजीमा लागेको छु ।

prasangakatipaya@hotmail.com


Computer Hardware & Networking

TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)

Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others

बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि



Computer: Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)

Osish Language & Computer Center (OLC)

New Baneshwor: Tel: 016217094 | Adwait Marg Old Buspark: Tel: 4232866 | Lagankhel: Tel: 5004018

होटल तालीम

छुटमा (%)

★Cook ★Waiter ★Bakery ★Housekeeping ★Front Office ★Bartender ★Coffee making ★Hotel Mgmt ★F & B Mgmt ★Airlines Ticketing ★Tour & Travel Mgmt ★Care giver

International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)

ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.

नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)

फोन नं: ४४९३८०१, २०८२७३१

(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

Worldwide Valid Certificate

होटल तालिम

चार वर्ष पुगेको अवसरमा विशेष छुट

▶ कुक १ १/२ महिना रू. २७००/-

▶ कुक ३ महिना रू. ३७००/-

▶ वेटर र बारमेन रू. १३००/-

१. 5 star होटलका सेफद्धारा सञ्चालित ।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने ।
३. तालिमपछि दुबई, बहराइन, कतार पठाइने ।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस ।

माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर

चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै

Ph:016212336,9841812055


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।